# सम्पत्तिमाथि महिलाको पहुँच

(कञ्चनपुर जिल्लाको बेलौरी नगरपालिका वडा नं. १० को समाजशास्त्रीय एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयको
स्नातकोतर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता
परिपूर्ति गर्नका लागि प्रस्तुत गरिएको
शोधपत्र

प्रस्तुतकर्ता

महेश्वरी हमाल
परीक्षा रोल्नं. १९२८५८०४
त्रि. वि. दर्ता नं. ६-२-०४६४-००७१-२०१५

त्रिभुवन विश्वविद्यालय
समाजशास्त्र केन्द्रीय विभाग
कीर्तिपुर, काठमाण्डौ
२०८०

**त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय**

**सामाजशास्त्र केन्द्रीय विभाग**

**किर्तिपुर, काठमाण्डौ**

**सिफारिस पत्र**

त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोतर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपूर्ति गर्नका लागि महेश्वरी हमालले **"सम्पत्तिमाथि महिलाको पहुँच"** शिर्षकको शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नुभएको छ। उहाँको कार्यप्रति म सन्तुष्ट छु। प्रस्तुत शोधपत्रलाई आवश्यक मुल्याङ्कनको लागि सिफारिस गर्दछु।

................................

उप-प्रा. पेम चलाउने

मिति २०८०/ /

(शोधनिर्देशक)

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

किर्तिपुर, काठमांडौ

**त्रिभुवन विश्वविद्यालय समाजिकशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रिय  विभाग**

**कीर्तिपुर, काठमान्डौ**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय समाजिकशास्त्र समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता पूर्तिको लागि महेश्वरी हमालले **"सम्पत्तिमाथि महिलाको पहुच"** शिर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

.............................

विभागीय प्रमुख

सह-प्रा.डा. युवराज लुइटेल

...................................

शोधनिर्देशक

उप- प्रा.प्रेम चलाउने

..................................

बाह्य निरीक्षक

राम बहादुर के.सी

मितिः २०८०/   /

# कृतज्ञता ज्ञापन

शोधपत्र तयार पार्ने क्रममा आफ्नो  अमूल्य समय उपलब्ध गराई उपयुक्त निर्देशन, सल्लाह, सुझाव, प्रेरणा र हौसला दिनुहुने मेरा शोध निर्देशक त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभागका प्राध्यापक गुरु प्रेम चलाउने ज्यू प्रति हृदय देखि नै आभार व्यक्त गर्दछु ।

शोध तथा अध्ययन गर्ने अवसर प्रदान गरेकोमा समाजशास्त्र केन्द्रीय विभाग तथा केन्द्रीय विभागका विभागिय प्रमूख सह- प्रा.डा. युवराज लुइटेल ज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । शोध पत्रलाई मुल्याङ्कन गरी अन्तिम निर्णय गरिदिनुहुने गुरु राम बहादुर के.सी ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

आफ्नो व्यस्त समय तथा विभिन्न अवस्थाको बाबजुत पनि आफ्नो अमूल्य समय उपलब्ध गराई सहयोग गर्नुहुने बेलौरी नगरपालिका वडा नं. १० का सम्पुर्ण उत्तरदाताहरु महिलाहरुलाई हार्दिक आभार तथा कृतज्ञता ज्ञापन प्रकट गर्दछु । साथै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गनुहुने अध्ययन क्षेत्रका मान्यजन व्यक्तिहरु लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

शोधपत्र पुरा गर्न तथा यो स्थानसम्म पुर्याउनका लागी आवश्यक सल्लाह, सहयोग तथा हौसला प्रदान गर्नुहुने मेरी पुजनिय आमा कलावती हमाल र आदरणीय दाई राजेश हमाल प्रति हृदय देखी हार्दिक आभार व्यक्त गर्दछु । यसका साााथै आवश्यक सल्लाह सुझाव प्रदान गर्नुहुने मेरा सहपाठी साथीहरु, त्रि.वि केन्द्रिय पुस्तकालय लाई पनि धन्यवाद अर्पण गर्दछु ।

अन्तिममा यस शोधपत्रलाई मिलाएर प्रिन्ट गरि सहयोग गरिदिनु हुने  दाई राजाराम ज्यु लाई हृदय देखीनै हार्दिक आभार व्यक्त गर्दछु ।

**महेश्वरी हमाल**

# विषय सूची


| | पृष्ठ संख्या |
|---|---|
| **सिफारिस पत्र** | **क** |
| **स्वीकृति पत्र** | **ख** |
| **कृतज्ञता ज्ञापन** | **ग** |
| **विषय सूची** | **घ** |
| **तालिका सूची** | |
| **अध्याय एक : परिचय** | **१-११** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको उदेश्य | ९ |
| १.४ अध्ययनको महत्व | ९ |
| १.५ अध्ययनको संगठन | १० |
| **अध्याय दुई : सन्दर्भ साहित्यको पुनरावलोकन** | **१२-२९** |
| २.१ सैद्धान्तिक दृष्टिकोण | १२ |
| २.२ नारीवादी दृष्टिकोण | १८ |
| २.२.१ उदार नारीवाद | १९ |
| २.२.२ आमुल नारीवाद | १९ |
| २.२.३ मार्क्सवादी नारीवाद | २० |
| २.३ बिश्वका महिलाको सम्पत्तिमा पहुच | २१ |
| २.३.१ भारत | २१ |
| २.३.२ चीन | २२ |
| २.३.३ श्रीलंका | २३ |
| २.३.४ फिलिपिन्स | २४ |
| २.३.५ नेपाल | २४ |
| २.४ महिला अधिकारका सिद्धान्त र वास्तविक अभ्यासहरु | २५ |
| २.५ अवधारणागत संरचना | २९ |

**अध्याय तिन : अनुसन्धान विधी** **३०-३४**
३.१ अध्ययन क्षत्रको छनौट ३०
३.२ अनुसन्धान ढाचा ३०
३.३ तथ्यांक संकलनका स्रोत ३१
३.३.१ प्राथमिक स्रोत ३१
३.३.२ द्धितिय स्रोत ३१
३.४ नमुना छनौट प्रक्रिया ३२
३.५ तथ्याङ्क संकलनका विधिहरू ३२
३.५.१ अन्तरवार्ता ३२
क) संरचनात्मक अन्तरवार्ता ३२
३.५.२ समूह छलफल ३३
३.६ अध्ययनको विश्वसनियता ३३
३.७ तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण ३४
३.८ अध्ययनको सिमा ३४
**अध्याय चार : भौगोलिक तथा सामाजिक आर्थिक अवस्था** **३५-४३**
४.१ भौगोलिक अवस्था ३५
४.२ सामाजिक-आर्थिक अवस्था ३५
४.२.१ उत्तरदाताको वैवाहिक अवस्था ३६
४.२.२ धर्म समुह ३६
४.२.३ उत्तरदाताको पेशा ३७
४.२.४ उत्तरदाताको उमेर समुह ३८
४.२.५ जातजातिको विवरण ३८
४.२.६ उत्तरदाताको शैक्षिक अवस्था ३९
४.२.७ उत्तरदाताको पिता/पतिको शैक्षिक अवस्था अनुसार विवरण ४०
४.२.८ कृषिकार्यमा महत्वपुर्ण भुमिका ४१
४.२.९ परिवारको निर्णय अधिकार ४२
४.२.१० पारिवारिक आम्दानी तथा खर्च राख्ने निर्णय ४२

**अध्याय पाच : महिलाको सम्पतिमा पहुच तथा अधिकार सम्बन्धी धारणा** **४४-५५**
५.१ जातिगत आधारमा सम्पत्तिको पहुच बढी पाउने महिला ४४
५.२ पैतृक सम्पत्तिमा महिलाको पहुच सम्बन्धि धारणा ४५
५.२.१ शैक्षिक अवस्था अनुसार धारणा ४५
५.२.२ उमेर समुह अनुसार धारणा ४६
५.३ कानुनी स्वामित्व बारे जानकारीको अवस्था ४७
५.३.१ जातजाति अनुसार सम्पत्तिमा स्वामित्व बारे जानकारी ४८
५.३.२ वैवाहिक अवस्था अनुसार सम्पत्तिको कानुनी स्वामित्वबारे जानकारी ४८
५.४ पति-पत्नीको सम्पतिमा बराबर पहुच सम्बन्धी धारणा ४९
५.४.१ शैक्षिक अवस्था अनुसार विवरण ५०
५.४.२ जातजाती अनुसार धारणा ५१
५.५ समान सम्पत्तिको पहुचले श्रीमान-श्रीमतिको सम्बन्धमा पार्ने प्रभाव सम्बन्धि धारणा ५२
५.५.१ उमेरसमुह अनुसार विवरण ५२
५.५.२ जातजाती अनुसार विवरण ५३
५.६ उत्तरदाताको सम्पत्तिको किसिम र प्राप्त गरेको स्रोत ५४
**अध्याय छ : सामाजिक प्रभाव** **५६-७०**
६.१ समान सम्पत्तिको पहुचले महीला सशक्तिकरणमा पार्ने प्रभाव ५६
६.१.१ जातजाति अनुसार महिला सशक्तिकरणमा पार्ने प्रभाव ५६
६.१.२ शैक्षिक अवस्था अनुसार महीला सशक्तिकरणमा पार्ने प्रभाव ५७
६.२ समान सम्पत्तिको पहुचले पारिवारिक सम्बन्धमा पार्ने प्रभाव ५८
६.२.१ जातजाति अनुसार विवरण ५९
६.२.२ शैक्षिक अवस्था अनुसार विवरण ६०
६.३ पैतृक सम्पत्तिको समान पहुचले दाजुभाइ-दिदीबहिनीको सम्बन्धमा पार्ने प्रभाव ६१
६.३.१ उमेर समुह अनुसार धारणा ६१
६.३.२ शैक्षिक अवस्था अनुसार धारणा ६२
६.४ समान सम्पत्तिको अधिकारले लैंगिक भेदभावमा पार्ने प्रभाव ६३
६.४.१ उमेर समुह अनुसार धारणा ६३

६.४.२ शैक्षिक अवस्था अनुसार धारणा ६४

६.५ छोरा-छोरीमा सम्पतिको बराबर अधिकार दिन चाहने नचाहने बारे विवरण ६६

६.५.१ शैक्षीक अवस्था अनुसार विवरण ६६

६.६ महिलाका लागि सबैभन्दा महत्वपुर्ण कुरा ६७

६.७ सम्पत्तिमा पहुच नहुनुको प्रमुख बाधक तत्व ६८

६.८ जमीन किन्ने र बेच्ने अधिकार ६९

६.८.१ जातजाती अनुसार विवरण ६९

**अध्याय सात : सारांश, निष्कर्ष** **७१-७५**

७.१ सारांश ७१

७ .२ निष्कर्ष ७४

**संदर्भसुची**

**प्रश्नावली**

**चेकलिस्ट**

# तलिका सूची


तालिका नंबर ४.१ उत्तरदाताको वैवाहिक अवस्था अनुसार विवरण ३६

तालिका नंबर ४.२ धर्मको आधारमा विवरण ३७

तालिका नं ४.३ उत्तरदाताको पेशा ३७

तालिका नंबर ४.४ उत्तरदाताको उमेर समुह ३८

तालिका नंबर ४.५ जातजातिको विवरण ३९

तालिका नंबर ४.६ उत्तरदाताको शैक्षिक अवस्था ३९

तालिका नं ४.७ उत्तरदाताको पिता/पतिको शैक्षिक अवस्था अनुसार विवरण ४०

तालिका नंबर ४.८ कृषिकार्यमा महत्वपुर्ण भुमिका ४१

तालिका नंबर ४.९ परिवारको निर्णय अधिकार ४२

तालिका नंबर ४.१० पारिवारिक आम्दानी तथा खर्च राख्ने निर्णय ४३

तालिका नंबर ५.१ जातिगत आधारमा सम्पत्तिको पहुच बढी पाउने महिला ४४

तालिका नंबर ५.२ पैतृक सम्पत्तिमा महिलाको पहुच सम्बन्धी शैक्षिक अवस्था अनुसार धारणा ४६

तालिका नंबर ५.३ पैतृक सम्पत्तिमा महिलाको पहुच सम्बन्धी उमेर समुह अनुसार धारणा ४७

तालिका नंबर ५.४ जातजाति अनुसार सम्पत्तिमा स्वामित्व बारे जानकारी ४८

तालिका नंबर ५.५ वैवाहिक अवस्था अनुसार सम्पत्तिको कानुनी स्वामित्वबारे जानकारी ४९

तालिका नंबर ५.६ पति-पत्नीको सम्पतिमा बराबर पहुच सम्बन्धि शैक्षिक अवस्था अनुसार विवरण ५०

तालिका नंबर ५.७ पति-पत्नीको सम्पतिमा बराबर पहुच सम्बन्धि जातजाति अनुसार धारणा ५१

तालिका नंबर ५.८ समान सम्पत्तिको पहुचले श्रीमान-श्रीमतिको सम्बन्धमा पार्ने प्रभाव सम्बन्धि उमेरसमुह अनुसार विवरण ५२

तालिका नंबर ५.९ समान सम्पत्तिको पहुचले श्रीमान-श्रीमतिको सम्बन्धमा पार्ने प्रभाव सम्बन्धि जातजाती अनुसार विवरण ५३

तालिका नंबर ५.१० सम्पत्तिको किसिम र प्राप्त गरेको स्रोत ५४
तालिका नंबर ६.१ जातजाति अनुसार महिला सशक्तिकरणमा पार्ने प्रभाव ५७
तालिका नंबर ६.२ शैक्षिक अवस्था अनुसार महिला सशक्तिकरणमा पार्ने प्रभाव ५८
तालिका नंबर ६.३ समान सम्पत्तिको पहुचले पारिवारिक सम्बन्धमा पार्ने प्रभावको जातजाति अनुसार विवरण ५९
तालिका नंबर ६.४ शैक्षिक अवस्था अनुसार समान सम्पत्तिको पहुचले पारिवारिक सम्बन्धमा पार्ने प्रभाव ६०
तालिका नंबर ६.५ उमेर समुह अनुसार पैतृक सम्पत्तिको समान पहुचले दाजुभाइ-दिदीबहिनीको सम्बन्धमा पार्ने प्रभाव ६१
तालिका नंबर ६.६ शैक्षिक अवस्था अनुसार पैतृक सम्पत्तिको समान पहुचले दाजुभाइ-दिदीबहिनीको सम्बन्धमा पार्ने प्रभाव ६२
तालिका नंबर ६.७ उमेर समुह अनुसार समान सम्पत्तिको अधिकारले लैंगिक भेदभावमा पार्ने प्रभाव ६४
तालिका नंबर ६.८ शैक्षिक अवस्था अनुसार समान सम्पत्तिको अधिकारले लैंगिक भेदभावमा पार्ने प्रभाव ६५
तालिका नंबर ६.९ शैक्षिक अवस्था अनुसार छोरा-छोरी लाइ सम्पत्तिको बराबर अधिकार दिन चाहने नचाहने बारे विवरण ६६
तालिका नंबर ६.१० महिलाका लागि सबैभन्दा महत्वपुर्ण कुरा ६७
तालिका नंबर ६.११ सम्पत्तिमा पहुच नहुनुको बाधक तत्व ६८
तालिका नंबर ६.१२ जमीन किन्ने र बेच्ने अधिकार ६९

# अध्याय एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

हाम्रो समाज पितृसत्तामा आधारित समाज हो । जहा पुरुषको शक्तिशाली भुमिका रहेको छ । पितृसत्ता भन्नाले पिताको सत्ता हुनु अथवा पिताद्वारा परिवारका सदस्य जस्तै श्रीमति, छोरा-छोरी, नौकर आदिमा प्रभुत्व कायम गर्नुलाई जनाउछ । अहिले पितृसत्ता महिला दमनका लागि बढी चिनिन्छ । खासगरी दक्षिण एशियाका महिलाले परिवार, कार्यक्षत्र, वर्गमा आधारित तथा अन्य विभिन्न प्रकारका भेदभावहरुको सामना गर्दे आएकी छिन । ति भेदभाव अर्न्तगत नियन्त्रण, अवहेलना, दमन आदि कुरा रहेका छन । पितृसत्तात्मक व्यवस्थाले महिलाको स्वतन्त्रता, श्रम शक्ति, प्रजनन अधिकार, गतिशीलता तथा आर्थिक श्रोतमा नियन्त्रण गरेको छ । हाम्रो समाजको मुल्य-मान्यता र अभ्यासले महिलालाई पुरुष भन्दा निम्न वर्गको हुन भनी व्याख्या गर्दे आएको छ । यसै व्याख्याको मदत द्वारा महिला माथि नियन्त्रण लादने कार्य भईरहेको छ । महिलालाई नीच देखाउने अभ्यास पितृसत्तात्मक पिल्लर (Pillar) बाट भएको छ । यि पिल्लर अन्तर्गत परिवार, समाज, सामाजिक सम्बन्ध, धर्म, कानुन, अफिस, विद्यालय, पाठयपुस्तक, मिडिया आदि रहेका छन । यि स्थानमा महिलालाई दमन र अवहेलना गरीदै आएको छ । यस प्रकृयाले पितृसत्ता लाई अझ मजबुत बनाई रहेको छ । कानुनले पनि महिलाको अधिकार दिलाउनुको सट्टा कटौती गरेको छ । यो कसरी भन्दा, कानुन त बन्यो तर त्यसलाई कार्यन्वयन र लागु गर्नको लागि कडा नियम बन्न सकेन जसकारण महिला अधिकारको सुनिश्चितता हुन सकेन । यसरी सम्पुर्णमा हेर्दा महिला बेफाइदामा परेका छन । विश्वमा ६० प्रतिशत महिला आफ्नो आधा भन्दा बढी समय घरेलु कामकाज तथा जमीनको रेखदेखमा विताउछिन तर केही प्रतिशत महिलाले मात्र सम्पत्तिमा अधिकार प्राप्त गर्छिन । केवल १० प्रतिशत महिलाले मात्र विश्वमा अधिकार प्राप्त गरेका छन । नेपालमा जमिनलाई धन, शक्ति, सामाजिक सुरक्षाका रुपमा लिइएको छ । यसका बावजुद २५ प्रतिशत देशको जनसंख्या भने भुमिविहीन अवस्थामा रहेको पाइन्छ । विगतका केही वर्षयता जमिन तथा घरेलु सम्पत्तिमा महिलाको पहुच हुनुपर्छ भन्ने कुरामा ध्यान गएको पाइन्छ । समाजमा धनसम्पत्ति, निर्णय प्रक्रिया, सामजिक हैसियत, अवसरहरू, शक्ति श्रोत, उत्तरदायित्व लगायत कुराहरुमा महिला र पुरुषको स्थिति असमान सामाजिक संरचना रहेको समाजमा पुरुषले महिलामाथि शोषण, दमन र विभेद गर्दे आएका छन (Bhasin, 1993) ।

समाज निरन्तर रुपमा अघि बढिरहदा पनि महिलालाई गरिने व्यवहारमा भने परिवर्तन आएको छैन । जुन विभेदतापुर्ण व्यवहार महिलाहरु पहिले देखि भोग्दै आएका थिए अहिले पनि त्यस खालको हेपाई समाजका धेरै क्षेत्रमा उपस्थित छ। समाजले महिलालाई एक छुट्टै श्रेणीका रुपमा चिनाएको छ । शास्त्रले महिलाको अवस्था लाई तल झार्न मदन गरेको छ । यो कसरी भन्नुपर्दा पहिले देखि नै शास्त्रमा महिला लाई कमजोर रुपमा प्रदर्शित गरिएको छ । यस्तो नारी शुभ लक्षिणको हुन्छिन, यस्तो नारी अशुभ लक्षिणको हुन्छिन भनी महिलाको गुणलाई व्याख्या गरियो । महिलाको रजस्वला अपवित्र, छोरी मान्छे कन्यादान गरेपछी पराइको सम्पत्ति हुन, उनको पिताको सम्पत्तिमा कुनै अधिकार हुदैन जस्ता अनेक धार्मिक कुराहरुले प्रत्यक्ष अप्रत्यक्ष रुपमा महिलालाई कमजोर पार्ने कार्य गर्यो । पति र परिवारको आज्ञा पालन गर्ने महिला आदर्श नारी हुन भनेर शास्त्रले नै ब्याख्या गरेको छ । जसको अनुसरण समाजले गर्दै आएको छ । अहिले पनि घरको सम्पुर्ण जिम्मेवारी महिलाको काधमा रहेको हुन्छ तर त्यही परिवारमा महिलालाई सधै तल्लो दर्जामा राखिन्छ । पितृसत्ताले हाम्रो समाज र समाजका महिलालाई नियन्त्रण गरेको छ। महिला माथि हुने हिंसाको कुरा गर्नुपर्दा, जातीयताका आधारमा मात्र हजारौ महिलाले आफ्नो ज्यान गुमाएका छन । यसका साथै दाइजो प्रथाका कारण ज्यान गुमाउने महिलाको संख्या पनि थुप्रो छ । रोमिला थापर का अनुसार, महिलाले यसखाले विभेदहरु सदियौ बाट भोग्दै आएका छन । समय वित्यो तर महिला माथि गरिने व्यबहारमा परिवर्तन आएन । महिलालाइ गरिने व्यवहार पहिले र अहिले समान खालका रहेका छन (Thapar, 2012)।

एंगेल्स को पुस्तक “परिवार निजि सम्पत्ति र राज्यको उत्पत्ति” अर्न्तगत एंगेल्सले महिला दमनको शुरुवात कसरी भयो भनि सविस्तारमा व्याख्या गरेका छन । उनका अनुसार, जबबाट निजी सम्पतिको स्वामित्व हुनुपर्छ भन्ने भावनाको विकास भयो तबबाट महिला माथि दमनको सुरुवात भयो । अर्को अर्थमा भन्नुपर्दा, महिला दमनको शुरूवाती अवस्था निजी सम्पत्तिको धारणाको विकास भए संगै उत्पन्न भएको हो । यसका साथै राज्यको उदयले महिला दमनका लागि मार्ग प्रसस्त गर्यो । महिला दमनका बारेमा बुझ्न तथा महिलाहरु कसरी समाजमा पिछडीए भन्ने कुरा बुझ्नका लागि महिला माथि दमनको उत्पतिलाई हेर्नु आवश्यक हुन्छ । इतिहासको सुरुवातमा व्यक्ति जंगलमा जिवन व्यतित गर्थे । महिला र पुरुषका भुमिका समान खालका थिए । भेदभाव जस्तो कुनै कुरा थिएन । पुरुषहरु खानाको खोजिमा शिकार जस्ता क्रियाकलापमा संलग्न हुन्थे । जहा महिला घरमा बालबच्चा हेर्दे

बस्थिन । यतिबेला सम्म आ-आफ्ना कार्यलाइ समानताको नजरले हेरिएको थियो । बिस्तारै कृषि कार्यको थालनि भए संगै श्रम विभाजन तथा सम्पतिको धारणा विकसित हुन थाल्यो । निजी परिवार र सम्पत्तिको धारणाले व्यक्ति लाई समाजमा सभ्य व्यक्ति सरह बस्न सिकायो तर परिवार भित्रबाट नै महिला दमनको सुरुवात यही समयबाट हुन थाल्यो । उत्पादित खाद्य तथा खनिज पदार्थमा पुरुषको पहुच बढदै जादा महिला पछि पर्न थाले । महिलाहरु आर्थिक सुरक्षा र खर्चबाट वञ्चित हुन थाले । यस व्यवस्थाले महिलालाइ बच्चा उत्पादन गर्ने र यौन अभिलाषा पुरा गर्ने माध्यमका रुपमा हेर्न थाल्यो । महिलालाई बालबच्चा हेर्ने र खाना पकाउने जस्ता घरेलु कामकाजमा मात्र व्यस्त राख्ने र पुरुष बाहिर जाने प्रवृति बढयो । महिलाको घरेलु कामकाज लाई कार्यको रुपमा नभई कर्तव्यको रुपमा लिन थालियो भने पुरुषको कार्यलाई महत्वपुर्ण कार्यको रुपमा लिन थालियो जसले गर्दा महिला र पुरुष बिचमा बिभेद उत्पन्न हुन पुग्यो । विस्तारै परिवारको प्रमुख व्यक्ति पिता बने र पिताको आज्ञा पालन गर्ने प्रचलन बढयो । परिवारको उत्पति र उत्पादन कार्यको विभाजन भए संगै निजी सम्पतिमा अधिकार राख्ने प्रचलन र राज्यको उदय भयो । विस्तारै माताको नामबाट नभइ पिताको नामबाट वंशज प्रथा प्रारम्भ भयो । यस प्रकृयाले पिताको अधिकार लाइ बढावा दियो । माताको अधिकार यसरी पितामा जानुलाइ एंगेल्सले महिलाको ऐतिहासिक हारका रुपमा हेरेका छन । एंगेल्स ले तर्क गर्छन की, पुजिपतिहरुले महिलालाइ बिना तलब तथा अनुत्पादक कार्यमा मात्र संलग्न गराएका थिए । साथै महिलालाई सन्तान उत्पादन गर्ने साधनका रुपमा लिएका थिए । तर इतिहास लाई पल्टाएर हेर्दा पहिले पिताको नामबाट नभएर माताको नामबाट वंशावली बनाउने प्रथा थियो । युगल विवाहको समयमा प्रायः नारीपक्षको शासन चल्थ्यो । महिला र पुरुषमा कुनै विभेद थिएन तर बिस्तारै पुरुष प्रभुत्व बढेसंगै महिलालाई दासको रूपमा राख्ने प्रचलन बढयो यसले गर्दा लैंगिक विभेदमा असर पर्यो । पुरुषले सम्पति छोरालाइ मात्र हस्तान्तरण गर्न थाले । यसरी पिता बाट छोरा, नाती हुदै केवल पुरुषको नाममा मात्र सम्पत्ति हस्तान्तरण हुन थाल्यो । महिलामा पुरुषको नियन्त्रण बढदै गयो । यसरी अधिकार र सम्पत्ति बाट महिलाहरु विमुख हुनुपर्यो । समाजको वर्गीय चरित्र र पुजीवादी व्यवस्था नै महिला दमनको प्रमुख जरो हो । तसर्थ महिला माथि हुने अन्याय र असमानता पुजीवादी व्यवस्थाको अन्त्य द्वारा सम्भव छ (Engels, 1884) ।

महिलावाद, राष्ट्र, राष्ट्रीयता जस्ता कुरा आधुनिक प्रजातन्त्रका अंगका रुपमा चिनिन्छन । आधुनिक युगमा महिलाका मुद्धा सामान्य रुपमा रहेनन किनभने समाजमा महिला

पुरुषको समान अधिकार भन्नाले हरेक क्षेत्रमा समान अधिकार भनेर बुझीन्छ तर अभ्यासमा महिलालाई केवल घरेलु कामकाजमा मात्र सीमित गराइएको छ। इतिहास लाई हेर्दा महिलाहरु पुरुष सरह उच्च शिक्षा हासिल गर्न सक्दैनथे अथवा महिलाले पुरुष बराबर पढनुपर्छ भन्ने कुराको आवश्यकता नै ठानिदैन थियो । महिला सँग केवल एक मात्र स्रोतमा स्वामित्व हुन्थ्यो त्यो हो घर र घरको सम्पुर्ण कार्य । जीवनको अन्तिम उद्देश्य भनेकै घर परिवारको रेखदेख गर्नु, माया दिनु, सुविधा उपलब्ध गराउनु, घर भित्रका सानातिना खर्चको रेखदेख गर्नु, इत्यादि कुराहरू महिलाको प्राथमिकताको रुपमा रहेका हुन्छन । महिला संग जोड़िएका यस्ता कुराहरु १९ औ शताब्दी देखि चली आएको विचारको पोको हो । यस समयमा सती प्रथा र बाल विवाह जस्ता कुराले पनि महिलाको अधिकारको हनन गरेको थियो । जातीयताका आधारमा पनि १९ औ सताब्दी सम्म महिलाले अनेक पीडाहरु भोग्दै आए । यो बेला उच्च जातीका बिधवा महिलाले पुनःविबाह गर्न पाउने नियम बनेको थियो तर सानो जातिका महिलालाई भने यो अधिकार थिएन (Chaudhari, 2012 ) ।

साउथ एशियाको ग्रामीण भेगमा जमीन एक महत्वपुर्ण सम्पत्तिका रुपमा चिनिन्छ । तापनी जमीनको स्वामित्व बाट महीलालाई टाढा राखिदै आएको छ । जमीन सामाजिक हैसियत संग जोड़िएको हुनाले महिलाका लागि यसमा स्वामित्व प्राप्त गर्नु आवश्यक रहेको छ । साधारणतया जमीनमा स्वामित्व भन्नाले जमीन प्रयोग गर्न पाउनु, धितो राख्न पाउनु, इच्छा अनुसार बेच्न पाउनु लाई जनाउछ । उत्तर भारत, दक्षिण भारत र श्रीलंकामा पहिले माता-पिता दुबैको नाममा सम्पत्तिको स्वामित्व रहने गर्थ्यो । खासगरी केरलाको नायरस, टियर, बटस, गरोस, खसीस र लालुंग समुदाय र श्रीलंकाको मुस्लिम समुदायमा यो प्रचलन रहेको थियो । एशिया र साउथ एशियामा देशको कानुन कमजोर हुदा तथा सरकारले महिलाको बिषयमा ध्यान नदिदा धेरै समस्या भोग्नु परेको थुप्रो उदाहरण छन । उदाहरणका लागि हेर्नुपर्दा, नेपालको आठौ पञ्च वर्षीय योजना (१९९२-१९९७) ले, महिलाको सहभागिता तथा रोजगारीमा जोड़ दिएको पाइन्छ, तर जमीन जायजातको आवश्यकतामा जोड़ दिएको पाइदैन । बंगलादेश को चौथो पञ्च वर्षीय योजना (१९९०-१९९५) मा महिलाको रोजगारी, शिक्षा, स्वास्थ्य, आहार तथा अन्य कुराहरुमा जोड़ दिएको पाइन्छ तर महिलाको सम्पति तथा जमीनमा अधिकार बारे कुनै बुदा उल्लेख गरेको पाइदैन (GOI 1992, P-34) । पाकिस्तान को छैठौ पञ्च वर्षीया योजना (१९८३-१९८८) अन्तर्गत, पति-पत्निमा जमीन वितरण कार्य समान रूपले रजिस्टर गर्नेकुरा उल्लेख गरिएता पनि नियम भने लागु गरेको पाइदैन । यसको आठौ

पञ्च वर्षीय योजना (१९९३-१९९८) मा, महिलालाइ रोजगार तथा शिक्षा उपलब्ध गराइने छ भनेर कागज द्वारा वचन दिइयो तर सम्पतिमा अधिकार सम्बन्धी कुनै कुरा उल्लेख गरिएन (Government of Pakistan, 1991, pp. 22) ।

भारतको छैठौ पञ्च वर्षीय योजना (१९८०- १९८५) ले, महिलामा जमीन उपलब्ध हुनुपर्ने नियम लागु गर्ने कुरालाई समेटेको पाइन्छ । सातौ पञ्च वर्षीय योजना (१९८५-१९९०) ले, भर्खरै नया योजना पारित गर्यो तर माथि उल्लेखित निर्देशन लाइ ध्यान दिएन । आठौ पञ्च वर्षीय योजना (१९९२-१९९७) अन्तर्गत, महिलाको सम्पतिमा अधिकार तथा जमीन सम्बन्धी केवल दुईवटा विशेष बुदा पारित गर्यो जस अन्तर्गत; पहिलोमा, जन्मजात रुपमा अधिकार पाउने नियम कानुनमा परिवर्तन गरेमा मात्र महिलाले समान अधिकार पाउने हुदा यो नियम बदल्नु पर्ने भनेर भनियो । तर नियम बदलिनु पर्नेमा सरकारले ध्यान दिएन । दोस्रो अन्तर्गत, सरकारले ४० प्रतिशत अधिशेस जमीन महिलालाई उपलब्ध गराउनुपर्ने र जमीन पति-पत्नी दुवैको नाममा राखिनु पर्ने कुरामा जोड दियो । यो कुरा सुन्नमा राम्रो लाग्छ तर अभ्यासमा अधिशेस जमीनको केवल १.०४ प्रतिशत मात्र जमीन वितरण गरियो । अर्थात देशको केवल ०.५६ प्रतिशत कृषि योग्य जमीन वितरण गरियो (Agarwal, 1994) ।

महिलाहरु हरेक युगमा दमनमा परेका थिए । 'बुरुन्डी' को युद्धकालको कुरा गर्नुपर्दा महिलाको घरबार, सम्पति तथा जमीन संगको सम्बन्ध युद्धका कारणले विस्थापित भयो । हजारौ आर्थिक कठिनाई र हिंसाका डरले बुरुन्डीका महिला आफ्ना बालबच्चा लिएर घर-जमीन त्याग्न बाध्य भए । यस कार्यले त्यहाका महिला भित्री रूपले विस्थापित भएर शरणार्थीको जीवन जिउन बाध्य भए । युद्ध समाप्ति पश्चात देशमा शान्ति छाउदा ती महिलाहरु आफ्नो घर फर्किन पाएनन । कारण थियो त्यहाको असमान कानुन जहा विधवा महिलालाई श्रीमानको सम्पतिमा कुनै किसिमको अधिकार पाइदैन थियो । माईतीमा भाई र भाउजुले प्रवेश दिदैन थिए । जसको श्रीमानको मृत्यु भएको हुन्थ्यो, उनीहरुले आफ्नै बारीमा अन्न-उत्पादन र बारीमा लगाइएका रुख बिरुवा काटन समेत पाउदैन थिए । यस्तै इजरायल संग 'पालेस्टीनिया' को युद्ध हुदा पालेस्टीनिया को धेरैजसो सम्पत्ति सेना द्वारा कब्जा गरियो । घरमा पिता र श्रीमानको मृत्यु हुदा त्यहाका महिलालाई आफ्नै सम्पत्तिमा स्वामित्व पाउन एकदमै गार्हो परेको थियो । बचेको सम्पत्तिमा सबै नाता लाग्ने पुरुष आफन्तको स्वामित्व हुन थाल्यो किनकी बिधवा महिलाको नाममा सम्पत्ति दिने प्रचलन थिएन । एशिया, अफ्रीका र मध्यपुर्वी क्षेत्रका महिलामा

यो समस्या एक बाधाका रूपमा देखिएको छ । धेरैजसो देशको कानुनमा महिलालाई आफ्नै नाममा रहेको सम्पतिको परिचालन गर्नमा समेत प्रतिबन्ध लगाएको पाइन्छ । अफ्रिकामा महिलालाई जमिन धितो राखी घरबार धान्नका लागि बैंकबाट कर्जा लिनुपर्दा श्रीमानको अनिवार्य सहिन अथवा स्वीकृति चाहीने हुन्छ । यस्तो व्यवस्थाले एकल आमाका लागि घरबार धान्न तथा ऋण लिनका लागि निकै गार्हो गरेको हुन्छ । विगतमा जब युद्धमा श्रीमानको मृत्यु हुन्थ्यो जमीन, घर तथा सम्पति सरकारले निर्मुल पार्ने गर्थ्यो । यसले महिलालाई भुमि र घरवार विहीन हुन बाध्य पार्यो (Leilani, 1998) ।

## १.२ समस्याको कथन

महिला र पुरुष बिच समाजमा देखिएको कुराभन्दा पनि गहीरो भेदभाव लुकेको छ । पुरुषले जहिले पनि शक्ति खोज्छ । जग्गाको स्वामित्वले उसलाई यो शक्ति प्रदान गर्छ । शक्तिको आडमा ब्यक्ति उग्र बन्दै जान्छ र यो शक्ति पुरुषलाई देशको व्यबस्था र सम्पत्तिको असमान वितरणले प्रदान गर्छ । तर अर्कोतर्फ महिलाहरु भने बिहे पश्चात पनि श्रीमानको अधिनमा बस्नु परेको छ । तसर्थ यसखाले विभेदको जरा पत्ता लाउनु अवश्यक छ । गान्धि का अनुसार, संसारमा पुरुषले प्राप्त गरेको शक्तिको औचित्य ठुलो हैन । असली सम्पत्ति भनेको व्यक्तिको चरित्र र शिक्षा हो जुन परिवारले समान रूपमा वितरण गर्छ । परिवारले सम्पत्ति दिनको बदला छोरा-छोरी लाई शिक्षा दिएर आत्मनिर्भर बनाउनु पर्छ । साथै पैतृक सम्पत्तिको आश गर्ने व्यक्ति नभइ मेहनत गरेर आफ्नै पसीनाले कमाउन सिकाउनु पर्छ । विवाहमा लाग्ने सम्पुर्ण खर्चलाई महिलाले पाउनुपर्ने सम्पत्तिको अधिकारका रूपमा हेरिन्छ । महिला र पुरुषमा पक्कै पनि केही जैविक भिन्नताहरु रहेका छन यसमा कुनै संका छैन । महिलालाइ बच्चा प्रतिको भुमिकाले पुरुष भन्दा भिन्न बनाउछ । परिवारमा पिताले खानाको व्यबस्ता गर्ने र माता खाना बितरण गर्ने कार्य गर्छीन । महिलाले सबैको ख्याल राख्नु पर्ने हुन्छ । अभ्र बच्चा हेर्नु त उसको मुख्य कार्य रहेको हुन्छ । उ बिना घरको अस्तित्व छैन तरपनि समाजमा महिला लाई दमनमा राखिएको छ । अधिकारको पहुच बाट टाढा राखिएको छ (Gandhi, 1942 ) ।

महिला सशक्तिकरणका लागि सम्पत्ति एक महत्वपुर्ण स्रोत हो । सम्पत्ति आयस्रोत तथा व्यक्तिको मान सम्मान संग जोडीएको तत्वका रुपमा पनि चिनिन्छ । सम्पत्तिको पहुचले महिला लाई परिवारको सरसल्लाहमा बोल्न र आफ्नो निर्णय आफै लिन सहयोग पुर्याउछ । बिश्वमा महिलाको जमीन तथा घरमा अधिकार हुनुपर्ने कुराप्रति चासो बढदै आएको छ । हाम्रो समाज

र परिवारमा महिला र पुरुषलाई गरिने व्यवहारमा धेरै फरक पाइन्छ । परिवार भित्र पति-पत्नि, छोरा-छोरी बिचमा सम्पत्तिको असमान वितरण रहने गर्छ । महिलाको सम्पत्तिमा अधिकार विश्लेषण गर्ने क्रममा प्रयोग, परस्वामित्व, व्यवस्थापन, अलगाव, र नियन्त्रण जस्ता श्रणीगत व्यवस्थालाई हेरेर व्याख्या गर्न सकिन्छ । प्रयोग अन्तर्गत, महिलाले सम्पति प्रयोग गर्न पाउने अधिकार संग सम्बन्धित कुरा रहेको छ । जहा खेती गर्नु, दुधजन्य पदार्थ उत्पादन गर्नु, आदि संग सम्बन्धित कुराहरू महिलाको कार्य अर्न्तगत पर्छन । परस्वामित्व ले उत्पादित पदार्थ र आर्थिक रूपमा हुने फाइदामा अधिकारको अवस्था लाई जनाउछ । जहा महिलाले पशुपालन गरेर दुध उत्पादन गर्छिन, संगसंगै खेतीपाती पनि गर्छिन तर ति उत्पादित सम्पुर्ण वस्तु बेचबिखन गरेर आर्थिक स्वामित्व भने पुरुषको हातमा हुन्छ । व्यवस्थापन त्यस्ता कुरा संग सम्बन्धित हुन्छ जहा महिलाले कुन मौसममा कुन बिरुवा तथा बाली लगाउने तथा ति बालीनाली बचाउन कुन विषादी प्रयोग गर्ने भन्ने कुराको व्यवस्था गर्ने गर्छिन । त्यसैगरी अलगाब अन्तर्गत जमिन बेच्ने निर्णय तथा सम्पति उत्तराधिकारी लाई सुम्पिने कुरामा कसको अधिकार रहेको छ भन्ने कुरामा जोड दिएको छ । जहा महिलालाइ उत्तराधिकारी अधिकार बाट अलग राखिन्छ । माथि उल्लेखित गरिएको सम्पुर्ण कार्यमा महिलाको भुमिका उच्च रहेको छ । तर अधिकार र स्वामित्व भने महिलाले अझै पाएका छैनन (Pradhan, 2018) ।

ग्रामीण भेगमा जमीनमा स्वामित्व हुनु भनेको महिलाको पोषण तथा सामाजिक हैसियत, सशक्तिकरण, राजनैतिक क्षेत्र मजबुत हुनु हो । जब महिलाको सम्पत्तिमा पहुच हुन्छ उसको परिवार भित्र निर्णय प्रक्रिया लिने शक्तिको विकाश हुन्छ । जमीनको स्वामित्वले महिलालाई समुदायमा बिभिन्न संस्थामा आबद्ध गरेर मजबुत बनाउन मदत गर्छ । साथै घरेलु हिंसाको शिकार हुनबाट बचाउछ । भारतको केरल राज्यमा गरिएको एक अध्ययन अनुसार, सम्पत्ति पाएकी महिलाको भन्दा सम्पत्तिमा पहुच नभएकी महिला घरेलु हिंसाको शिकार बढी भएको पाइयो । सम्पत्तिमा पहुच नभएको ४९ प्रतिशत महिला शारीरिक हिंसा र ८४ प्रतिशत साइकोलाजिकल हिंसाको शिकार भएको पाइयो । तर सम्पत्तिमा पहुच भएको केवल ७ प्रतिशत महिला शारीरिक हिंसा र १६ प्रतिशत साइकोलाजिकल हिंसाको शिकार भएको पाइन्छ । यसबाट प्रस्ट हुन्छ की महिलाको सम्पत्तिमा पहुच हुदा हिंसा बिरुद्ध बोल्न, लडन र कठिन समयमा शक्ति प्रदान गर्न मदत गर्छ । विश्वमा जमीन एक महत्वपुर्ण श्रोत मानिन्छ, जसले आय बढाएर गरीबी निवारण गर्न मदत गर्छ । तर आश्चर्यको कुरा जमीनमा सबैलाई समान खालको पहुच रहेको पाइदैन । प्रत्यक परिवारले जमीनमा समान अधिकार पाएर खेती गर्न

सकुन भनि बिगत ५० बर्ष देखि भुमि सुधार आयोगले प्रयास गरिरहेको छ । महिलाको जमीनमा पहुचको मुद्दालाई भुमि आयोगले महत्वपुर्ण बिषयका साथ हेर्दे आएको छ। विकसित देशमा पुरुषको तुलनामा केवल ५ देखि २० प्रतिशत महिलाको जमीनमा पहुच भएको पाइन्छ। यस खाले लैंगिक विभेदका कारण महिला आर्थिक र सामाजिक रुपमा कमजोर हुदै गए । यस प्रकारको विभेदले केवल महिलाको दक्षता लाई मात्र कमजोर नबनाई महिला र बच्चाको आहार, स्वास्थ्य, शिक्षा र कृषि उत्पादनको पहुचमा समेत महिला लाई कमजोर तुल्यायो। पशुपालन, इन्धन तथा जल एकत्रित गर्नुका साथै घरपरिवार धान्ने तथा परिवारका लागि भोजनको व्यवस्था गर्ने जिम्मेवारी महिलाकै काधमा हुन्छ। कृषि, घरपरिवार व्यवस्थापन, अन्न उत्पादन जस्ता महत्वपुर्ण भुमिका निर्वाहका बावजुद महिलाको सम्पति तथा जमीनमा स्वामित्व हुन भने सकेको छैन। सम्पतिको अधिकारमा रोकावट उत्पन्न गर्ने तत्वका रूपमा कानुन, संरचनागत बाधा, सामाजिक आर्थिक तथा सांस्कृतिक तत्वको भुमिका रहन्छ। कानुन र कानुनका नियमले महिलाको जमीनमा स्वामित्व लाई प्रस्ट रुपले नदर्शाउनाले पनि समाजमा महिलाको हैसियत कमजोर भएको हो (Landesa, 2012)।

प्रत्येक नागरिकलाई कानूनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ। (नेपालको अन्तरिम संविधान २०६२)।

अध्ययन स्थलका महिला र पुरुष बिच सम्पत्तिमा पहुचको अवस्था कस्तो रहेको छ ? अध्ययन स्थलमा जातजाति, उमेर, शैक्षिक स्तरको आधारमा सम्पत्तिमा पहुचको अवस्था कस्तो रहेको छ भनी यहा अध्ययन गरिएको छ। साथै अध्ययन स्थलका महिलाको घरमा कुन किसिमको सम्पत्तिको पहुच रहेको छ ? महिलाका लागि सम्पत्तिमा पहुच नहुनुमा सवैभन्दा बाधक तत्व के रहेको छ ? लगायत निम्न समस्याको आधारमा अध्ययन गरीनु आवश्यक रहेको हुदा बेलौरी नगरपालिका वडा नं. १० मा बसोबास गर्ने ४ जातजातिका महीलामा सम्पत्तिको पहुच सम्बन्धमा अध्ययन गरिएको छ। उक्त शोधपत्र निम्न किसिमका अनुसन्धान प्रश्न संग सम्बन्धित रहेको छ।

**अनुसन्धानका प्रश्नहरू**

- के जातिगत आधारमा पिता र पतिको सम्पत्तिमा महिलाको समान पहुच रहेको छ ?

- पिता र पतिको सम्पतिमा अधिकार नपाउनुको मुख्य कारण वा समस्या के हो ?
- सम्पत्तिमा पहुच हुनु र नहुनुमा के जातिगत आधार ले भुमिका खेलेको हुन्छ ?

## १.३ अध्ययनको उदेश्य

समुदायमा महिला र पुरुष बिच सम्पत्तिमा पहुचको अवस्था कस्तो रहेको छ भन्ने कुराको अध्ययन गर्नु र परिवार भित्र महिला र पुरुष बिचमा सम्पत्तिको बाडफाड़ गर्दा कस्ता खाले असमानताहरु देखिदै आएका छन भन्ने विषयको जानकारी लिनु अध्ययनको उदेश्य रहेको छ । अनुसन्धानका लागी पहीलो उद्धेश्य अर्न्तगत समुदायमा महिला र पुरुष बिच सम्पत्तिमा पहुचको अवस्था कस्तो रहेको छ भन्ने अध्ययन गर्नु रहेको छ । अर्कोमा परिवार भित्र महिला र पुरुष बिचमा देखिने असमानताको अवस्था कस्तो रहेको छ भन्ने विश्लेषण गर्नु यसको उद्धेश्य रहेको छ । तसर्थ निम्न विशिष्ठ उदेश्य राखेर यो शोधकार्य पुरा गरिएको छ । तपसिलका विषयबस्तुको अध्ययन गर्नु यस अनुसन्धानको प्रमुख उदेश्य रहेको छ ;

- समुदायमा महिला र पुरुष बिच सम्पत्तिमा पहुचको अवस्था कस्तो रहेको छ भन्ने अध्ययन गर्ने
- परिवार भित्र महिला र पुरुष बिचमा देखिने असमानताको अवस्था कस्तो रहेको छ भन्ने विश्लेषण गर्ने

## १.४ अध्ययनको महत्व

यस अध्ययनमा महिला र पुरुष बिच सम्पत्तिमा पहुचको अवस्था लाई हेर्न खोजिएको छ। खासगरी महिलाको सम्पत्तिमा पहुचको अवस्था लाइ हेर्न खोजिएको छ। सम्पत्ति सामाजिक हैसियत संग जोडिएकाले पनि यसलाई महत्वपुर्ण रुपमा हेरिन्छ । सम्पत्तिको पहुच जातजातिगत आधारमा फरक छ अथवा समान रहेको छ भन्ने कुरा पत्ता लगाउने प्रयास गरिएको छ। यस अध्ययनले महिलाको सशक्तिकरण बढाउन र महिला लाई सम्पत्तिको पहुच बारे जनचेतना जगाउन मदत गर्नुका साथै जमीनमा स्वामित्वको अवस्था बारे बुभ्न मदन गर्ने छ । धेरैजसो महिलालाई सम्पत्तिको अधिकार बारे थाहा हुदैन । त्यस्तो अवस्थामा यस अध्ययनले महिलाको चेतना र ज्ञानको स्तरलाई उजागर गर्नेछ । अध्ययनले महिलाको चल

तथा अचल सम्पत्तिमा पहुचको अवस्था के-कस्तो रहेको छ भनी देखाउन मदत गर्नेछ । साथै अध्ययन स्थलका महिलाको पिता-पति दुबैको सम्पत्तिमा पहुच र असमानताको अवस्था दर्शाउनुका साथै सम्पत्तिको पहुचमा हुने लैंगिक असमानता लाई देखाउने छ । यसका अलावा यो अध्ययन महिलाका लागी मदतगार हुनुका साथै महिलाको सम्बन्धमा अध्ययन गर्ने अन्य सरोकारवाला तथा निकायका लागि मदतगार हुनेछ ।

## १.५ अध्ययनको संगठन

यस शोधपत्रमा विभिन्न अध्यायहरु लाई समावेश गरिएको छ । जसअर्न्तगत अध्याय एकमा अध्ययनको परिचय समेटिएको छ । जहाँ पहिलोमा अध्ययनको पृष्ठभमि रहेको छ । समस्याको कथनमा महिलाको सम्पत्तिमा पहुच नहुनुका कारण र समस्याका बारेमा व्याख्या गरिएको
छ । यस अध्यायमा अनुसन्धानका प्रश्नहरू पनि समाहित छन । उदेश्य अर्न्तगत समुदायमा महिला र पुरुष बिच सम्पत्तिमा पहुचको अवस्था कस्तो रहेको छ भन्ने कुराको अध्ययन गर्नु र परिवार भित्र महिला र पुरुष बिचमा सम्पत्तिको बाडफाड़ गर्दा कस्ता खाले असमानताहरु देखिदै आएका छन भन्ने विषयको जानकारी लिनु रहेको छ । यसका अलावा अध्ययनको महत्वमा सम्पत्तिमा महिलाको पहुचमा पारेका प्रभाव बारे परिचय गराईएको छ ।

अध्याय दुईमा सन्दर्भ साहित्यको पुनरावलोकन उल्लेख गरिएको छ । अध्याय तिनमा अनुसन्धान विधीहरु उल्लेख गरिएको छ । जसअर्न्तगत अध्ययन क्षेत्रको छनौट, अनुसन्धान ढाचा, तथ्यांक संकलनका स्रोत ( प्राथमिक र द्वितिय), नमुना छनौट प्रक्रिया, तथ्याङ्क संकलनका विधिहरु, अध्ययनको विश्वसनियता, तथ्याङ्कक विश्लेषण प्रस्तुतिकरण र अध्ययनको सिमा रहेका छन ।

अध्याय चारमा भौगोलिक तथा सामाजिक आर्थिक अवस्थाका बारेमा व्याख्या गरिएको छ । सामाजिक आर्थिक अवस्था अन्तर्गत महिलाको सामाजिक अवस्था, पारिवारिक अवस्था, वैवाहिक अवस्था, धर्म, पेशा, शिक्षा, उमेर समुह, जातजातिको विवरण, शैक्षिक अवस्था, कृषिकार्यमा भुमिका, निर्णय अधिकार लगायत इत्यादी कुरालाई समावेश गरिएको छ ।

अध्याय पाचँमा महिलाको सम्पतिमा पहुँच तथा अधिकार सम्बन्धी धारणा रहेका छन । यसमा सम्पत्तिको पहुच बढी पाउने महिला संख्या, पैतृक सम्पत्तिमा महिलाको पहुच

सम्बन्धि धारणा, कानुनी स्वामित्व बारे जानकारी, पति-पत्नीको सम्पतिमा बराबर पहुच सम्बन्धी धारणा, समान सम्पत्तिको पहुचले श्रीमान-श्रीमतिको सम्बन्धमा पार्ने प्रभाव सम्बन्धि धारणा र उत्तरदाताको सम्पत्तिको किसिम र प्राप्त गरेको स्रोत जस्ता कुराहरु समेटीएको छ।

अध्याय छ अर्न्तगत सामाजिक प्रभाव लाई दर्शाइएको छ भने अध्याय सातमा सारांश र निष्कर्ष लाई समावेश गरिएको छ।

# अध्याय दुई : सन्दर्भ साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक दृष्टिकोण

धर्म र महिला दमनको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । हिन्दुत्वले महिलाको दुईवटा रूप प्रस्तुत गर्छ । जहा पहिलोमा महिलालाइ शक्ति, रचनात्मक तथा सहयोगीको रूपमा हेर्छ भने अर्कोतर्फ दानवको रूपमा हेरिएको छ । जसलाई पुरुषद्वारा नियन्त्रण गरिनु आवश्यक ठानिन्छ । तसर्थ हिन्दु धर्मले महिला लाई देवी र दानव दुबै रूपमा प्रस्तुत गर्छ । सर्वप्रथम महिलाको राम्रो रुपको व्याख्या गर्दा, धार्मिक आस्था भएकी, पवित्र, शुद्ध तथा पुजनिय देविका रूपमा हेरेको छ । महिलालाई धर्मले भुमिको संज्ञा दिन्छ । जहा सम्पुर्ण मानव नारीद्वारा उत्पत्ति भएका हुन भन्ने धारणा रहेको हुन्छ । धर्मले सीता, पार्वती, लक्ष्मी, शावित्री को उदाहरण दिन्छ जहा उनले आफ्नो श्रिमानको आज्ञा पालन गर्थे जसकारण उनिहरु पुजनिय मानिएका थिए । शास्त्रले पुरुषको आज्ञा मान्ने स्त्रीलाई आज्ञाकारी, लक्ष्मीको रूप भनेर सम्मान प्रदान गर्छ । त्यस्तै महिलालाइ सत्य सावित्री जस्तै बन्ने शिक्षा प्रदान गर्छ । जहा आफ्नो श्रीमानको लागि जिउदै जल्नुलाइ पतिव्रता नारि भनेर व्याख्या गरिन्छ । तर त्यसभित्रका महिला दमनका कुरालाई भने उजागर गरेको पाइदैन । विभिन्न ग्रन्थ तथा धर्मले महिलालाई न्युन स्तरको भनेर ब्याख्या गर्छ । यस कार्यले महिलाको स्तर कमजोर बनाउनमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा भुमिका खेलेको हुन्छ । ग्रन्थमा महिलाको सन्दर्भमा प्रयोग गरिएका शब्दबाट हामी नारिको स्थानको बारेमा बुझ्न सक्छौ । ग्रन्थमा महिलाको बारेमा यस्तो भनिएको हुन्छ । “महिला संग लामो समय सम्म साथी बन्न सकिदैन” (ऋग्वेद, १०।९५।१५) । “महिला भक्ति, मुक्ति र धर्मको बाटोमा बाधा हुन, जसले जादुई खराब भावना बोकेकी हुन्छिन” (ब्रह्म भाईवर्त, प्रकृति कांड) (१६।५२।६०) । “झुट, व्यर्थ अवतार, सजावट, मुर्खता, अधैर्य, लालची, अशुद्ध, र क्रुरता महिलाको विशेषता तथा प्रकृति हो” (देवी भागवता, १।५।८३, बिजयनन्दा पेज नंबर (१७)” ।

माथि उल्लेखित ग्रन्थका भनाईहरुले महिलालाई औचित्यहिन बनाउन मदत गरेको छ । यति मात्र नभएर महिला पुरुषका लागि दुखको कारण र नर्क तर्फ धकेल्ने बस्तु हुन भनेर ग्रन्थमा व्याख्या गरिन्छ । यि सबै कथा र भनाइले हिन्दु धर्ममा पुरुष परमेश्वर हुन र महिलाले पुरुषको आज्ञा पालन हर हालमा गर्नुपर्छ, यो नै महिलाको पहिलो धर्म हो भन्ने कुरा सिकाउछ (कुमारि, रन्जना) । धार्मिक ग्रन्थ तथा पुस्तकले महिलाको अवस्था लाई अविश्वसनीय तरिकाले

प्रभाव पारिरहेको हुन्छ । उदाहरणका लागि क्रिश्चियन धर्ममा, चर्चमा केही पुराना नियममा आधारित कथा सुनाइन्छ जसमा महिलालाई कमजोर रूपमा प्रस्तुत गरिएको हुन्छ । इस्लाम धर्ममा पनि समान पुर्वाग्रह देखिन्छ । ७० बर्षको 'शाह बनो' को केसमा,  कोर्ट ले पहिलो पटक व्यवस्थितको अधिकार दियो जहा विश्वमा मुस्लिम महिलालाई सरियत कानुनले सम्बन्ध बिच्छेद पश्चात हक दिएको छैन। हिन्दु धर्ममा पनि महिला प्रतिको दृष्टिकोणमा अझै परिवर्तन आएको छैन । महिला पुरुषबिना अलग बस्दा अस्तित्व हुदैन भन्ने मान्यता रहेको कारण उसलाई एक छोरी श्रीमती र आमाको रूपमा नियन्त्रण गरीदै आएको छ (Chatterji, 1990)।

विवाहित महिला स्वतन्त्र नागरिक नभई पतिको सहयोगिको रूपमा चिनिन्छन तसर्थ उनले सम्पत्तिको अधिकारमा दावा गर्न सक्दिनन (मल्ल, १९९८) । Jodi Dean ले महिलाका मुद्दा पब्लिक रूपमा कसरी बहिष्कृत भए भनेर व्याख्या गर्छिन। उनले २ प्रकारका बहीष्कारका बारेमा व्याख्या गरेकी छिन । जहा पहिलोमा व्यवहारिक र दोस्रोमा संरचनात्मक रहेका छन । संस्कृती तथा व्याख्यात्मक बाधाहरु व्यवहारिक वहीष्कारको कारण हो । यस्तो वहिष्कारले यौनिकता, घरेलु हिंसा, सम्पत्ति अधिकारका मुद्दा लाई राजनैतिक बहसमा प्रवेश गर्नबाट रोक्छ । साथै घरमा महिलाको कार्यको स्थिति र प्रजनन विशेषतालाई सार्वजनिक स्थानमा सहभागी हुनबाट रोक्ने बहानाका रूपमा लिएको छ। महिला लाई बहिष्कार गर्ने यि ब्यवहारिक रूपहरु हुन । यसको विपरिक संरचनात्मक अर्न्तगत, संवैधानिक बहिष्कार पर्छ। जसले न्याय, तर्कसंगतता पुरुष विशेषता हो भन्ने धारणा लाई जनाउछ। जबकि गोपनीयता, राम्रो जीवन, भावनात्मक महिला विशेषता हुन भन्ने जनाउछ (Dean, 1996) ।

महिलाले पुरुष सरह सार्वजनिक स्थानमा भाग लिन अझैपनि पुरुषद्वारा निर्धारित मापदंड पुर्ण गर्नुपर्छ । सार्बजनिक र निजीको धारणा पुरुषले हेर्ने नजर तथा अनुभवमा आधारित छन । यि अवधारणाहरु महिलाका लागि कदापि आदर्श हुन सक्दैनन । तसर्थ Dean १९९६ तर्क गर्छिन, अझै पनि जनसंख्याको ठुलो भागलाइ यौन, सम्पत्तिका मुद्दाहरु निजी मुद्दा हुन जहा राज्यलाई हस्तक्षप गर्नुहुदैन भन्ने लाग्छ ।  घरभित्रका यौन तथा सम्पत्तिका कुरा समुदाय बाट अलग भएका छन । जसमा छिमेकीहरुले हस्तक्षप गर्नुहुदैन भन्ने लाग्छ । त्यसकारण सम्पत्तिमा पुरुषको एकाधिकार छ। महिलाको स्थानलाई सधै भावनात्मक विशेषता द्वारा व्याख्या गरिन्छ । नेपाली महिलाले बलियो प्रयास द्वारा सम्पत्तिमा अधिकारका मोर्चा उठान गरेका छन। उनीहरुले विभिन्न कार्यक्रम मार्फत ग्रामीण महिलाको अवस्था जनाउनुका

साथै भेदभावपुर्ण नागरिक संहिता १९६३ लाई अदालतमा लगेर चुनौती दिए । यसका साथै USAID, Worldbank, Asiabank लगायतका दातृ निकाय संग संलग्न भएर सामुहिक रूपमा प्रदर्शन मार्फत सरकार माथि नैतिक दबाब पारेका छन । सम्पत्तिको अभियानमा महिलाहरुको संगठनको पनि ठुलो भुमिका रहेको छ (Luintel, 2001)।

केही समय यता महिला सशक्तिकरण र महिला अधिकारको बारेमा धेरै चासो बढेको पाइन्छ । १९७५ यता नेपालमा महिला सम्बन्धित कुनै खास कानुन निर्माण भएका थिएनन । तर १९७५ मार्च ८ मा महिला दिवस मनाउन थालेपछि यो प्रक्रिया अगाडि बढयो । यही बर्ष मुलुकी ऐनमा महिलाको हकहितको पक्षमा कानुन पनि बन्यो । उक्त कानुनमा उल्लेख गरिएको थियो की ३५ बर्ष नाघेकी अविवाहित महिलालाई पिताको सम्पत्तिमा हक पाइने छ । १९९० मा प्रजातन्त्रको पुनस्थापना पश्चात लैंगिक आधारमा विभेद गर्न नपाईने नियम बने संगै १९९१ मा UN संग संबंधित कार्यक्रम संचालित हुन थाले । जसले महिला बिरुद्ध हुने हिंसा रोक्न मदत गर्यो । यि बिभिन्न कारणले महिलाको अवस्थामा बिस्तारै सुधार देखिन थाल्यो । १९९१ मा महिलाको शिक्षादर २५ प्रतिशत थियो र यो २०११ सम्म आउदा बढेर ५७ प्रतिशत भयो । १९९६ मा मातृमृत्यु संख्या ५३९ बाट घटेर २०१३ मा १७० पुग्यो यि कुराहरु महिलाका लागि बिकाशको ठुलो चरण बने । यी लगायत रोजगार, स्वास्थ्य जस्ता क्षेत्रमा महिलाको जनचेतनामा बृद्धि भएको पनि पाइयो । यी सम्पुर्ण विकासकम भइरहदा पनि महिलाको सम्पत्ति प्रतिको अधिकारका बारेमा भने कानुन बनेन । नेपालमा महिलाले सम्पत्तिमा पहुच पाउन धेरै बाधाहरू भोग्नुपरेको पाइन्छ । पहिलो बाधा अन्तर्गत, अस्पष्ट कानुनका नियम रहेका छन । जहा अधिकारका नियमहरू बन्नु तर ति नियमको कार्यन्वयन नहुनु एक मुख्य समस्याका रूपमा रहेको छ । तसर्थ नियम कानुनले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सम्पतिको अधिकार स्पष्ट तथा निहित पार्नेमा भुमिका खेल्छ । दोश्रो बाधाको रूपमा संरचनात्मक बाधाहरु रहेका छन । जसले सेवा र श्रोतको पहुचमा महिला प्रतिको असमानतालाई कायम राख्न मदत गर्ने गरेको छ । यस लगायत संस्थागत बाधा अन्तर्गत अयोग्य जनादेश, वजेट तथा मानव स्रोत जस्ता कुराले महिलाको अधिकारमा रोकावट पैदा गर्ने कार्य गरेको छ । जमिन तथा सम्पतिको अधिकारको पहुचमा महिलालाई रोकावट पैदा गर्ने कानुनी रूपरेखा संगै संस्थागत तथा सांस्कृतिक तत्व लाई हेरिनु आवश्यक रहेको छ (Dhakal, 2016) ।

नेपालमा महिलाको सम्पत्तिमा पहुचको कुरा 'मनुस्मृति' नामक धार्मिक गन्थका आधार संग जोडिएको छ । ग्रन्थले महिलाको समाजमा स्थान र जिबनका नियम बारेमा व्याख्या गर्छ। महिला संग सोच्ने र जिबन जिउने स्वतन्त्रता हुदैन । महिला बिहेअघि पिताको अधीनमा, बिवाह पश्चात श्रीमानको नियन्त्रणमा र श्रीमानको मृत्यु पश्चात छोराको अधिनमा बस्नुपर्ने हुन्छ । यि धार्मिक मान्यताले स्पस्ट रूपमा नेपालको पहिलो कानुन निर्माणमा प्रभाब पारेको छ। राष्ट्रीय नियमावली मुलुकी ऐन १८५३ ले महिलाको अधिकार लाई उपहार, दाइजो जस्ता कुरामा सिमित पार्यो । छोरा, भाइ, भतिजा लगायत सम्पुर्ण पुरुषले सम्पत्तिमा अधिकार पाउने भए तर यस नियमले छोरी आपनै पिताको सम्पत्ति पाउन बाट बञ्चित भईन । यसैगरी छैठौ संशोधन १९७७, नया राष्ट्रीय नियमावली १९६३ मा महिलाको सम्पत्तिमा अधिकारको सम्बन्धमा 'स्त्रीशास्त्र' नामन एक छुट्टै अध्याय बनाईयो। जसमा महीलाको अधिकारका प्रकार र अधिकार लाई बिभाजन गर्ने कार्य गरियो । यस संशोधनले मुख्यतया महिलाको सम्पत्तिमा अधिकारका बारेमा ४ वटा प्रमुख परिबर्तनका पक्षमा ध्यान दियो, जुन यसप्रकार रहेका छन;

- ३५ बर्ष नाघेकी छोरीलाई पिताको सम्पत्तिमा छोरा सरह समान अधिकारको व्यवस्था गर्यो ।
- यदि आमा-बुवा, दाई भाइ छैनन भने महिलाले सम्पत्तिमा दावा गर्न पाउने छिन । उनका नातेदार तथा आफन्तले सम्पत्तिमा अधिकार पाउने छैनन ।
- विवाह भएको १५ बर्ष पुगेपछी अथवा उमेरले ३५ बर्ष पुगेकी महिलाले श्रीमानको सम्पत्तिमा अधिकार पाउने छिन । बिधवाको हकमा ३० बर्ष पुगेकी महिलाले अधिकार पाउने छिन ।
- पतिको नराम्रो व्यवहार तथा घरेलु हिंसाका कारण डिवोर्स भएमा महिलाले डिवोर्स भएपछी ५ बर्ष सम्म अथवा अर्को विवाह नगरून्जेल श्रिमानको सम्पत्ति तथा श्रिमान द्वारा आर्थिक खर्च पाउने छिन ।

यि नियमहरु केही हदसम्म महिलाका लागि राम्रा साबित भएपनि आधाअधुरा रहेका पाइए । किनभने ३५ बर्ष पुगेकी छोरीले पिताको सम्पत्तिमा अधिकार पाउने नियम त बन्यो तर विवाह पश्चात प्राप्त गरेको सम्पत्ति महिलाले माइती पक्षलाई फिर्ता गर्नुपर्ने नियम पनि संगै बन्यो । यसले गर्दा महिलामा अधिकारको सुनिश्चितता भएन । यसका साथै, महिलाले

श्रीमानको सम्पत्तिमा अधिकार पाउन बिहे गरेको १५ बर्ष कुर्नुपर्ने भयो । तसर्थ नियम कानुन पनि पुरुषकै पक्षमा देखिन्छन (Pandey, 2010)।

लैंगिक आधारमा गरिने भेदभावले महिलालाई धेरै नकारात्मक समस्याको सामना गर्नुपरेको हुन्छ । यसको परिणामको रूपमा हेर्नुपर्दा भारतमा महिला लापता हुने दर बढदो छ । चीनमा कानुनी रूपमा छोरीलाई गर्भपतन गर्न मिल्ने कानुन रहेको छ ताकि छोरालाई मात्र जन्म दिन सकुन । नेपालमा भुमिको स्वामित्व सम्बन्धि धेरै प्रयास भएका छन । हालै २००७ सालमा छोरीलाई समानताको अधिकारमा आधारित रहेर तीनको उमेर र बैवाहिक स्थितिलाई नहेरिकन पिताको सम्पत्तिमा समान अधिकार दिएको छ। कृषि मन्त्रालयका अनुसार, नेपालमा कुल जनसंख्याको ६६ प्रतिशत भन्दा बढी व्यक्ति कृषि क्षत्रमा संलग्न रहेका छन । जसले नेपालको कुल ग्राहस्थ उत्पादनमा ३६ प्रतिशत योगदान पुर्याउछ । तसर्थ कृषि मुख्य पेशा भएको समाजमा जमीनको स्वामित्व हुनु सामाजिक स्थिति र आर्थिक सहभागितको लागि महत्वपुर्ण हुन्छ । महिलाको कृषि श्रम सहभागिता र स्वामित्व बिचमा महत्वपुर्ण असहमति रहेको छ । महिलाको कृषि कार्यमा संलग्नता अधिक रहेको भएतापनि केवल १९ प्रतिशत महिलाले मात्र जमीनमा स्वामित्व प्राप्त गरेको छ। पछिल्लो समयमा घरका पुरुष विदेश जाने प्रवृत्ति बढेको हुदा कृषिमा महिलावाद र घरको निर्णय प्रक्रियामा महिलाको सहभागिता बढेको छ । नेपालको संबिधानमा १९७७ सम्म महिलाको सम्पत्तिमा एकदमै कम पहुच रहेको थियो भने २००७ साल सम्म आउदा महिला पुरुषको समान अधिकारको व्यवस्था भयो र यसलाइ एक प्रगतिशिल परिवर्तन भएको मानिन्छ । ग्रामीण महिला शिक्षा र चेतनाको अभावले जमीनमा दाबी गर्न सक्दिनन । तसर्थ लैंगिक समानता लाई अगाडि बढाउन सक्ने प्रशासनिक क्षमता स्थानीय तहमा निर्माण गरिनुपर्छ। भुमिको महत्व बारे स्थानीय लाई जानकारी प्रदान गरिदा महिला सशक्तिकरणमा थप बृद्धि हुनसक्छ । केवल कानुनी नियम मात्र महिला सशक्तिकरणका लागी उपयोगी हुन सक्दैनन । संस्थागत पहल र परिवर्तन पनि आवस्यक हुन्छ । जहा महिलाको आर्थिक सम्पत्तिमा पहुच, सामाजिक सुरक्षा र महिला बिरुद्धमा रहेका सांस्कृतिक आयामहरुलाई बदल्न जरूरी हुन्छ (Mishra, 2015) ।

महिलाका लागि पैतृक सम्पत्तिको प्राबधान निर्धारण गर्ने कानुनको भुलभुलैयाको उत्कृष्ट उदाहरणका रुपमा भारत लाई हेर्न सकिन्छ । त्यहा व्यक्ति अनुसार फरक फरक कानुन छन। जसले विभिन्न धर्मका महिलाको उत्तराधिकारी अधिकार निर्धारण गर्छ। हिन्दुहरुका

लागि हिन्दु उत्तराधिकारी ऐन (शिख, बौद्ध, जैन सहित) । मुस्लिम हरुका लागि सरिया कानुन । ईशाई र पारसी हरुका लागि भारत उत्तराधिकारी ऐन रहेको छ । त्यस्तै जनजाति समुदायका महिलाको अधिकार निर्धारण गर्ने परम्परागत छुटै कानुनहरु छन । मुस्लिम परिवारमा महिलालाई दाजुभाईको आधा हिस्सा मात्र कानुनी अधिकार छ । प्रगतिशील परिवर्तनको बावजुद हिन्दु र क्रिश्चियन कानुनमा विभेदहरु जारी रहेका छन । पारसी महिलाले गैर पारसी व्यक्ति संग विवाह गरेमा आफ्नो अधिकार गुमाउछिन । आदिवासी समुदायमा महिलाको अधिकारहरु परम्परागत कानुनको अधीनमा रहन्छन । जसमध्य अधिकांशले महिलाहरुलाई कुनैपनि जग्गा प्राप्त नगर्ने कुरा सुनिश्चित गर्ने कार्य गर्छन । यसैगरी पंजाब र हरियाणा राज्यमा जन्मने महिलालाई आमा-बाबु बाट भुमि तथा उत्तराधिकारको अधिकार छैन । दक्षिण एशिया मा अन्य देशहरुका कानुनी परिदृश्य त्यस्तै जटिल छन । भुमिको स्वामित्व बारे लैंगिक-अन्तरको बारेमा गरिएको अध्ययन अनुसार, भारतमा ८३ प्रतिशत पुरुषको तुलनामा केवल २ प्रतिशत महिलाको भुमीमा स्वामित्व रहेको पाइयो । कानुनद्वारा प्रदान गरिएका सीमित कानुनी अधिकार पनि सामाजिक मान्यता, लैंगिक असमानता, कानुनी कार्यन्वयनको कमजोरी जस्ता कारणले कम भएका छन । कानुन र व्यवहारमा पुरुष भुमि तथा सम्पत्तिमा निर्विवाद उत्तराधिकारी हुन । भुमि र सम्पत्तिको निर्विवाद अधिकारले पुरुषलाई हकको स्थायी भावना प्रदान गर्छ । अर्कोतर्फ महिला जोखिमको जीवन चक्रमा धकेलिन बाध्य छन । जब महिला आफ्नो अधिकारको दाबी गर्ने निर्णय गर्छिन तब प्रायः तिनीहरु हिंसा र प्रतिक्रियाको सामना गर्छिन । यस प्रकारको खाडल लाई बंद गर्नु अझ महत्वपुर्ण हुन्छ (Deo, 2021) ।

वैदिक युगमा महिलाको समाजमा उच्च स्थान थियो । पुरुष सरह पार्टनर रोज्न उनीहरु स्वतन्त्र थिए । गुरुकुलको शिक्षा हासिल गरेपछि मात्र महिलाहरु विवाह गर्थे । महिलाहरु पुरुषको हरेक धार्मिक कार्यमा सहभागी हुन्थिन । संयुक्त परिवार भएपनि उनी आफ्ना कार्य स्वतन्त्र भएर गर्ने गर्थिन वैदिक युगपछि विस्तारै महिलाको अवस्था खस्कन थाल्यो । ५०० देखि १८०० को समय महिलाको स्थान परिवर्तनका लागि महत्वपुर्ण रहेको छ । ''मनु'' मा आधारित कानुन आएपछि वैदिक कानुनलाई बिस्तारै हटाउन थालियो । महिलाहरु पुर्णतया उसको श्रीमानमा भर पर्न थाले । महिलाद्वारा उसको श्रीमान भगवान जसरी पुजिन थाले । बिस्तारै महिलालाइ आफ्नो घरभित्र इच्छा अनुसार कार्य गर्न पाउने अनुमति भएन । विवाह अघि पिता, विवाह पश्चात श्रीमान र वृद्धा अवस्थामा छोरामा भर पर्नुपर्ने भयो । यही समयमा

बालविवाह प्रथा आयो र छोरीको शिक्षालाई बेवास्ता गरियो । बुद्धको समयमा महिलाको अवस्था अलि सुध्रिन थालेको थियो । तर ८ औ सताब्दिको विदेशी हस्तक्षप पछि फेरि महिलाको अवस्था परिवर्तन भयो । मध्ययुग महिलाका लागि झन कहाली लाग्दो भयो । विदेशिको डरले महिलाले प्रदा प्रर्था अपनाउन थाले यसले केवल शारीरिक गतिविधि लाई मात्र असर नगरेर आर्थिक क्रियाकलापमा समेत रोक लगायो । पुरुष बहुविवाह प्रथा पनि यहि समय बाट सुरू भयो । बीचको समयमा गोर्खा र गाँधीवादी ले महिलाको हकमा केही सुधार गर्यो । १९४५ को विश्वयुद्ध पछि UN गठन भयो जसले महिलाको हकमा बोल्न थाल्यो । महिलाले पछिल्लो समयमा धेरै अधिकार पाउदा पनि समाजमा भिन्नता कायम नै छ । १९७५ मा महिला दिवस मनाउन थालेपछि शिक्षा, रोजगारका क्षेत्रमा विकाश भयो । महिलाको हकमा धेरै कानुनहरू बने तर मुश्किलले कुनै-कुनै कानुन मात्र लागु भए । संबिधानले पनि महिलाको समान हकको लागि धेरै प्रयास गर्यो । तर सदियौ देखि जेलिएको पितृसत्ता लाई हटाउन सकेन । यसका अलावा महिलाको शोषण हुनुमा सामाजिक, आर्थिक तत्वको महत्वपुर्ण भुमिका रहन्छ । जहा सानै उमेर बाट पुरुष गुरु हो उसको आदेशको पालना गर्नुपर्छ भन्ने कुरा सिकाइन्छ । यदि महिलाले संवैधानिक र नैतिक अधिकार चाहन्छिन भने उनले कठिन संघर्ष गर्नुपर्छ । सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक कार्यमा महिलाको भुमिका बढाउनु पर्छ । साथै समाज र व्यक्तिले महिलालाई शक्ति र अधिकारका लागि चेतना जगाउन पर्छ (Sapru, 1989) ।

## २.२ नारीवादी दृष्टिकोण

नारीवादी सिद्धान्तले महिला दमनका कुराको उत्थान गर्छ । दमनका कारण र परिणामको ब्याख्या गर्नुका साथै महिला मुक्तिका लागि सल्लाह दिन्छ । नारिवाद शब्दको उत्पती १८९० मा महिलामुक्ति आन्दोलन को दौरान भएको हो । महिला मुक्ति आन्दोलनका लागि नारीवादी सिद्धान्त एक बिचारधारा र सैद्धान्तिक प्रतिबद्धता थियो । महिलावादले सामान्यतया आर्थिक, राजनैतिक, सांस्कृतिक आन्दोलन लाई जनाउछ । जसको उद्धेश्य समाजमा महिलाको अधिकार स्थापित गर्नु र वैधानिक रुपमा महिलालाई सुरक्षा प्रदान गर्नु रहेको छ । यसका साथै लैंगिक असमानताको पुरानो मान्यता र समाजले निर्माण गरेको लैंगिक भिन्नताको श्रणीलाई बिस्थापित गर्ने उद्धेश्य यसले राखेको हुन्छ । खासगरी महिलावादी कार्यकर्ताले सम्पत्तिमा समान अधिकार, घरेलु हिंसा, यौन उत्पीडन, बलात्कार, कार्य स्थलमा हुने लैंगिक विभेद, भोट को अधिकार, शारिरिक स्वतन्त्रता, प्रजनन अधिकार आदि कुरामा

विशेष जोड दिन्छन । यस सिद्धान्तले समाजमा महिला पुरुष बिचमा शक्ति कसरी परिचालन भएको छ ? महिला दमन कसरी सुरू भयो ? समय संगै यसमा कस्ता परिवर्तन आए र समाजमा कस्ता-कस्ता दमन रहेका छन ? र ति दमनबाट कसरी बाहिर आउने भन्ने बारे ध्यान केन्द्रित गर्छ । महिलाहरूका बहुआयामिक पक्ष संग सम्बन्धित विषयको व्याख्या गर्नेमा उदार नारिवाद, आमुल नारिवाद, र मार्क्सवादी नारिवाद गरी तीन वटा सिद्धान्तहरु बढी प्रचलित रहेका छन । यि सिद्धान्तले महिलाको हक अधिकार र समाजमा समान हैसियतको बारेमा खुलेर बोलेका छन (Tanwar) ।

### २.२.१ उदार नारीवाद

उदार नारिवादको विकाश १९ औ शताब्दीमा भएको हो । उदार नारिवाद समान अधिकार र महिला आन्दोलनको पहिलो लहरका रुपमा चिनिन्छ । उदार नारीवाद महिला मुक्तिका लागि विचार प्रवाह गर्ने महत्वपुर्ण सिद्धान्त हो । जसले महिला स्वतन्त्रता विकास तथा परिवर्तन लाई जोड दिन्छ । यस सिद्धान्तले महिलाहरुमा हुने यौनजन्य हिंसा र शोषणको विरोधमा विचारको प्रवाह गर्नुका साथै सामाजिक न्यायलाई समाजमा स्थापित गराउनुपर्छ भन्ने मान्यतामा जोड दिन्छ । समानता नारिवाद को मुख्य नारा रहेको छ । महिलालाई समान अधिकार प्रदान गर्नु र लैंगिक भेदभाव बाट मुक्त गराउनु यसको उदेश्य रहेको छ । साथै लैंगिक आधारमा महिलाले हरेक अवसरमा समान हक पाउनु पर्छ भन्नेमा जोड दिन्छन । उदार नारिवाद तर्क गर्छन की, महिलाले पुरुष सरह हरेक क्षेत्रमा तर्क गर्न सक्छिन तसर्थ महिला लाई पुरुष सरह समान शिक्षा र नागरिक अधिकार प्राप्त हुनुपर्छ । उदार नरिवाद को मुख्य उद्धेश्य भनेको नै महिला लाई लैंगिक भेदभाव बाट मुक्त गर्नु र समान अधिकार प्रदान गर्नु रहेको छ (Tanwar) ।

### २.२.२ आमुल नारीवाद

१९६० देखि मुख्यतया पश्चिमी देशहरूमा नारीवादको दोस्रो लहरको समयमा यो सिद्धान्त विकसित भएको थियो । यो सिद्धान्त नागरिक अधिकार आन्दोलन जस्ता वामपन्थी सामाजिक आन्दोलनबाट प्रभावित छ । आमुल नारिवाद १९६० को दशकमा लोकप्रिय भएतापनि यस समयभन्दा दशकौ अगाडि यसको सुरुवात भएको विश्वास गरिन्छ । उदाहरणका लागि २० औ शताब्दीको प्रारम्भमा महीला मताधिकार आन्दोलनमा महिलाहरूले गरेका केही कार्यहरूलाई आमुल मान्न सकिन्छ । त्यसैगरी सन १९११ मा इङ्गल्याण्डमा "द फ्री वुमन"

शीर्षकको एक आमुल नारीवादी समीक्षाले महिला, विवाह, राजनीति, वेश्यावृत्ति, यौन सम्बन्ध, महिला उत्पीडन र यसको अन्त्यका लागि क्रान्तिकारी विचार द्धारा साप्ताहिक लेखहरू प्रकाशित गरिएका थिए । यो समयको वरिपरि उदय भएको एक महत्वपुर्ण आमुल नारीवादी समुह न्युयोर्क आमुल महिला समुह हो । सन १९६८ मा 'मिस अमेरिका पेजेन्ट' को बेला यस समुहको एक चर्चित विरोध भएको थियो । जहा सयौ महिलाले प्रतियोगिता 'गाई लिलामी' भएको घोषणा गर्दै रर्याली निकालेका थिए । यस कार्यक्रमको प्रत्यक्ष प्रसारणको क्रममा महिलाहरूले 'महिला मुक्ति' लेखिएको व्यानर प्रदर्शन गरेका थिए । यसले उग्र नारीवादी आन्दोलनप्रति जनचेतना जगाएको थियो । आमुल महिलावादी विश्वास गर्छन की पितृसत्ता महिलाको लागि बाधा हो । विवाह र परिवार पितृसत्ताको अस्तित्व लाई अनुमति दिने प्रमुख संस्था हुन । समाजमा पितृसत्ता लाई बिस्थापित गर्न आवश्यक छ । यसका लागि परिवारले लैंगिक विभेदता हटाई लैंगिक पृथकतावादमा जोड दिनुपर्छ । आमुल नारिवादले परम्परागत पितृसत्ता र महिला लाई उत्पीडनमा राख्ने लैंगिक भुमिका लाई भत्काउन खोज्छ । आमुल महिलावादका अनुसार, पितृसत्ताले महिलाको यौनश्रम माथि पुरुषको एकलौटी नियन्त्रण राख्ने गरेका छन (Mcleod, 2023)।

### २.२.३ मार्क्सवादी नारीवाद

मार्क्सवादी नारीवाद ले नारी दमनका पक्षलाई व्याख्या गर्छ । महिलाप्रति भइरहेको शोषण र दमन लाई मार्क्सवादी महिलावादले पुजीवादी विरोधी सिद्धान्तका रुपमा व्याख्या गरेका छन । यिनले राजनैतिक र आर्थिक आयाम भित्रका जातीयता, लैंगिकता तथा वर्ग शोषणमा ध्यान दिएका छन । यसका साथै समाजको वर्गीय चरित्र नै महिला विभेदको मुल कारक तत्व हो भन्ने निष्कर्ष मार्क्सवादी महिलावादको रहेको छ । मार्क्सवादी महिलावादले पुजीवाद लाइ आर्थिक असमानता तथा निर्भरता लाई जन्मदिने, महिला लाई राजनैतिक चेतना र अधिकारबाट वञ्चित गराउने तथा महिला र पुरुष बिच अस्वस्थ सामाजिक सम्बन्धको सिर्जना गर्ने व्यवस्थाको रूपमा चित्रण गर्छ । मार्क्सवादी महिलावादले पुजीवादी दासता बाट महिलालाई मुक्ति दिलाउने मार्ग माथि ध्यान केन्द्रित गर्छ । त्यस्तै यस व्यवस्थाले महिलालाई भोग विलास गर्ने वस्तुका रूपमा लिएको छ । पुजीवादी उत्पादन प्रणालीमा पुजिपतिहरुले महिलालाई सन्तान उत्पादन गर्ने साधनका रुपमा लिएका छन । महिला माथि हुने अन्याय र

असमानता लाइ पुजीवादी व्यवस्थाको अन्त्य द्वारा नै हटाउन सकिन्छ भन्ने मार्क्सवादी नारीवादको मुख्य जोड रहेको छ (Armstrong, 2020)।

### २.३ बिश्वका महिलाको सम्पत्तिमा पहुच

प्रत्येक राष्ट्रको कानुन, मुल्यमान्यता तथा समाजले सम्पत्तिको पहुच हुने र नहुने कुरामा भुमिका खेलेको हुन्छ । अहिले प्रत्यक देशहरुले महिलाको सम्पत्तिमा समान पहुच हुनुपर्ने कुरालाई महत्वका साथ हेर्दे आएका छन । महिलाको सम्पत्तिको कुरा महिला मुक्ति र सशक्तिकरण संग प्रत्यक्ष रुपले जोडिएको हुन्छ । पिता तथा पतिको सम्पत्तिमा महिलाको के-कति मात्रामा अधिकार रहेको छ तथा सम्पत्तिमा महिलाको पहुचको अवस्था कस्तो रहेको छ भन्ने कुरा हेर्नका लागि विभिन्न देशको अध्ययन गर्नु आवश्यक रहेको हुन्छ । तसर्थ महिलाको सम्पत्तिमा कुन देशमा कस्तो अवस्था रहेको छ भन्ने कुरा हेर्नका लागी भारत, चीन, श्रीलंका, फिलिपिन्स र नेपाल गरी ५ वटा देशको अध्ययन लाइ तल सविस्तारमा हेरिएको छ ।

#### २.३.१ भारत

भारतमा हिन्दु हरुको वर्चस्व धेरै रहदै आएको छ । हिन्दु विधी अनुसार हिन्दुको सम्पति उत्तराधिकारी ले प्राप्त गर्छन । हिन्दु उत्तराधिकारी संशोधन ऐन १९२९ र हिन्दु महिलाको सम्पत्तिको ऐन १९३७ ले महिला अधिकार लाई व्यवस्थित गर्न खोज्यो तर महिलाको आर्थिक स्थितिमा सुधार आएन । अन्शियार मरेको अवस्थामा विधवा पत्निको हक रहने गरेको छ तर महिलालाइ सिमित स्वामित्व प्रदान भयो । फलस्वरूप हिन्दु उत्तराधिकारी ऐन १९५६ आयो जसले महिलालाई उत्तराधिकारी घोषित गर्यो । जसअन्तर्गत निम्न सुधार गरेको छ ।

- महिला र पुरुष बिचको विभेद समाप्त गरी महिलाले प्राप्त गरेको सम्पतिमा पुर्ण स्वामित्व दियो ।
- महिला वा पुरुष लाइ उत्तराधिकारीको क्रममा एउटै क्रम निर्धारित गर्यो ।
- स्त्री धनको व्यवस्था समाप्त गरी एउटै उत्तराधिकारीको व्यवस्था कायम गर्यो ।
- विधवा, परित्यक्त र अविवाहित लाई पिताकै घरमा बस्न पाउने अधिकार दियो ।

भारतीय महिलाले सम्पत्ति प्राप्त गर्ने अवस्थाहरु छुटयाइएका छन । जुन यसप्रकार रहेका छन;

- हिन्दु विवाह ऐन १९५५ को दफा २४ अनुसार, सम्बन्ध विच्छेद भएमा आर्थिक स्थिति कमजोर पक्षले अर्को विवाह नगरेसम्म आजिवन निर्वाह वृत्ति पाउने अधिकार छ ।
- भरणपोषणमा दिने रकम मासिक आवधिक वा एकमुष्ठ दिने गरी अदालतले आदेश दिन सक्ने र परिस्थिति परिवर्तन भएमा अदालती आदेशमा आर्थिक स्थिति, नैतिक स्तर हेरेर भरणपोषणको रकम घटाउने समाप्त गर्ने गर्नसक्छ। अदालतलाई मनासिव लागेमा प्रतिवादीको अचल सम्पत्तिमा पनि भरणपोषणको दायित्व दिन सक्छ ।
- हिन्दु उत्तराधिकारी ऐन १९५६ को दफा ८ मा, छोरीलाई पिताको सम्पत्तिमा समान अधिकार प्रदान गरेको छ। उक्त अनुच्छेदको धारा २१ मा अविवाहित छोरीले जन्मेको परिवारबाट भरण पोषण अधिकार पाउने । दफा २३ मा अविवाहित तथा विधवा छोरीलाई पिताको घरबाट पुर्ण रूपमा अधिकार रहन्छ (Malanie, 2022) ।

### २.३.२ चीन

१९१० को दशकको उत्तरार्धमा चीन मा महिलाले विवाह गरेर श्रीमानको घर गएपछी जमीन तथा सम्पत्तिमा कुनै अधिकार पाउदिन थिइन । उसको दाई-भाइ छैनन भने गाउले लाई जमीन दिने प्रचलन थियो । छोरी अर्काको घर जान्छ भनेर सम्पत्तिको अधिकार माता-पिताले छोरीलाइ दिदैन थिए । यो प्रचलन धेरै समय सम्म रहयो । विवाह, सम्बन्धबिच्छेद तथा बिधवा हुदा महिलाले सम्पत्तिको कुनै अधिकार पाएको हुदैन थियो । १९११ सम्म चीनमा पिताको हाथमा सम्पुर्ण अधिकारको पहुच रहेको हुन्थ्यो । तर १९९८ मा चीनले जमीन मार्फत व्यापक परिवर्तनको घोषणा गर्यो । १९५० मा चीनको कानुनले महिलालाई पहिलो पटक सम्पत्तिको स्वामित्वमा समान अधिकार प्रदान गरेको थियो । जनवादी गणतन्त्र चीनको संविधान सन १९५४ को धारा ४८ ले महिला तथा पुरुष लाई जीवनका हरेक क्षत्रमा समानताको हक प्रदान गरेको छ । धारा ४३ अनुसार, बिवाहित महिलाले दाम्पत्य जीवनमा आर्जित सम्पत्तिमा लोग्ने सरह उपयोग गर्ने कारोबार गर्ने हक दिएको छ। त्यसैगरी भाग ४४ मा सम्बन्ध विच्छेद भएको महिला लाई  घरको स्वामित्व प्रदान गरेको छ । यसका साथै चीनको सरकारले महिलाको बैद्यानिक हकहीत को रक्षा गर्नका लागि महिला र पुरुष बिच समानता कायम गर्न ऐन कार्यन्वयन गरेको छ (Liaw, 2008)।

### २.३.३ श्रीलंका

श्रीलंकामा व्यक्ति बिशेष लागु हुने बहुलवादी कानुन रहेको छ । यहा मुख्यतया कंदान (kandan law), थेसावलमै (Thesawalamai) र मुस्लिम गरी ३ वटा कानुन रहेका छन । यी कानुन अन्तर्गत बिहे, डिभोर्स र सम्पतिमा अधिकार सम्बन्धी फरक फरक मान्यताहरु रहेका हुन्छन । यि नियमको संदर्भमा 'चैडाव' ले २०११ को प्रतिवेदनमा श्रीलंकाको व्यक्तिगत कानुन, कानुन बाट बाहिर गएको बताएका छन । कन्दान कानुन १८१५ का कन्दान राज्यका बासिन्दाका लागि लागु हुन्थ्यो । ठेसवालमै को कानुन उत्तरी तमिल राज्यका बासिन्दा र त्यहाका जमीनका लागि लागु हुने कानुन हो । मुस्लिम कानुन श्रीलंकाका मुस्लिम जातिका लागि प्रयोग गरिन्थ्यो । श्रीलंकाको संविधान १९७८ ले लिंगको आधारमा महिला पुरूष बिच भेदभाव नगरी समान संरक्षणको अधिकार प्रदान गरेको छ । तर महिलाको हक अधिकारको सुनिश्चिता भने गर्न सकेको छैन । कन्दान कानुन पालन गर्नेहरुले सामान्यतया विवाह, संबंध विच्छेद, सम्पत्ति र उत्तराधिकारीको मामिलामा महिला अधिकार लाई मान्यता दिदैनन । पुरुष र उसको उत्तराधिकारीले मात्र घर जग्गा र अन्य पैतृक सम्पत्तिमा अधिकार पाउछन । ठेसवालमै जफ्ना प्रान्तका तमिल बासिन्दा लाई लागु हुने कानुन हो ।

ठेसवालमै कानुन १७०७ मा डच उपनिबेश द्वारा संहिताबद्ध गरिएको थियो । १८०६ मा ब्रिटिश नियम द्वारा कानुनहरु लागु गरिएका थिए । पत्नीले कुनैपनि सम्पत्ति धितो राख्दा पतिको सहमति लिनुपर्छ । श्रीलंकामा महिलाको हक अधिकारमा राज्य सरकार र संस्थाले बेवास्था गर्दै आएको छ । दोश्रो विश्वयुद्धका कारण श्रीलंकाको उत्तरी प्रान्त बाट धेरै तलिम समुदायका व्यक्तिहरु देश छोडेर बिदेशमा पसे । तर उत्तरी क्षत्रमा उनको अचल सम्पत्ति र परिवार रहेको थियो । यस्तो अवस्थामा श्रीमतीले श्रीमान धेरै समय सम्म पनि घर नआउदा अर्को विवाह गर्नको लागि श्रीमान मृत्यु भएको प्रमाण ल्याउनु पर्ने हुन्छ जुन अन्यायपुर्ण रहेको छ । थेसवालमै कानुनको सुधार खासगरी जातीय आधारमा बढी समस्या ग्रस्त रहेको छ । श्रीलंकामा मुस्लिम कुल जनसंख्या १.४ मिलियन मध्य लगभग ७.५ प्रतिशत मुस्लिम रहेका छन । जो दोश्रो ठुलो अल्पसंख्यक समुदाय हुन । श्रीलंकाका मुस्लिमहरु मुस्लिम विवाह र तलाकद्वारा शासित छन । यस समुदायको धेरैजसो मुस्लिमहरु सफी समुदायका छन भने केही हनफी समुदायका रहेका छन । यस समुदायमा पनि महिलाको सम्पत्तिमा पहुचको अवस्था एकदमै कम रहेको पाइन्छ । कानुन अनुसार, यहाको नारीले आपनो समुदाय बाहीर विवाह

गरेमा आपनो परम्परागत अधिकार गुमाउने गर्छिन। यसले साम्प्रदायिक सम्बन्धमा महिलालाई प्रतिबन्धित गर्छ (Thamilmaran, 2011)।

### २.३.४ फिलिपिन्स

फिलिपिंस को संबिधान १९८६ ले महिला र पुरुष लाई सम्पत्तिको बराबर पहुच दिएको छ। महिला र पुरुष लाई समान नजरले हेरिन्छ तर कतिपय ग्रामीण र विकट स्थानमा भुमि पहुच र नियन्त्रणलाई स्थानीय सरकारको नियमकानुन ले महिला र पुरुषको भुमिमा दावि गर्न प्रभाब पार्छ। यहाको नियमले महिला लाई औपचारिक भुमि स्वामित्वमा सिमित पार्छ। राज्यका असमान निति-नियमले पुरुषलाई घर र जमीनको मालिक बन्नमा प्रेरित गर्छ। पितृसत्तामा आधारित नीतिनियमले महिलालाई जमीनको स्वामित्व पाउन बाट बञ्चित गर्छ। परिवारमा जमीन कसलाई दिने भन्ने कुराको अधिकार परिवारका सदस्य लाई हुन्छ। पतिको मृत्यु पश्चात पत्निले सम्पत्तिमा पुरा अधिकार पाउने गर्छिन। उनले प्राप्त गरेको सम्पत्ति आपनो छोरा-छोरीलाइ समान रुपमा प्रदान गर्ने गर्छिन। फिलिपिंस मा जमीन किन्ने बेच्ने तथा प्राप्त गर्ने कुरामा महिला र पुरुष दुबै जनाको बराबर अधिकार रहेको हुन्छ। आमा-बुवा जीवित हुन्जेल नै उत्तराधिकारी छान्ने प्रचलन रहेको छ। तर धेरैजसो आमा-बाबुले सम्पत्ति छोराहरुलाई दिने गरेका छन, किनभने "बहाल ना आंग आसावा निया" अर्थात छोरीलाई उसको पतिले हेरचाह गर्छ भन्ने मान्यता धेरैमा रहेको रहेको हुन्छ (Alano, 2015)।

### २.३.५ नेपाल

१९७५ मा UN ले अर्न्तराष्ट्रिय महिला दिवस को घोषणा गरेपछी ८ मार्च देखि नेपालमा पनि महिला दिवस मनाउन थालियो र यही बर्ष मुलुकी संहिता परिमार्जित गरी महिलाको पैतृक हक सम्बन्धि दफा लाई समावेस गरियो। उक्त धारा अनुशार ३५ बर्ष सम्म अविवाहित छोरिले पिताको सम्पत्तिमा छोरा सरह अधिकार पाउनेछिन। १९१० मा बहुदलीय प्रजातन्त्रको पुनस्थापना संगै नया संविधान ले लैंगिक आधारमा कसैलाई पनि भेदभाव नगर्ने प्रत्याभुति दिलाएको छ र यसलाई नेपालको पहिलो कानुनी दस्तावेजको आधारमा पनि लिईन्छ। यसका साथै सरकारले १९९१ मा संयुक्त राष्ट्रसंघ लाई महिला बिरुद्ध सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धि महासन्धि अनुमोदन गर्यो। यसपछी राष्ट्रीय महिला आन्दोलन, मार्क्सवाद, लेनिनवादले महिलाको विषय लाई पटक पटक उठाउदै महिला अधिकारको मुद्दा लाई चुनाबी घोषणापत्रमा समावेश गरे तर सरकारले यो विषयलाई महत्वपुर्ण विषयका साथ

लिएको थिएन । अन्तत १९९३ मा महिलाको मुद्दा सर्वोच्च अदालतमा दायर भयो । २ बर्ष पश्चात १९९५ मा अदालत द्वारा महिलाले समान हक पाउने भन्ने कुरा सहीत बिल पास भयो । उक्त मुद्दा ६ बर्ष पश्चात, १७ जुलाई २००१ मा संसद समुह द्वारा एकमत भएर पास भयो । अर्कोतर्फ महिला संगठनले विवाह पश्चात पिताको सम्पत्ति फिर्ता गर्नुपर्ने नियम हटाउन अदालत लाई दबाब दिईरहेका थिए । यि सबै घटनाक्रमले महिलाको हक अधिकार सम्बन्धि कानुन नबन्ने तथा लम्बिने देखियो । यस पश्चात १४ मार्च २००० मा विधेयक संसद बाट पारित भयो, यो महिलाका लागि ठुलो उपलब्धि थियो (Pandey, 2002)।

२००७ साल चैत्र २९ गते जारी गरिएको विधानको दफा १६ मा राज्यले धर्म, लिङ्ग तथा वर्णका आधारमा कुनै नागरिकलाई भेदभाव गरिने छैन भनिएको थियो । यसका साथै कार्यस्थलमा महिला र पुरुषका लागि समान खालको तनखा दिलाउने भन्ने कुरा समावेश गरियो तर कार्यन्वयन भने हुन सकेन । यसपछी लागु भएको नेपालको संविधान २०१५ मा धर्म, वर्ण, लिंग, जातजाति आदिको आधारमा भेदभाव नगरिने व्यवस्था गरी समानताको हक लाई स्पष्ट पारेको छ । विगतका संविधानहरुमा भन्दा नेपाल अधिराज्यको संविधान २०४७ मा महिला लाई अलिबढी अधिकार प्रदान गरेको छ जस अन्तर्गत ;

- महिला र पुरुष लाई पारिश्रमिक प्रदान गर्ने कुरामा भेदभाव नगरीने । दुबैलाई प्रचलित कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने तथा सम्पत्तिको कारोबार गर्ने हक दिएको छ । धारा २७ भाग ७ मा राज्यले महिलाको हितको लागि शैक्षिक स्वास्थ्य तथा रोजगारीको विषयमा विशेष किसिमको निति बनाउन सक्ने व्यबस्था गरेको छ ।
- यसका साथै, नेपालको अन्तरिम संविधान २०६२ विगतका संविधान भन्दा अझै अगाडि बढेको देखिन्छ (U.N Report)।

## २.४ महिला अधिकारका सिद्धान्त र वास्तविक अभ्यासहरु

नेपालको हकमा कुरा गर्नुपर्दा २३.८ प्रतिशत घरधुरीका महिलाले घर र जमीनमा स्वामित्व पाएका छन । २०७८ सालको जनगणनामा यो १.१ प्रतिशतले बृद्धि भएको छ । देशमा कुल ६ करोड ६६ हजार ९३७ घरपरिवार रहेका छन । त्यस्तै आवासीय घरको संख्या ६ करोड ६ लाख ६० हजार रहेको छ । यसमध्ये ३१.५५ प्रतिशत घरपरिवार महिलाले संचालन

गरेका छन । जुन अघिल्लो जनगणनाको तुलनामा ५.८२ प्रतिशतले बढेको देखिन्छ । महिला र पुरुषको साक्षरता दर क्रमशः ८३.६ प्रतिशत र ६९.४ प्रतिशत रहेको छ । यसले साक्षरता दरमा पनि बृद्धि भएको जनाउछ । विगत १० बर्षमा पारिवारिक सम्पत्तिमा महिलाको पहुच बढेको पाइन्छ (https://censusnepal.cbs.gov.np) ।

विश्व बैंक २०२२ महिलाको रिपोर्ट अनुसार, करीब २.४ बिलियन महिलाले कार्य स्थलमा असमान आर्थिक स्तर वहन गरेका छन । अध्ययन अनुसार, १७८ देशहरुले महिलाको हकमा कानुनी अवरोधहरु कायम राखेको छ । ८६ देशहरुका महिलाले काममा कुनै न कुनै प्रतिबन्धको सामना गरीरहेकी छिन । ९५ देशहरुले समान कार्यको लागि समान पारिश्रमिकको व्यबस्था गरेका छैन । विश्वव्यापि महामारी कोविड १९ बाट महिलाको जीवन र जीविकोपार्जनमा असर परेपनि २३ देशले २०२१ मा महिलाको आर्थिक रूपमा समावेशिता लाई अगाडि बढाउनका लागि कानुनहरु परिमार्जित गरेका छन । महिला व्यवसाय र कानुन २०२२ ले कार्यस्थल, तलब, विवाह, अभिभावकत्व, उधमशिलता, सम्पत्ति र निबृत्तिभरण लगायतका आर्थिक सहभागितालाई असर गर्ने आठवटा क्षत्रमा १९० देशहरुको नियमकानुन लाई मापन गरेका छन । जहा केवल १२ वटा देशहरुमा कानुनीरूपमा लैंगिक समानता रहेको पाइयो ।

मध्य पुर्व, उत्तर अफ्रीका र उप-सहारा अफ्रीका क्षत्रहरुले २०२१ मा WBL सुचकांकमा सबैभन्दा बढी सुधार देखाएका थिए । जबकि यिनीहरु समग्रमा विश्वको अन्य भाग-भन्दा पछाडि परेका छन । 'ज्ञबोन' ले महिला हिंसा बिरुद्व कानुन निर्माण गरेको थियो जसको परिणाम स्वरूप २०२० मा, ५७.५ प्रतिशत बाट २०२१ मा ८२.५ प्रतिशतले लैंगिक भेदभावमा सुधार गर्नुका साथे बैंकमा खाता खोल्न पाउने अधिकार महिलालाई प्रदान गर्यो । विश्वभर ११८ अर्थव्यवस्थाहरुले आमाहरुलाई १४ हफ्ता भुक्तान बिदाको ज्ञारन्टी दिन्छ र गतबर्ष महिला लाई १० हफ्ता प्रसुति भुक्तान विदा प्रदान गर्ने पहिलो राष्ट्रको रुपमा चीन रहेको छ । आर्मेनिया, स्विटजरलैंड र युक्रेनले पनि पितृत्व भुक्तान विदाको नियम लागु गरेका छन । यसका साथै कोलम्बिया, जर्जिया, ग्रीस र स्पेनले सशुल्क अभिभावकीय बिदा प्रदान गरेका छन । जसले आमाबाबु दुबैलाई बच्चाको हेरचाह गर्न सहज हुन्छ ।

१२ उन्नत अर्थतन्त्र भएका राष्ट्रमा महिलाको हक सम्बन्धी कानुन कार्यन्वयन भएको पाइन्छ । जसन्तर्गत बेल्जियम, क्यानडा, डेनमार्क, फ्रांस, ग्रीस, आइसलैंड, आयरलैंड, लटभिया,

लक्जम्बर्ग, पुर्तगाल, स्पेन र स्विडेन  लगायत १२ उन्नत अर्थतन्त्र भएका राष्ट्रमा महिलाको हक सम्बन्धी कानुन कार्यन्वयन भएको पाइन्छ । पुर्बी एशिया र प्रशान्त क्षेत्रमा लैंगिक समानतामा एकदमै कम ध्यान दिएको पाइन्छ। गत बर्ष एशियाका २ वटा देशको अर्थतन्त्रमा सुधार भएको देखिन्छ। जसअन्तर्गत कम्बोडियामा बृद्ध अवस्थामा महिला र पुरुषले पुर्ण पेन्सन सुविधाका साथ अवकाश लिन सक्ने र भीयतनामले महिलाको रोजगारिमा लगाएका सबै प्रतिबन्ध हटाएर अधिकारको पक्षमा सुधार गरेको छ । युरोप र मध्य एशिया क्षेत्रमा ८४.१ प्रतिशत महिलाको अधिकारको व्यवस्था भएको पाइन्छ। साइप्रसले  महिला लाई पुरुष सरह राहदानिका लागि आबेदन दिन अनुमति दिएको छ जबकि यो अघि यस्तो नियम लागु भएको थिएन ।


अमेरिका र क्यारिवियनमा महिला संग पुरुषको तुलनामा तीन चौथाई कम कानुनी अधिकार रहेको छ । यस क्षत्रमा ३२ देशहरु मध्य गतबर्ष २ देशले केही सुधार गरेको छ । जहा अर्जेन्टीनाले बाल हेरचाहका कारण महिलाको कार्यस्थलमा अनुपस्थिति लाई प्रष्ट पार्यो र कोलम्बिया ले महिला बिरुद्ध हुने हिंसा लाई कम गर्ने उदेश्यले भुक्तान सहितको अभिभावकीय बिदा लागु गर्यो । यो कानुन लागु गर्नेमा कोलम्बिया अमेरिका को पहिलो देश बन्यो । मध्य पुर्व र उत्तर अफ्रीकामा पुरुषको तुलनामा महिलाले आधा भाग मात्र कानुनी अधिकार रहेको पाइन्छ। यद्यपि यस क्षत्रका पाच राष्ट्रले कानुनमा सबैभन्दा बढी सुधार गरेको छ। यस क्षेत्रमा बहराईनले कामको लागि महिला पुरुषको समान पारिश्रमिक अनिवार्य गर्यो र महिलाको रातको काम गर्ने प्रबृतिमा प्रतिबन्ध लगायो । इजिप्टले महिलाको घरेलु हिंसा कम गर्न र बित्तिय सेवाहरुमा लैंगिक भेदभाव लाई निषेध गर्न महिलाको लागि ऋृण पहुचको अवस्था लाई सहज बनायो। कुवैत ले रोजगारीको क्रममा हुने यौन दुर्व्यवहार सम्बम्धी कानुन निर्माण गर्यो। त्यस्तै लेबनानले रोजगारिमा महिला बिरुद्ध हुने यौन उत्पीडनलाई अपराधिकरण गर्ने कानुन बनायो ।

दक्षिण एशियामा महिला संग पुरुषको तुलनामा दुई तिहाई मात्र अधिकार रहेको छ। यस क्षत्रमा पाकिस्तानले महिलालाई राति काम गर्ने कार्यमा प्रतिबंध लगाएको छ। यस्तैगरी उप-सहारा अफ्रीकामा मोरिसस र सु-डानमा पनि महिलाको हक सम्बन्धी सुधारहरु भएका छन । त्यस्तै 'अंगोला' ले रोजगारिमा हुने यौन उत्पीडनलाई कम गर्न कानुन बनाएको छ। बेनिन ले महिलाको रोजगारिको प्रतिबन्ध हटायो जसले गर्दा महिलाहरुले पुरुष सरह समान

कामहरु गर्न पाउने भएकी छिन। 'बुरुंडी' ले समान मुल्यको कामको लागि समान पारिश्रमिक अनिवार्य गरेको छ । टोगोले पनि महिलाको हकमा नया कानुन पेश गर्यो । जसअन्तर्गत गर्भवती महिला कामदार लाई बर्खास्त गर्न पाइने छैन। यति सबै कुराहरुमा महिलाको हक अधिकारको लागि प्रयासहरु भैरहदा सम्पतिको अधिकार सम्बन्धि भने महिलाको अवस्था प्राय एकनासको रहेको छ। लैंगिक समानता सुधार गर्नका लागि कानुन मात्र प्रर्याप्त छैन। कानुन कार्यन्वयन पनि हुनुपर्छ। साथै सामाजिक, सास्कृतिक, र धार्मिक मान्यताहरुमा पनि ध्यान दिनु तथा सुधार गरिनु अतिआवश्यक हुन्छ (worldbank, 2022)।

माथि सन्दर्भ साहित्यको पुनरावलोकन गर्ने क्रममा लेखहरु पढिरहदा, महिलाको अवस्था प्रष्ट रूपमा बुझ्न मदत मिलेको छ। महिला र महिलाहरुको हक अधिकारका लागि अहिलेसम्म भएका आन्दोलन, कानुन निर्माण, महिलाले भोग्नु परेका विभेदहरु र कानुनका अस्पष्ट नियम बारेमा थुप्रै लेखकले कलम चलाएका छन। तर महिलाका मुलभुत समस्या र कानुनका अस्पष्ट नियम बदल्नुपर्नेमा ठोस सुझाव आएको पाइएन । समाज र समाजका रूढिवादी प्रथाले महिला लाई उनको हक अधिकारको पहुचबाट टाढा राखेको छ । समाज र सस्कृती सगै कानुनले पनि महिलाको अधिकारको पहुचमा स्पस्ट कानुन नबनाएर र नियम कार्यन्वयनमा एकदमै कम ध्यान दिएर महिला लाइ सम्पत्तिको अधिकार बाट बञ्चित गरेको छ । साथै पितृसत्ता एक समस्याका रुपमा रहेको कुरा प्रति सरकारको चासो नहुनुले समस्या झन विकराल भएको देखिन्छ । समग्रमा हेर्दा, विश्वमा महिलाको सम्पत्तिमा पहुचको अवस्था लगभग समान खालको छ। तर एशिया, लैटिन अमेरिका र अफ्रीकामा भने महिला दमन गर्ने प्रचलन युरोप भन्दा बढी रहेको छ। तसर्थ यि समस्यालाइ हेरिनु आवश्यक रहेको हुदा निम्न समस्याहरुमा आधारित रहि अध्ययन गरिएको छ ।

## २.५ अवधारणागत संरचना




माथि तालिकाद्वारा महिलाको सम्पत्तिमा पहुच कुन-कुन तत्वमा रहेको छ र सम्पत्तिको पहुचमा बाधा अवरोधका तत्व के-के रहेका छन भन्ने कुरालाइ अवधारणागत संरचना द्वारा दर्शाइएको छ। महिलाले प्राप्त गर्ने सम्पत्ति अन्तर्गत चल र अचल गरी दुई किसिमका सम्पत्ति रहेका छन । यसका साथै शेयर, पशुधन लाई पनि सम्पत्तिमा समावेश गरिएको छ। जसलाइ सामाजिक तत्व, समाजका मुल्य मान्यता, सामाजिक संस्था लगायत आर्थिक सांस्कृतिक तथा कानुनी तत्वहरु महिलाको सम्पत्तिको पहुचमा बाधा बन्ने गरेको कुरालाई यहा दर्शाइएको छ ।

# अध्याय तिन : अनुसन्धान विधी

## ३.१ अध्ययन क्षेत्रको छनौट

यो अध्ययन कञ्चनपुर जिल्ला अन्तर्गत पर्ने बेलौरी नगरपालिका वडा नं. १० शिवनगर गाउमा सञ्चालन गरिएको छ । १० नं. वडामा विभिन्न जातजातिका व्यक्तिहरुको बसोवास रहेको हुदा फरक फरक जातजातिका महिलामा सम्पत्तिको पहुचको अवस्था हेर्न सहज हुनुका साथै जातिगत आधारमा अध्ययन हुदा अध्ययनको दायरा फराकीलो हुने छ । अध्ययन क्षेत्रमा जम्मा ६८२१ जना मानिसहरू बसोबास गर्छन, जसअन्तर्गत ब्राह्मण, क्षत्री, ठकुरी, दमाई, कामी, थारु लगायत जातजाति को बसोबास रहेको छ । अध्ययन स्थल पितृसत्तात्मक समाजमा आधारित हुनुका साथै महिलाको अवस्था पनि कमजोर रहेको छ । महिला तथा महिलाको सम्बन्धमा यस अघि अध्ययन स्थलमा कुनैपनि अध्ययन नभएको हुदा अध्ययन कार्यलाई थप अनुसन्धान गर्न प्रेरित गरेको छ । तसर्थ यो स्थान अध्ययनका लागि उपयुक्त रहेको छ ।

समाजमा संघसंस्था द्वारा आयोजित कार्यक्रम तथा भेलामा महिलाको भन्दा पुरुषको सहभागिता उच्च रहेको छ । पितृसत्तात्मक सामाजिक संरचनामा आधारित समाज रहेका कारण अध्ययन स्थलका महिलाको हक अधिकारको अवहेलना भएको छ । साथै महिलाले कुनै कार्यक्रममा सहभागी हुनुपर्दा तथा निर्णय प्रक्रियाका हरेक क्षेत्रमा पुरुषको सहमति अनिवार्य लिनुपर्ने देखिन्छ । यि विविध कारणले गर्दा यो क्षेत्र महिलाको सम्पत्तिमा पहुच विषयको अध्ययनका लागि उपयुक्त रहेको छ ।

## ३.२ अनुसन्धान ढाचा

यस अध्ययनमा वर्णनात्मक (discriptive) र अन्वेषणात्मक (exploratory) दुवै ढाचाको प्रयोग गरिएको छ । अध्ययन क्षेत्रमा अध्ययन गरिएका उत्तरदाता समुहको जातजाति तथा उमेरगत आधारमा सामाजिक, आर्थिक, सास्कृतिक, संस्थागत विशेषता लाई जोडेर पत्ता लागेका कुरालाई व्याख्या गरिनुका साथै महिला पुरुष बिचमा सम्पत्तिको पहुचको अवस्था लाई पनि वर्णन गरिने हुदा यो अध्ययन वर्णनात्मक ढाचामा आधारित रहेको छ । समाजमा महिलाको अवस्था कस्तो रहेको छ ? खासगरी सम्पत्तिको पहुचको अवस्था के कस्तो रहेको छ ? घरपरिवार र श्रीमान श्रीमतीबिचको सम्बन्ध कस्तो रहेको छ ? तथा समाजमा महिला

र पुरुषको सम्बन्ध कस्तो रहेको छ ? सम्पत्तिमा महिलाले कति पहुच पाएको छ लगायतका कुरालाई अन्वेषण गरिने हुदा अन्वेषण ढाचाको प्रयोग गरिएको हो ।

### ३.३ तथ्यांक संकलनका स्रोत

प्राथमिक र द्वितीय गरी तथ्यांक संकलनका दुईवटा स्रोतहरु रहेका छन । जसमध्ये अध्ययनमा दुईवटै स्रोतद्वारा नमुना संकलन गरिएको छ। अध्ययन क्षेत्रमा महिलाको सम्पत्तिमा पहुचको अवस्था बारे जानकारी प्राप्त गर्नका लागि यि दुबै विधिको प्रयोग गरिएको हो । जसअर्न्तगत प्राथमिक डाटा संकलन गर्नका लागि सामाजिक अनुसन्धानका विभिन्न विधिको पयोग गरी अध्ययन स्थलमै गएर नमुना संकलन गरिएको छ। अर्कोतर्फ द्धितिय डाटा संकलन गर्नका लागि प्रकाशित तथा अप्रकाशित विभिन्न लेखहरुको माध्यम द्वारा अध्ययनका लागि जानकारी प्राप्त गरिएको हो । यि दुईवटा विधिको बारेमा तल सबिस्तारमा व्याख्या गरिएको छ ।

### ३.३.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत अन्तर्गत, अध्ययनकर्ता प्रत्यक्ष रुपमा अध्ययन क्षेत्रमा उपस्थित भएर जानकारी संकलन गरिएको हुन्छ । जसअन्तर्गत सर्वप्रथम उत्तरदाताको पारिवारिक विवरण संग सम्बन्धित जानकारीमुलक प्रश्नावली निर्माण गरिएको थियो । साथै महिलाको सम्पत्तिमा पहुचको अवस्था बारे जानकारी प्राप्त गर्नका लागि चेकलिस्ट पनि तयार पारिएको थियो । जसमा महिलाको आर्थिक पहुच र अधिकारको बारेमा ज्ञान प्राप्त हुने खालका प्रश्नहरु निर्माण गरिएका थिए । उक्त निर्माण गरिएका प्रश्नहरु उत्तरदाता महिला संग सोधेर प्राथमिक रुपमा जानकारी संकलन गरिएको छ ।

### ३.३.२ द्धितिय स्रोत

दितिय स्रोत अन्तर्गत पहिले नै लेखिएका लेखहरु तथा संकलन गरिएका जानकारीहरु रहेका हुन्छन । प्रकाशित तथा अप्रकाशित विभिन्न लेख, किताब, रिपोर्ट, सरकारी डाटा आदि कुराहरु पढेर द्धितिय रुपमा तथ्यांक संकलन गरि जानकारी प्राप्त गरिएको छ। यसका अतिरिक्त कञ्चनुर जिल्लामा पर्ने बेलौरी नगरपालिकाको १० नंबर वडा कार्यलयमा गएर स्थानीय रूपमा अध्ययनका लागी आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

### ३.४ नमुना छनौट प्रक्रिया

नमुना छनौट प्रक्रिया अवलम्बन गर्दा उदेश्यमुलक नमुना छनौट विधी अवलम्बन गरिएको छ । बेलौरी नगरपालिकामा जम्मा १० वटा वडाहरू रहेका छन । जसमध्ये कुनै एउटा वडा अनुसन्धानका लागि रोज्नु परेको हुदा, उदेश्यमुलक विधी अनुसार १० वटा चिठ्ठा मध्ये एउटा चिठ्ठा छानिएको हो । जुन १० नं. वडा पर्न गएको छ । यस वडामा रहेका ६९० घरधुरी मध्ये जम्मा २५ घरधुरीका २५ जना महिलालाई नमुनाको रुपमा समावेस गरिएको छ । यसका साथै उत्तरदाताको छनौट प्रक्रियामा अ-सम्भावना मुलक विधि प्रयोग गरिएको छ जहा अध्ययनका उद्धेश्य परिपुर्ति गर्नका लागि गाउका बुद्धिजिवि तथा वडा अध्यक्ष संग पनि समन्वय गरेर सुचना तथा ज्ञान का आधारमा उत्तरदाता महिला लाई छानिएको छ। अध्ययनमा उत्तरदाता महिलाको शैक्षिक अवस्था, उमेर समुह, जातजाति, वैवाहिक अवस्था लगायतका कुरामा आधारित रहेर तथ्याङ्क संकलन गरिएको छ। यस अध्ययनमा निरक्षर ७ जना, सामान्य लेखपढ गरेका ६ जना, एस.एल.सि सम्मको शिक्षा हासिल गरेका ६ जना र उच्च शिक्षा हासिल गरेका ६ जना गरेर जम्मा २५ जना महिलाको संलग्नता गराइएको छ। यसका अलावा १५ देखी ३० बर्ष का महिलाको संख्या १२ जना, ३१ देखी ४५ उमेर समुहका ८ जना र ४६ भन्दा माथि उमेर समुहका ५ जना महिला गरि जम्मा २५ जनालाई समावेश गरिएको छ । यस अनुसन्धानमा अध्ययन स्थलमा रहेका सबै जातजातिका महिलालाई समावेश गर्ने प्रयास गरिएको छ। जसअन्तर्गत ब्राह्मण घरधुरी का ५ महिला, क्षेत्री घरधुरीका १० महिला, चौधरी घरधुरीका ५ र दलित घरधुरीका पनि ५ जना महिला गरी जम्मा २५ घरधुरीका २५ जना महिलालाई यस अनुसन्धानमा समेटिएको छ। यसका अलावा विवाहित २०, अविवाहित ४, र विधवा १ जना महिलालाई अध्ययनमा समावेश गरिएको छ।

### ३.५ तथ्याङ्क संकलनका विधिहरु

तथ्याङ्क संकलन गर्नका लागि प्रयोग गरिएका विधिको बारेमा तल व्याख्या गरिएको छ ।

#### ३.५.१ अन्तरवार्ता

#### क) संरचनात्मक अन्तरवार्ता

यस अनुसन्धान कार्यमा संरचनात्मक अन्तरवार्ता विधिको प्रयोग गरिएको छ । यस बिधी अन्तर्गत अनुसन्धान कार्यका लागि सर्वप्रथम प्रश्नावली तथा चेकलिस्ट को सुची तयार

पारिएको छ । प्रश्नहरुको सुची तयार पारी अध्ययन क्षेत्रमा अध्ययनका लागी छनौट गरिएका २५ घरधुरीका २५ जना उत्तरदाता महिला लाई समान खालका प्रश्न सोधि अन्तरवार्ता लिईएको छ। अनुसन्धानको उदेश्य पुर्ण गर्नका लागि समान खालका प्रश्नहरू सोधि, वैकल्पिक उत्तर छनौट गर्न दिएर बन्द-अन्त्य (Close ended) खालका प्रश्नहरुको खाका प्रयोग गरेर ( मान्नात्मक) तथ्याङ्क संकलन गरिएको छ। अन्तरवार्ताका लागि प्रश्नावली तयार पार्दा उत्तरदाता लाई उत्तर दिन असहज महसुस नहोस भनेर सरल तथा उत्तरदाताले बुझ्ने भाषाको प्रयोग गरी प्रश्नावली तयार पारिएको छ । यसका साथै सामाजिक, आर्थिक, सांस्कृतिक तत्वलाइ ध्यानमा राखेर प्रश्नहरूको सुची तयार पारिएको हो । जहा अनुसन्धानका उदेश्यहरु संग सम्बन्धित  प्रश्नहरू सरल भाषामा तयार गरी उत्तरदाता लाइ सोधिएको थियो ।

### ३.५.२  समूह छलफल

यस समूह छलफल अन्तर्गत महिलाको सम्पतिमा पहुच सम्बन्धि थप जानकारी प्राप्त गर्न खोजीएको हो । गाउँका बुद्धिजिवि, वृद्ध व्यक्ति तथा महिलाहरु संग अध्ययन स्थलका महिलाका समस्याहरु वारे छलफल गरिएको थियो। छलफलमा अर्न्तवार्ताका लागि छानिएका उतरदाता र गाउका अन्य मान्यजन व्यतिहरु भेला भएर छलफल गरिएको छ । अध्ययन स्थलका महिलाहरुको सम्पत्तिको पहुच सम्बन्धमा  थप समस्याका बारेमा जानकारी हुने भएकाले छलफल विधिलाई यस अध्ययनमा समावेश गरिएको छ।

## ३.६ अध्ययनको विश्वसनियता

अध्ययनको विश्वसनीयता हुनु अध्ययन कार्यको लागी अति आवश्यक मानिन्छ। तसर्थ सम्पन्न गरिएको कार्य विश्वसनिय हुनु आवश्यक हुन्छ। यो अध्ययन विश्वसनिय छ, किनभने यो अध्ययन सैद्धांतिक दृष्टिकोणमा आधारित रहेको छ। यस अध्ययनमा अन्तरर्वार्ता विधि द्वारा विवरण संकलन गरिएको छ । यसका साथै समय समयमा सुपरवाइजर सर संग बसेर उक्त कार्यलाई पुनःपरीक्षण गर्ने कार्य पनि गरिएको छ । अध्ययन स्थलमा गरिएको अन्तरर्वार्ताका दौरान रिकार्ड गरिएको आवाज लाई यस अध्ययनको विश्वसनीयताको रूपमा लिन सकिन्छ। अर्थात यो अध्ययन वास्तविक अध्ययन हो र अध्ययन क्षेत्रमा गएर विवरण संकलन गरिएको हो भनेर दावि गर्न सकिन्छ।

## ३.७ तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण

गणितीय हिसाबले जुन नम्बरहरुलाई तालिका द्वारा देखाउन सकिन्छ तथा जसलाई अंकमा गन्न र प्रतिशत मा राखेर हेर्न मिल्छ त्यस्ता विवरण लाई मात्रात्मक रुपले विश्लेषण गरिएको छ । अर्कोतर्फ अध्ययन क्षत्रबाट प्राप्त भएका गुणात्मक तथ्याङ्क लाइ आवश्यकता अनुसार व्याख्यात्मक रूपमा वर्णन गरी प्रस्तुत गरिएको छ। सर्वप्रथम, अध्ययन क्षेत्रबाट प्राप्त भएका संख्यात्मक नतिजा लाई तालिका द्वारा प्रस्तुत गरिएको छ। उक्त संख्यात्मक नतिजालाइ व्याख्यात्मक रूपमा वर्णन गरिएको छ । यसप्रकार संख्यात्मक र गुणात्मक तथ्याङ्कलाई मिल्दो रूपमा प्रस्तुत गरी व्याख्या गरिएको छ ।

## ३.८ अध्ययनको सिमा

यस अनुसन्धानमा, समाजशास्त्र अन्तर्गत मास्टर (डिग्री) को शोधकार्यको परिपुर्तिका लागि आवश्यक पर्ने जानकारी मात्र संकलन गरिएको छ । अध्ययन स्थलमा ब्राह्मण, क्षेत्री, चौधरी र दलित समुदायका महिलामा सम्पत्तिको पहुचको अवस्था कस्तो रहेको छ भन्ने कुरा हेर्नु यस अध्ययनको सीमा रहेको छ। विशेष गरी घरपरिवार र समाजका महिलामा सम्पतीको पहुचको अवस्था हेर्नका लागि धर्म, मुल्य-मान्यता, आत्म-सम्मान लाई ठेस नपुर्याउने र महिलालाई उत्तर दिन गार्हो नपर्ने किसिमको प्रश्न तयार पारेर जानकारी प्राप्त गर्नु यस अध्ययनको सीमा रहेको छ ।

# अध्याय चार : भौगोलिक तथा सामाजिक आर्थिक अवस्था

## ४.१ भौगोलिक अवस्था

कञ्चनपुर जिल्लाको बेलौरी नगरपालिका वडा नं. १० अन्तर्गत पर्ने शिवनगर ( अध्ययन स्थल) गाउमा ब्राह्मण, क्षेत्री, ठकुरी, चौधरी, थारु, दमाई, कामी आदि समुदायको बसोबास रहेको छ । जस अन्तर्गत महिला संख्या ५२.९ प्रतिशत रहेको छ भने पुरुषको संख्या ४७.१ प्रतिशत रहेको छ । यसरी हेर्दा महिलाको बाहुल्यता बेलौरी नगरपालिकामा बढी रहेको देखियो । यस नगरपालिकामा जम्मा १० वटा वडाहरु रहेका छन । अनुपातको हिसाबले हेर्दा यस वडामा पुरुष घरमुली धेरै रहेका छन ।

यहाको कुल क्षेत्रफल १२३.४ वर्ग किलोमिटर रहेको छ । यस नगरपालिकाको पुर्वमा पुनर्वास नगरपालिका, पश्चिममा बेल्डाडी गाउपालिका, उत्तरमा लाल्झाडी गा.वि.स र दक्षिणमा भारत अवस्थित रहेको छ । बेलौरी नगरपालिकाको बजार बाट ६१ किलोमिटर टाढा रहेको अध्ययन स्थल समतल भु-भागमा अवस्थित छ । यहा महिला साक्षरता दर ७२.९ प्रतिशत रहेको छ भने पुरुष साक्षरता दर ८७.५ प्रतिशत रहेको छ । त्रिभुवन विश्वविद्यालय बाट मान्यता प्राप्त विश्वविद्यालय अन्तर्गत महाकाली बहुमुखि क्याम्पस र जनज्योति बहुमुखी क्याम्पस मुख्य शिक्षण संस्था रहेका छन जहा उच्च शिक्षा हासिल गर्न सकिन्छ । १० वटा वडामा विभाजित यस नगरपालिकाको प्रशासनिक कार्य वडा नं. ६ बेलौरी बजारमा हुने गर्छ । यसका साथै राजनैतिक विभाजनका दृष्टिले हेर्दा यो नगरपालिका जिल्लाको निर्वाचन क्षेत्र नं १ अन्तर्गत पर्छ । यस गाउमा महाकाली शुगर फैक्ट्री, र अमृत डिष्टिलरी (दारु फैक्ट्री) गरेर दुइवटा ठुला उधोगहरु रहेका छन जहा स्थानीय र भारतीय सयौ ब्यक्तिले जागीर पाएका छन ।

## ४.२ सामाजिक-आर्थिक अवस्था

सामाजिक तथा आर्थिक पक्षसंग जोडिएका बिभिन्न कुराहरुलाई यस अन्तर्गत समावेश गरिएको छ । सामाजिक आर्थिक अवस्था अन्तर्गत महिलाको सामाजिक अवस्था, पारिवारिक अवस्था, वैवाहिक अवस्था, धर्म, पेशा, शिक्षा, उमेर समुह, जातजातिको विवरण, शैक्षिक अवस्था, कृषिकार्यमा भुमिका, निर्णय अधिकार लगायत इत्यादी कुरालाई समावेश गरिएको छ । यि कुराहरुले महिलाको परिवार तथा  समाजमा कस्तो स्थान रहेको छ ? उनको आर्थिक

अवस्था कस्तो रहेको छ ? र समाजमा महिलाको कुनखाले हैसियत छ भन्ने जनाउछ। अध्ययन स्थलका महिलाको सामाजिक-आर्थिक अवस्थालाइ तलका तालिका द्धारा दर्शाइन्छ ।

### ४.२.१ उत्तरदाताको वैवाहिक अवस्था

अध्ययन क्षेत्रमा उत्तरदाता महिलाको वैवाहिक अवस्था के रहेको छ भन्ने कुराको जानकारी यहा प्राप्त गर्न खोजिएको छ । कुन-कुन वैवाहिक समुहका कति महिलालाई अध्ययनमा समावेश गरिएको छ भन्ने कुराको ज्ञान प्राप्त गर्नका लागि विवरण संकलन गरिएको छ। तसर्थ अध्ययन स्थलमा नमुनाका रूपमा लिइएका सम्पुर्ण उत्तरदाताको वैवाहिक अवस्थाको विवरण लाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नंबर ४.१ उत्तरदाताको वैवाहिक अवस्था अनुसार विवरण**

| वैवाहिक अवस्था | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | २० | ८० |
| अविवाहित | ४ | १६ |
| विधवा | १ | ४ |
| जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका अनुसार, ८० प्रतिशत विवाहित उत्तरदाता महिला लाइ यस अध्ययनमा समावेश गरिएको छ । त्यसैगरि अविवाहित १६ प्रतिशत र विधवा ४ प्रतिशत महिलाको संलग्नता अध्ययनमा गरिएको छ। अनुसन्धानका लागि लिइएका उतरदाताहरु मध्य विवाहित महिलाको संख्या उच्च रहेको देखिन्छ। भने सबैभन्दा कम संख्या विधवाको रहेको छ।

### ४.२.२ धर्म समुह

कुनैपनि स्थानमा कुन धार्मिक समुदायको बाहुल्यता रहेको छ र त्यसले सम्पत्तिको पहुचमा कस्तो प्रभाव पार्छ भन्ने कुराले ठुलो महत्व राख्छ। यस अध्ययन क्षत्रमा कुन-कुन धर्मावलम्वीको बसोबास रहेको छ भन्ने कुरा पत्ता लगाउनका लागि यो अध्ययन गरिएको हो। धर्मगत आधारमा प्राप्त तथ्याङ्कलाई तलको तालिकामा यसप्रकार प्रस्तुत गरिन्छ।

**तालिका नंबर ४.२ धर्मको आधारमा विवरण**

| धर्म | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | २४ | ९६ |
| क्रिश्चियन | १ | ४ |
| जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका अनुसार, अध्ययन क्षेत्रमा हिन्दु र क्रिश्चियन धर्मावलम्वीको बाहुल्यता बढी रहेको छ। जहा, उत्तरदाताको जम्मा संख्या मध्य हिन्दुहरूको संख्या ९६ प्रतिशत रहेको छ र क्रिश्चियन धर्म मान्नेको संख्या ४ प्रतिशत रहेको छ। माथिको विवरण बाट प्रष्ट रुपमा देख्न सकिन्छ कि यो समुदायमा हिन्दु धर्मावलम्बी को बाहुल्यता बढी रहेको छ।

### ४.२.३ उत्तरदाताको पेशा

हरेक समाजका महिलाहरु कुनै न कुनै पेशामा आवद्ध रहेका हुन्छन। महिलाको पेशाले सम्पतिमा समान पहुच प्रदान गर्नुमा महत्वपुर्ण भुमिका निर्वाह गरेको हुन्छ। अध्ययन क्षत्रमा रहेका उत्तरदाता महिला कुन-कुन पेशामा संलग्न रहेका छन भन्ने कुराको ज्ञान प्राप्त गर्न खोजिएको छ। तसर्थ प्रस्तुत शोधपत्रको विषयवस्तु महिला संग सम्बन्धित रहेको हुनाले सबै पेशामा आबद्ध महिलाको संलग्नता गराउने प्रयास गरिएको छ । पेशागत आधारमा उत्तरदाताको वर्गीकरण लाई तलको तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ।

**तालिका नं ४.३ उत्तरदाताको पेशा**

| पेशा | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | १६ | ६४ |
| व्यापार | २ | ८ |
| जागिर | ३ | १२ |
| विद्यार्थी | ४ | १६ |
| जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका अनुसार, ६४ प्रतिशत महिलाहरू कृषिमा संलग्न रहेका छन । त्यसैगरी ८ प्रतिशत व्यापारमा संलग्न रहेका छन । यसका अलावा १२ प्रतिशत महिला जागीरमा संलग्न रहेका छन भने १६ प्रतिशत विद्यार्थीको संख्या रहेको छ । यसरी हेर्दा, सबैभन्दा बढी महिला कृषि पेशामा संलग्न रहेको पाइयो । केही प्रतिशत महिला व्यापार तथा जागिरमा पनि आवद्ध रहेका छन । साथै विधार्थी बर्गका उत्तरदातालाई पनि यस अध्ययनमा समावेश गरिएको छ ।

### ४.२.४ उत्तरदाताको उमेर समुह

सम्पत्तिको अधिकार तथा पहुचको सम्बन्धमा उमेर समुहले प्रभाब पार्ने भएको हुदा यस अध्ययनमा सम्पत्तिको बारेमा ज्ञान भएका महिलाको संलग्नता गराइएको छ । उमेर समुहको आधारमा गरिएको वर्गीकरण लाई तलको तालिका द्वारा प्रष्ट रूपमा देखाईन्छ ।

**तालिका नंबर ४.४ उत्तरदाताको उमेर समुह**

| उमेर समुह | संख्या | प्रतिशत |
|---|---|---|
| १५-३० | १२ | ४८ |
| ३१-४५ | ८ | ३२ |
| ४६+ | ५ | २० |
| जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

उल्लेखित तालिका अनुसार, सबैभन्दा बढी महिलाको संख्या १५ देखि ३० उमेर समुहको रहेको छ । जहा, महिलाको अनुपात ४८ प्रतिशत रहेको छ । ३१-४५ उमेरका ३२ प्रतिशत महिलाको सहभागिता गराइएको छ । ४६ वर्ष भन्दा बढी उमेर समुहका २० प्रतिशत महिलाको संलग्नता रहेको छ । १५ देखि ४५ बर्ष उमेर समुहको महिलामा ज्ञानको स्तर बढी रहने हुदा यस उमेर समुहका महिलाको सहभागिता लाई बढी प्राथमिकता दिइएको छ ।

### ४.२.५ जातजातिको विवरण

अध्ययन क्षत्रमा कुन-कुन जातजातिका महिला रहेका छन भन्ने कुरा हेर्नका लागि जातिगत अध्ययन गरिएको छ । अध्ययन क्षत्रका उत्तरदाता महिलाको जातजातिगत बर्गीकरण लाई तलको तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ ।

**तालिका नंबर ४.५ जातजातिको विवरण**

| जातजाति | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | ५ | २० |
| क्षत्री | १० | ४० |
| चौधरी | ५ | २० |
| दलित | ५ | २० |
| जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

अध्ययन स्थलमा ब्राह्मण, क्षत्रीको बाहुल्यता बढी रहेको हुदा उनीहरूको संख्या लाई बढी मात्रामा समावेश गरिएको छ । जहा ६० प्रतिशत ब्राह्मण, क्षेत्री वर्गका महिला लाइ समावेश गरिएको छ । चौधरी जातिका २० प्रतिशत र दलित समुदायका पनि २० प्रतिशत महिलालाइ समावेश गरिएको छ । यस अध्ययन स्थलमा मुख्यतया ब्राह्मण क्षत्रि चौधरी तथा दलित जातजातीको संख्या बढी रहेको कारण यि चार जातजातीका महिलाको संलग्नता गराइएको छ ।

### ४.२.६ उत्तरदाताको शैक्षिक अवस्था

महिला जति शिक्षित भयो उसले सम्पत्तिको अधिकार, घरपरिवारको निर्णय प्रक्रिया, तथा महिला सशक्तिकरणमा त्यति नै ठुलो प्रभाब पार्छ । तसर्थ महिलाको शैक्षिक अवस्था लाई हेर्नु आवश्यक रहेको हुदा सबै शैक्षिक अवस्थाका महिलालाई यस अध्ययनमा समेटने प्रयास गरिएको छ । यसले महिला र सम्पत्तिमा पहुचको अवस्थाबारे प्रतिनिधित्व गर्ने छ । शैक्षिक अवस्था अनुसार उत्तरदाताको वर्गीकरण तलको तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ ।

**तालिका नंबर ४.६ उत्तरदाताको शैक्षिक अवस्था**

| शैक्षिक अवस्था | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | ७ | २८ |
| सामान्य लेखपढ | ६ | २४ |
| एस.एल.सी | ६ | २४ |
| उच्च शिक्षा | ६ | २४ |
| जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका अनुसार, अध्ययनका लागि छानिएका महिला मध्य सबैभन्दा बढी निरक्षर महिलाको संलग्नता रहेको पाइयो । जहा निरक्षर महिलाको संख्या २८ प्रतिशत रहेको छ । यसका साथै सामान्य रूपमा लेखपढ, एसएलसी र उच्च शिक्षा हासिल गरेका २४-२४ प्रतिशत महिला रहेका छन । यसरी हेर्दा सामान्य लेखपढ, एस.एल.सी र उच्च शिक्षा हासिल गरेका महिलाको अनुपात समान रहेको छ ।

### ४.२.७ उत्तरदाताको पिता/पतिको शैक्षिक अवस्था अनुसार विवरण

महिलालाई सम्पतिमा पहुच दिने वा नदिने भन्ने कुरा परिवारको प्रमुख व्यक्ति अर्थात पिता र पतिको शैक्षिक अवस्थामा भर पर्छ । यसकारण पिता र पतिको शैक्षिक अवस्था के-कति रहेको छ भनी हेर्न खोजिएको हो । तसर्थ, पिता/पतिको शैक्षिक अवस्था अनुसारको वर्गीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४.७ उत्तरदाताको पिता/पतिको शैक्षिक अवस्था अनुसार विवरण**

| पिता/पतिको शैक्षिक अवस्था | उत्तरदाता को संख्या | प्रतिशत |
|---|---|---|
| निरक्षर | १ | ४ |
| सामान्य लेखपढ | १२ | ४८ |
| एस.एल.सी | ५ | २० |
| उच्च शिक्षा | ७ | २८ |
| जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिकामा देखाइए अनुसार, पिता/पतिको शैक्षिक अवस्था कमजोर देखिएको छ । जस अन्तर्गत, ४ प्रतिशत पिता/पति निरक्षर रहेका छन । सामान्य लेखपढ गरेका पिता/पति ४८ प्रतिशत रहेका छन । त्यसैगरी एसएलसी सम्मको शिक्षा हासिल गर्नेमा २० प्रतिशत रहेका छन । उच्च शिक्षा हासिल गरेका २८ प्रतिशत रहेका छन ।

### ४.२.८ कृषिकार्यमा महत्वपुर्ण भुमिका

हाम्रो देश कृषि प्रधान देश हो । जहाको अधिकांश व्यक्तिको प्रमुख पेशा भनेको कृषि नै हो । समाजमा महिलाको कृषिकार्य प्रतिको योगदान बारे हामीले सुन्दै आएका छौ । यस अध्ययन स्थनलमा महिला र पुरुष मध्य कृषिकार्यमा कसको भुमिका बढी रहेको छ भन्ने कुराको जानकारी प्राप्त गर्न खोजिएको छ। अध्ययन स्थल बाट प्राप्त गरिएको जानकारी लाई तलको तालिकामा यसप्रकार प्रस्तुत गरिन्छ ।

**तालिका नंबर ४.८ कृषिकार्यमा महत्वपुर्ण भुमिका**

| जातजाति | कृषिकार्यमा महत्वपुर्ण भुमिका | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | महिला | प्रतिशत | पुरुष | प्रतिशत | दुबै | प्रतिशत | | |
| ब्राह्मण | ४ | ८० | १ | २० | | | ५ | १०० |
| क्षत्री | ८ | ८० | २ | २० | | | १० | १०० |
| चौधरी | | | | | ५ | १०० | ५ | १०० |
| दलित | ५ | १०० | | | | | ५ | १०० |
| जम्मा | १७ | ६८ | ३ | १२ | ५ | २० | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिका लाइ नियाल्दा, कृषिकार्यमा बढी भुमिका महिलाको रहेको छ । ब्राह्मण र क्षत्रि जातिमा कृषिकार्यमा महिलाको भुमिका ८० प्रतिशत रहेको छ भने पुरुषको भुमिका २० प्रतिशत रहेको छ । दलित महिलामा १०० प्रतिशत भुमिका महिलाले नै बहन गरेको पाइयो। चौधरी समुदायमा भने महिला र पुरुष दुबै जनाको कृषिकार्यमा भुमिका समान रहेको छ । चौधरी जातिका महिला र पुरुषले कृषिसंग सम्बन्धित सम्पुर्ण कार्यमा समान सहभागिता जनाएका हुन्छन । ब्राह्मण, क्षत्रि र दलित समुदायको महिलाको कृषिकार्यमा बढी भुमिका रहनुमा पुरुषको वैदेशिक रोजगार रहेको छ । जहा धेरैजसो पुरुष रोजगारको सिलसिलामा सहर तथा बिदेश गएका हुन्छन र कृषि कार्यको सम्पुर्ण जिम्मेवारी महिलाले लिएको हुन्छ ।

### ४.२. ९ परिवारको निर्णय अधिकार

निर्णय लिने कुरा शत्ति संग जोडिएको मानिन्छ । परिवारका साना देखि ठुला निर्णय लिने अधिकार को संग छ भन्ने कुराले महिलाको अवस्था र सम्पत्तिको पहुच लाइ निर्धारण गर्छ किनभने घरपरिवारमा निर्णय जसले गर्छ उसको स्थान महत्वपुर्ण रहेको हुन्छ । खासगरि परिवारको सम्पत्ति कसलाइ दिने, घरमा आम्दानी कुन ठाउमा र कसरी खर्च गर्ने जस्ता निर्णयका बारेमा यहा हेर्न खोजिएको हो । तसर्थ उत्तरदाता महिलाको परिवारमा घरका निर्णय प्रक्रिया कसको हाथमा रहेका हुन्छन भन्ने कुराको अध्ययन गर्न खोजिएको छ ।

**तालिका नंबर ४.९ परिवारको निर्णय अधिकार**

| पारिवारिक निर्णय | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| महिला | ९ | ३६ |
| पुरुष | १० | ४० |
| संयुक्त छलफलबाट | ६ | २४ |
| जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका अनुसार, घरपरिवारको निर्णय पक्रियामा महिलाको सहभागिता पुरुषको तुलनामा अलिकति कम रहेको छ । तर महिलाको निर्णय लिने अधिकारमा धेरै असहभागिता भने देखिएको छैन । तालिका अनुसार, ४० प्रतिशत पुरुषको तुलनामा ३६ प्रतिशत महिलाले घरमा निर्णय लिने गरेको पाइन्छ । भने घरपरिवारको निर्णय पक्रियामा महिला र पुरुष अथवा दुबैको संयुक्त छलफल बाट २४ प्रतिशतले निर्णय लिने गरेका छन । जुन कुरा महिलाका लागि सकारात्मक देखिन्छ ।

### ४.२.१० पारिवारिक आम्दानी तथा खर्च राख्ने निर्णय

आम्दानीले परिवारको हैसियत र उच्च स्थान लाई जनाउछ । साथै परिवारमा आम्दानी कसरी खर्च गर्ने, कुन-कुन कुरामा कति खर्च गर्ने, कसलाई कति पैसा दिने र कुन कुन ठाउमा पैसाको लगानी गर्ने जस्ता कुराहरुको निर्णय आम्दानी राख्ने ब्यक्तिले गर्ने गर्छ । तसर्थ आम्दानीको निर्णय तथा अधिकार राख्ने व्यक्ति परिवारमा शक्तिशाली मानिन्छ । यहा उत्तरदाता

महिलाको परिवारमा आम्दानी राख्ने निर्णय कसको हाथमा रहेको छ भन्ने कुरा जान्नका लागि गरिएको अध्ययन बाट प्राप्त भएका नतीजा लाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नंबर ४.१० पारिवारिक आम्दानी तथा खर्च राख्ने निर्णय**

| आम्दानी खर्च राख्ने | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|
| आफै | ७ | २८ |
| पिता/श्रीमान | ८ | ३२ |
| दुवै | ३ | १२ |
| अन्य | ७ | २८ |
| जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

परिवारको आम्दानी तथा खर्चको विवरण राख्नेमा पिता/श्रीमानको संलग्नता बढी मात्रामा रहेको पाइयो । ३२ प्रतिशत पिता/श्रीमानले खर्चको विवरण राख्ने गरेको पाइएको छ । २८ प्रतिशत महिला स्वयमले आम्दानीको विवरण राख्ने गरेको पाइएको छ । पति-पत्नी दुवैजनाले खर्चको विवरण राख्नेमा १२ प्रतिशत रहेका छन । उत्तरदाता महिलाको घरमा, परिवारका अन्य सदस्यले आम्दानी राख्ने र खर्च गर्नेमा २८ प्रतिशत रहेका छन । यि अन्य अन्तर्गत घरको सासु, आमा तथा परिवारका अन्य सदस्यहरु रहेका छन ।

# अध्याय : पाँच

## महिलाको सम्पत्तिमा पहुच तथा अधिकार सम्बन्धि धारणा

महिलाको सम्पतिमा के कति मात्रामा पहुच छ भन्ने कुराको जानकारी प्राप्त गर्नु यस अध्ययनको प्रमुख उद्देश्य रहेको छ। यस अनुसन्धानले महिलाहरुको सम्पत्तिमा पहुच के-कति मात्रामा रहेको छ भन्ने कुराको धारणा बुझ्रेर यसले सामाजिक आर्थिक तत्वमा पार्ने प्रभाव बारेमा विवरण संकलन गरी व्याख्या गर्छ । उत्तरदाता महिलाहरुमा सम्पत्तिको पहुच हुने कुराप्रतिको धारणा कस्तो रहेको छ भन्ने कुराको जानकारी प्राप्त गर्नका लागि प्रश्न सोधिएको हो । प्राप्त भएका महिलाहरुको धारणा लाई तल तालिका द्वारा व्याख्या गरिएको छ ।

### ५.१ जातिगत आधारमा सम्पत्तिको पहुच बढी पाउने महिला

अध्ययन क्षेत्रमा कुन जातजातिको महिलाले सम्पत्तिमा बढी पहुच प्राप्त गरेको छ भन्ने कुराको जानकारी यहाँ प्राप्त गर्न खोजिएको छ। समाजमा जातजातिगत आधारमा महिलामा सम्पत्तिको पहुच फरक छ अथवा छैन, कुन जातजातिको महिलाले सम्पत्तिमा बढी पहुच प्राप्त गरेकी छिन भन्ने कुराको जानकारी प्राप्त गर्न खोजिएको छ । अध्ययन स्थलका उत्तरदाता महिला द्वारा प्राप्त भएका विवरणलाई तालिका द्वारा यसप्रकार दर्शाइन्छ ।

**तालिका नंबर ५.१ जातिगत आधारमा सम्पत्तिको पहुच बढी पाउने महिला**

| जातजाति | सम्पत्तिको पहुच | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | छ | प्रतिशत | छैन | प्रतिशत | | |
| ब्राह्मण | | | ५ | १०० | ५ | १०० |
| क्षत्री | ३ | ३० | ७ | ७० | १० | १०० |
| चौधरी | | | ५ | १०० | ५ | १०० |
| दलित | | | ५ | १०० | ५ | १०० |
| जम्मा | ३ | १२ | २२ | ८८ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका अनुसार, अध्ययन क्षत्रमा महिलाको सम्पत्तिमा पहुचको अवस्था एकदमै कमजोर रहेको छ। ब्राह्मण, दलित र चौधरी समुदायका महिलामा सम्पत्तिको कुनैपनि पहुच

रहेको छैन । तर क्षत्रि समुदायका महिलामा भने ३० प्रतिशत महिलाले सम्पत्तिमा अधिकार पाएको छ। समग्रमा हेर्दा, अन्य जातजातिको तुलनामा क्षत्रि जातजातिको महिलामा सम्पत्तिको पहुच केही हदसम्म रहेको छ। केवल क्षत्रि जातजातिका महिलाले मात्र सम्पत्तिको पहुच प्राप्त गर्नुका पछाडी मुख्य कारण वैदेशिक रोजगार रहेको छ । यस जातिका धेरैजसो पुरुषहरु वैदेशिक रोजगारका कममा विदेश जाने भएकाले भोलिका दिनमा आर्थिक समस्या पर्दा जग्गा सम्बन्धि कारोवार घरमा बस्ने महिलाले गनुपर्ने भएकाले क्षत्रि महिलामा सम्पत्ति को पहुच उनका पति द्धारा प्रदान गरिएको पाइयो । यसका अलावा केही महिलालाइ उनका श्रिमानले स्वइच्छाले सम्पत्ति प्रदान गरेको अध्ययनले देखाउछ ।

## ५.२ पैतृक सम्पत्तिमा महिलाको पहुच सम्बन्धी धारणा

हाम्रो समाजको रीतिरिवाज र परम्परा अनुशार छोरीले आफ्नो पिता र पति दुवैको सम्पत्तिमा अधिकार पाउदिनन। खासगरी पिताको सम्पत्तिमा कुनै किसिमको अधिकार नै प्राप्त हुदैन । विगतको केही वर्षयता भने नेपालको कानुन संशोधन गरिएको छ । जस अन्तर्गत महिलालाई पिताको सम्पत्तिमा बराबर हक अधिकारको व्यवस्था गरिएको छ । पिताको सम्पत्तिमा छोरीको पहुच हुनुपर्छ अथवा हुनुहुन्न जस्तो लाग्छ भनी उत्तरदाता लाई सोधिएको प्रश्न द्धारा प्राप्त भएको विवरण लाई तलको तालिका द्धारा प्रष्ट पारिन्छ ।

### ५.२.१ शैक्षिक अवस्था अनुसार धारणा

पिताको सम्पत्तिमा महिलाले अधिकार पाउनुपर्ने तथा नपाउनु पर्नेमा शैक्षिक अवस्था अनुसार कस्तो धारणा आउछ भन्ने कुराको जानकारी प्राप्त गर्नका लागि उक्त सर्वेक्षण गरिएको हो । अध्ययन बाट प्राप्त नतिजा लाई तलको तालिका द्धारा यसप्रकार वर्णन गरिन्छ ।

**तालिका नंबर ५.२ शैक्षिक अवस्था अनुसार धारणा**

| शैक्षिक अवस्था | सहमत छु | | सहमत छैन | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| निरक्षर | ३ | ४२.८५ | ४ | ५७.१४ | ७ | १०० |
| सामान्य लेखपढ | २ | ३३.३३ | ४ | ६६.६६ | ६ | १०० |
| एसएलसी | ५ | ८३.३३ | १ | १६.६६ | ६ | १०० |
| उच्च शिक्षा | ६ | १०० | | | ६ | १०० |
| जम्मा | १६ | ६४ | ९ | ३६ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका अनुसार, ४२.८५ प्रतिशत निरक्षर महिला पिताको सम्पत्तिमा अधिकार हुनुपर्ने कुरामा सहमत देखिएका छन । जहा  ५७.१४ प्रतिशत महिला भने असहमत देखिए । सामान्य लेखपढ गरेका महिलाको कुरा गर्नुपर्दा जम्मा संख्याको ३३.३३ प्रतिशत महिला पिताको सम्पत्तिमा पहुच हुनुपर्ने कुरामा सहमत देखिएका छन ।  ६६.६६ प्रतिशत महिला भने असहमत देखिएका छन । एसएलसी सम्मको शिक्षा पाएका महिलाको हकमा कुरागर्दा,  ८३.३३ प्रतिशत महिला पिताको सम्पत्तिमा पहुच हुनुपर्ने कुरामा सहमत रहेका छन भने १६.६६ प्रतिशत महिला असहमत रहेका छन । उच्च शिक्षा हासिल गरेका महिलाको धारणा अनुसार, १०० प्रतिशत महिला पिताको सम्पत्तिमा महिलाको पहुच हुनुपर्नेमा सहमत रहेको पाइयो । माथिको तालिका लाई अवलोकन गर्दा पढाइ लेखाइको स्तरले पिताको सम्पत्तिमा महिलाको पहुच हुनुपर्छ भन्ने कुराको मतमा फरक प्रभाब पारेको दर्शाउछ ।

### ५.२.२ उमेर समुह अनुसार धारणा

पिताको सम्पत्तिमा पहुच हुनुपर्छ अथवा पहुच हुनुहुदैन भन्नेमा उमेर समुह अनुसार फरक फरक धारणा हुन सक्छ । अध्ययन स्थलका महिला पिताको सम्पत्तिमा महिलालाई अधिकार दिने कुरामा सहमत छन अथवा छैनन भनी सोधिएको प्रश्न द्वारा प्राप्त उल्लेखित नतिजालाई तलको तालिकामा यसप्रकार प्रस्तुत गरिन्छ ।

**तालिका नंबर ५.३ उमेर समुह अनुसार धारणा**

| उमेर समुह | सहमत छु | | सहमत छैन | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १५-३० | १० | ८३.३३ | २ | १६.६६ | १२ | **१००** |
| ३१-४५ | ३ | ३७.५ | ५ | ६२.५ | ८ | **१००** |
| ४६ | ३ | ६० | २ | ४० | ५ | **१००** |
| जम्मा | १६ | ६४ | ९ | ३६ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

समग्रमा ६४ प्रतिशत महिला पिताको सम्पत्तिमा महिलाको अधिकार हुनुपर्ने कुरामा सहमत रहेका छन भने ३६ प्रतिशत महिला यो कुरामा असहमत रहेका छन। तालिका अनुसार, १५-३० वर्षका ८३.३३ प्रतिशत महिला पिताको सम्पत्तिमा महिलाको अधिकार हुनुपर्ने कुरामा सहमत रहेका छन । यही उमेर समुहका १६.६६ प्रतिशत महिला यो कुरामा असहमत रहेका छन । ३१-४५ उमेर समुहका महिलाको कुरा गर्नुपर्दा, ३७.५ प्रतिशत महिला पिताको सम्पत्ति पाउनुपर्ने कुरामा सहमत रहेको पाइयो भने ६२.५ प्रतिशत महिला असहमत रहेको देखिन्छ । उमेर समुहको कुरा गर्दै जादा ४६ बर्ष भन्दा माथिको उमेरका महिला मध्ये ६० प्रतिशत महिला पिताको सम्पत्तिमा महिलाको पहुच हुनुपर्छ भन्ने कुरामा सहमत देखिए भने ४० प्रतिशत यो कुरामा असहमत देखिएका छन ।

## ५.३ कानुनी स्वामित्व बारे जानकारीको अवस्था

सम्पत्तिमा महिला र पुरुषको समान अधिकारको व्यवस्था कानुनले गरेको छ । यो बारेमा अध्ययन क्षेत्रका महिलालाई जानकारी छ अथवा छैन भन्ने कुरा पत्ता लगाउनका लागि प्रश्न सोधिएको थियो । प्रश्नमा नेपालको कानुनले महिला लाई सम्पत्तिमा अधिकार दिएको छ भन्ने बारेमा सुन्नुभएको छ भनेर सोधिएको थियो । जसको उत्तर बाफत प्राप्त भएको जानकारीलाई बिभिन्न जातजाती अनुसारको धारणा तलको तालिकामा सबिस्तारमा वर्णन गरिएको छ ।

### ५.३.१ जातजाति अनुसार सम्पत्तिमा स्वामित्व बारे जानकारी

कानुनले महिलालाई सम्पत्तिमा अधिकार दिएको छ भन्ने कुराको ज्ञान कुन जातजातिका महिलामा कति रहेको छ तथा जातजातिगत आधारमा महिलाको कानुनी अधिकारको ज्ञानको बारेमा यहा जान्न खोजिएको छ । अध्ययन स्थलबाट प्राप्त नतिजालाई तलको तलिकामा यसप्रकार प्रस्तुत गरिएको छ ।

**तालिका नंबर ५.४ जातजाति अनुसार सम्पत्तिमा स्वामित्व**

| जातजाति | सुनेको छ | | सुनेको छैन | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ब्राह्मण | १ | २० | ४ | ८० | ५ | १०० |
| क्षेत्री | २ | २० | ८ | ८० | १० | १०० |
| चौधरी | १ | २० | ४ | ८० | ५ | १०० |
| दलित | | | ५ | १०० | ५ | १०० |
| जम्मा | ४ | १६ | २१ | ८४ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

जातजाति अनुसार सम्पत्तिमा स्वामित्व बारेमा अध्ययन गर्दा ब्राह्मण जाती अन्तर्गत २० प्रतिशत महिलालाई सम्पत्तिमा कानुनी स्वामित्व रहेको छ भन्ने बारेमा थाहा रहेको पाइयो । ८० प्रतिशत महिलाले सम्पत्तिको कानुनी स्वामित्वको बारेमा केहीपनि थाहा नभएको बताए । क्षेत्री र चौधरी जातजातिका २० प्रतिशत महिलालाई यो बारेमा जानकारी रहेको छ भने ८० प्रतिशत महिलालाइ यो बारेमा जानकारी छैन । दलित जातजाति अन्तर्गत, सम्पत्तिमा महिलाको पहुच नरहेको पाइयो । जहा १०० प्रतिशत दलित महिलालाइ सम्पत्तिको पहुच बारे केहीपनि जानकारी नरहेको तथ्य अध्ययनले देखाउछ ।

### ५.३.२ वैवाहिक अवस्था अनुसार सम्पत्तिको कानुनी स्वामित्वबारे जानकारी

वैवाहिक स्थिति अनुसार सम्पत्तिमा कानुनी रुपमा अधिकार बारे महिला लाई के कति जानकारी रहेको छ भन्ने कुरा यहा हेर्न खोजिएको छ । जानकारी पत्ता लगाउनका लागि प्रश्न सोधी विवरण संकलन गरीएको छ । प्राप्त भएका जानकारी तथा नतिजालाई यसप्रकार तालिका मार्फत प्रस्तुत गरिएको छ ।

**तालिका नंबर ५.५ वैवाहिक अवस्था अनुसार सम्पत्तिको कानुनी स्वामित्वबारे जानकारी**

| **वैवाहिक अवस्था** | **सम्पत्तिको कानुनी स्वामित्वबारे जानकारी** | | | | **जम्मा** | |
|---|---|---|---|---|---|---|
| | **छ** | | **छैन** | | | |
| | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** |
| विवाहित | ३ | १५ | १७ | ८५ | २० | १०० |
| अविवाहित | | | ४ | १०० | ४ | १०० |
| विधवा | | | १ | १०० | १ | १०० |
| जम्मा | ३ | १२ | २२ | ८८ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिकालाई हेर्दा, कानुनले महिलालाइ सम्पत्तिमा अधिकार दिएको छ भन्नेबारे अविवाहित महिला लाई जानकारी नरहेको पाइयो । विवाहित महिलामा भने १९ .४ प्रतिशत लाई यो बारेमा जानकारी रहेको पाइएको छ । यसका साथै विधवा महिलामा पनि सम्पत्तिको कानुनि अधिकार बारे कुनै जानकारी नरहेको देखियो । समग्रमा हेर्दा, अविवाहित तथा बिधवा महिलामा कुनै प्रकारको ज्ञान नरहेको देखियो तर विवाहीत १५ प्रतिशत महिलालाइ सम्पत्तिमा कानुनी अधिकार बारे जानकारी रहेको अध्ययनले देखाउछ ।

## ५.४ पति-पत्नीको सम्पतिमा बराबर पहुच सम्बन्धि धारणा

परिवार संचालन गर्नमा पति-पत्नी दुबैजनाको उतिकै भुमिका रहन्छ भन्ने कुरा हामीले सुन्दै आएका छौ । यही कुरालाई आधार मानेर पति-पत्नीमा सम्पत्तिको पहुच बराबर हुनुपर्ने कुरामा महिलाको धारणा के रहेको छ भनी बुझ्न खोजिएको हो । घरपरिवारका सानातिना निर्णय तथा परिवार सञ्चालन गर्दा महिला र पुरुषमा कसलाई अधिकार हुनुपर्छ ? सम्पत्तिको पहुच दुबैमा हुनुपर्छ अथवा पति-पत्नी मध्य कुनै एकमा मात्र सिमित हुनुपर्छ भन्ने कुराको जानकारी प्राप्त गर्नका लागि यो अध्ययन गरिएको हो । जहा उत्तरदाता महिलाको धारणा लाई यसप्रकार उल्लेख गरिन्छ ।

### ५.४.१ शैक्षिक अवस्था अनुसार विवरण

परिवार सञ्चालनमा सम्पत्तिको पहुच पति-पत्नी मध्य कसमा रहनुपर्छ भन्ने कुरालाई शैक्षिक अवस्थाले के कतिको फरक पार्छ। अथवा शैक्षिक अवस्था अनुसार कस्तो धारण आउछ भन्ने कुराको जानकारी प्राप्त गर्नका निम्ति यो अध्ययन गरिएको थियो । प्राप्त उत्तरदाताको धारणा तलको तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ ।

**तालिका नंबर ५.६ शैक्षिक अवस्था अनुसार विवरण**

| शैक्षिक अवस्था | पतिमा मात्र | | पत्नीमा मात्र | | दुवैमा | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| निरक्षर | | | | | ७ | १०० | ७ | १०० |
| सामान्य लेखपढ | १ | १६.६६ | | | ५ | ८३.३३ | ६ | १०० |
| एसएलसी | | | | | ६ | १०० | ६ | १०० |
| उच्च शिक्षा | | | | | ६ | १०० | ६ | १०० |
| जम्मा | १ | ४ | | | २४ | ९६ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

अध्ययन द्धारा प्राप्त भएका धारणा अनुसार, एस.एल.सी तथा उच्च शिक्षा हासिल गरेका महिला मध्य १०० प्रतिशत महिलाको धारणा पति-पत्नि दुवैजनामा सम्पत्तिको बराबर पहुच हुनुपर्छ भन्ने रहेको छ। सामान्य लेखपढ गरेका महिला मध्य, १६.६६ प्रतिशत महिलाले पतिमा मात्र सम्पत्तिको पहुच हुनुपर्नेमा धारणा दिएका छन । यसका अलावा १०० प्रतिशत निरक्षर महिलाले पति-पत्नी दुबैजनालाई सम्पत्तिको पहुच हुनुपर्ने कुरामा सहमती जनाएका छन । समग्रमा हेर्दा, सामान्य लेखपढ गरेको तुलनामा उच्च शिक्षा, एसएलसी र निरक्षर महिलामा परिवार सञ्चालन गर्दा परिवारमा पुरुषको मात्र एकलौटी निर्णय तथा सम्पत्तिमा पहुच नभई पति-पत्नी दुवैको स्वामित्व हुनुपर्ने धारणा दिएका छन । नोट गर्नुपर्ने कुरा के रहेको छ भने, अध्ययन स्थलमा पढेलेखेको महिला संगै निरक्षर महिलाले पनि परिवार सञ्चालन

गर्दा पति-पत्नी दुबैजना लाई सम्पत्तिको पहुच बराबर हुनुपर्ने कुरामा आफ्नो सहमति जनाएका छन ।

### ५.४.२ जातजाती अनुसार धारणा

परिवारमा पति-पत्नी मध्य सम्पत्तिको पहुच कसमा हुनुपर्छ भन्ने बारेमा जातजातीगत आधारमा गरिएको अध्ययनमा प्रश्नको उत्तर स्वरूप प्राप्त भएको महिलाको धारणा लाई तलको तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ ।

**तालिका नंबर ५.७ जातजाति अनुसार धारणा**

| जातजाति | पतिमा मात्र | | पत्नीमा मात्र | | दुवैमा | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ब्राह्मण | | | | | ५ | १०० | ५ | १०० |
| क्षत्री | १ | १० | | | ९ | ९० | १० | १०० |
| चौधरी | | | | | ५ | १०० | ५ | १०० |
| दलित | | | | | ५ | १०० | ५ | १०० |
| जम्मा | १ | ४ | | | २४ | ९६ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

सम्पत्तिको पहुच पति-पत्नि मध्ये कसमा हुनुपर्छ भन्ने सम्बन्धमा गरिएको अध्ययनको विवरण अनुसार, सबै जातजातिका महिला पति-पत्नी दुवैजनामा सम्पतिको पहुच हुनुपर्ने कुरामा सहमत रहेका देखिए । तालिका अनुसार ब्राह्मण, चौधरी, दलित अन्तर्गतका १०० प्रतिशत महिला दुवैजनामा सम्पतिको पहुच हुनुपर्छ भन्ने कुरामा सहमत रहेका छन । ९० प्रतिशत क्षेत्री जातीका महिलाले पति-पत्नी दुवैजनामा बराबर पहुच हुनुपर्छ भनेका छन भने १० प्रतिशत महिलाले पतिमा मात्र सम्पत्तिको स्वामित्व रहनु पर्ने भनेर धारणा व्यक्त गरेका छन । यसबाट के प्रष्ट हुन्छ भने परिवार सञ्चालनमा पति र पत्नी बीच सम्पत्तिमा बराबर पहुच हुनुपर्छ भन्ने कुरामा सवै जातजातिका महिलाहरु सहमत रहेका छन ।

### ५.५ समान सम्पत्तिको पहुचले श्रीमान-श्रीमतिको सम्बन्धमा पार्ने प्रभाव सम्बन्धि धारणा

घरपरिवार भित्र श्रीमान र श्रीमतीमा सम्पत्तिको बराबर पहुच भयो भने तिनिहरुको सम्बन्धमा कस्तो प्रभाव पर्छ भन्ने कुराको जानकारी प्राप्त गर्नका लागि उक्त सर्वेक्षण गरिएको थियो । सर्वेक्षण बाट प्राप्त भएका धारणा तालिकामा यसप्रकार उल्लेख गरिन्छ ।

#### ५.५.१ उमेरसमुह अनुसार विवरण

घरपरिवार भित्र पति-पत्नीमा सम्पत्तिको बराबर अधिकार भयो भने तिनिहरुको सम्बन्धमा कस्तो प्रभाव पर्छ भनेर अध्ययन गरिएको छ । बराबर सम्पत्तिको पहुच हुदा राम्रो प्रभाव पर्ला अथवा दुईजना बीच नराम्रो प्रभाव पर्ला भन्ने कुराको जानकारी प्राप्त गर्नका लागि विभिन्न उमेर समुहका महिलाहरुलाइ प्रश्न सोधिएको थियो । जसको उत्तर वाफत प्राप्त भएका जानकारी तथा धारणा लाई तलको तालिकामा यसप्रकार उल्लेख गरिन्छ ।

**तालिका नंबर ५.८ उमेरसमुह अनुसार विवरण**

| उमेर समुह | श्रीमान-श्रीमतिको सम्बन्धमा पर्ने प्रभाव | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | राम्रो प्रभाव पर्छ | प्रतिशत | नराम्रो प्रभाव पर्छ | प्रतिशत | केही फरक पर्दैन | प्रतिशत | | |
| १५-३० | ११ | ९१.६६ | | | १ | ८.३३ | १२ | १०० |
| ३१-४५ | ८ | १०० | | | | | ८ | १०० |
| ४६ | ५ | १०० | | | | | ५ | १०० |
| जम्मा | २४ | ९६ | | | १ | ४ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिकालाई समग्रमा हेर्दा, जम्मा ९६ प्रतिशत महिलाले सम्पत्तिको पहुच पति-पत्नीमा बराबर भयो भने तिनिहरुको सम्बन्धमा राम्रो प्रभाव पर्ने बताएका छन । बाकी ४ प्रतिशत महिलाले सम्बन्धमा नराम्रो प्रभाव पर्ने बताएका छन । ३१ देखि ४५ बर्ष र ४६

बर्ष भन्दा बढी उमेर समुहका १०० प्रतिशत महिलाको धारणा एकसमान रहेको पाइन्छ । जहा दुबै उमेर समुहका १०० प्रतिशत महिलाले सम्बन्धमा राम्रो प्रभाब पर्नेमा आफ्नो धारणा ब्यक्त गरेका छन । यसका साथै १५ देखि ३० बर्ष उमेर समुहका ९१.६६ प्रतिशत महिलाले राम्रो प्रभाब पर्ने बताएका छन । तर यही उमेर समुहका ८.३३ प्रतिशत महिलाले भने समान सम्पत्तिको पहुचले सम्बन्धमा नराम्रो प्रभाब पर्ने, सम्बन्ध सुध्रिने भन्दा पनि झन बिग्रीने बताएका छन ।

### ५.५.२ जातजाती अनुसार विवरण

पति-पत्नीमा सम्पत्तिको समान पहुच हुदा तिनिहरुको सम्बन्धमा कस्तो प्रभाब पर्छ भन्ने प्रश्नमा फरक फरक जातजातीका महिलाको धारणा लिइएको छ । तिनिहरुको धारणा समान खालको छ अथवा फरक रहेको छ तथा जातजाती अनुसार कस्तो खालको धारणा आउछ भन्ने कुराको जानकारी प्राप्त गर्नका निम्ति गरिएको सर्वेक्षणमा प्राप्त भएका मतलाई तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ ।

**तालिका नंबर ५.९ जातजाती अनुसार विवरण**

| जातजाती | राम्रो प्रभाब पर्छ | प्रतिशत | नराम्रो प्रभाब पर्छ | प्रतिशत | केही फरक पर्दैन | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| ब्राह्मण | ५ | १०० | | | | | ५ | १०० |
| क्षेत्री | १० | १०० | | | | | १० | १०० |
| चौधरी | ४ | ८० | | | १ | २० | ५ | १०० |
| दलित | ५ | १०० | | | | | ५ | १०० |
| जम्मा | २४ | ९६ | | | १ | ४ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

ब्राह्मण, क्षत्री र दलित जातजातीका १०० प्रतिशत महिलाको धारणा एकसमान रहेको छ । उनीहरुका अनुसार, समान सम्पत्तिको पहुचले पति-पत्नीको सम्बन्धमा राम्रो प्रभाब पर्छ । ८० प्रतिशत चौधरी महिलाको धारणा अनुसार सम्पत्तिको पहुचले पति-पत्नीको सम्बन्धमा राम्रो प्रभाब पर्छ । तर २० प्रतिशत चौधरी जातिका महिला भने यो कुरामा

असहमत देखिएका छन । उनीहरुका अनुसार समान सम्पत्तिको पहुच पति-पत्नी लाई भयो भने तिनिहरुको सम्बन्ध बिग्रीन्छ, घरमा भै-भगडा हुन्छ । सम्बन्ध सुधिनुको बदला भन बिग्रिन्छ भन्ने रहेको छ । समग्रमा हेर्दा बढीजसो महिला समान सम्पत्तिको पहुचले सम्बन्धमा राम्रो प्रभाब पर्ने कुरामा सहमत देखिएका छन । केही प्रतिशत महिला मात्र यो कुरामा असहमत देखिएको पाइयो ।

## ५.६ उत्तरदाताको सम्पत्तिको किसिम र प्राप्त गरेको स्रोत

महिलाहरूमा सम्पत्तिको पहुच छ अथवा छैन, यदि छ भने कुन कुन प्रकारको सम्पत्तिमा पहुच रहेको छ भन्ने कुरा पत्ता लगाउनका लागि उक्त सर्वेक्षण गरिएको छ। प्राप्त नतीजा र विवरण लाई तलको तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ।

**तालिका नंबर ५.१० सम्पत्तिको किसिम र प्राप्त गरेको स्रोत**

| सम्पत्तिको किसिम | प्राप्त गरेको स्रोत | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | पिताबाट | | पतिबाट | | आफ्नै कमाइ बाट | | संख्या | प्रतिशत |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| घर | | | १ | ३३.३३ | १ | ३३.३ | २ | १०० |
| नगद | | | | | | | | |
| पशु | ३ | ३७.५ | ५ | ६२.५ | | | ८ | १०० |
| जमीन | | | १ | १०० | | | १ | १०० |
| जम्मा | ३ | २७.२७ | ७ | ६३.६३ | १ | ९.०९ | ११ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०८०

तालिका अनुसार, जम्मा २५ जना महिला उत्तरदाता मध्य केवल ११ जना महिलामा सम्पत्तिको पहुच रहेको पाइयो। १४ जना महिलामा कुनै प्रकारको सम्पत्तिको अधिकार नरहेको देखिन्छ । तालिका अनुसार २ जनामा घर, ८ जनामा पशुधन र १ जना महिलामा जमीन रहेको पाइएको छ । आफ्नो पिताबाट सम्पत्ति प्राप्त गर्ने जम्मा ३ जना महिलामध्य, ३७.५ प्रतिशत महिलाले पशुधन प्राप्त गरेका छन। घर र जमीनमा स्वामित्व पाउने महिला अन्तर्गत ३३.३३ प्रतिशत महिलाले पतिबाट घर पाएकी छिन भने जमीनमा पति द्वारा स्वामित्व पाउनेमा

१०० प्रतिशत महिला रहेका छन । यहाको महिलाले नगद भने पिता र पति दुइटै बाट नपाएको देखिन्छ । त्यसैगरि ९.०९ प्रतिशत महिलाले आफ्नै कमाई द्वारा घर प्राप्त गरेको अध्ययनले दर्शाउछ ।

# अध्याय : छ

## सामाजिक प्रभाव

महिलाले सम्पत्तिमा अधिकार नपाउनु वर्षोबाट चल्दै आएको प्रथा जस्तै भएको छ। तर पछिल्लो समयलाई हेर्दा महिला प्रति समाज र समाजको सोच बदलिएको छ। समय संगै महिलाले पनि सम्पत्तिमा अधिकार पाएको कुरा सुन्दै आएका छौ । हाम्रो नेपाली समाजमा महिला लाई सम्पत्तिमा पहुच प्रदान गर्न अनेक प्रयास भएको हामीले सुन्दै आएका छौ । महिलाको सम्पत्तिमा पुरुष सरह बराबर अधिकार छ अथवा पहुच हुनुपर्छ भन्ने कुरा सुनिरहदा सुनेको कुरा लागु हुनसक्यो अथवा सकेन भन्ने कुराको आधारमा रहेर उक्त शोधपत्र लाई अगाडि बढाइएको छ । महिलालाई सम्पत्तिमा बराबर पहुचको अवस्था सृजना भयो भने समाजमा कस्तो प्रभाव पर्छ भन्ने कुरा जान्नका लागि उक्त सर्वेक्षण गरिएको हो । खासगरी पैतृक सम्पत्तिमा महिला पुरुषलाई समान पहुच भयो भने यसले पारिवारिक सम्बन्ध, सामाजिक संरचना, नातेदार जस्ता यावत पक्षमा कस्तो प्रभाव पार्छ भनेर गरिएको अध्ययनबाट संकलित तथ्यांकलाई तलका तालिका द्वारा विस्तृतमा विश्लेषण गरिएको छ ।

### ६.१ समान सम्पत्तिको पहुचले महीला सशक्तिकरणमा पार्ने प्रभाव

महिलाको सम्पत्तिमा समान अधिकार हुदा महिला सशक्तिकरणमा कस्तो प्रभाव पर्छ भन्ने कुराको जानकारी प्राप्त गर्ने हेतुले महिलाहरुको धारणा लाई यहा लिइएको छ। समाजका महिला लाई सम्पत्तिमा पुरुष सरह समान पहुच प्राप्त भयो भने महिला शसक्त भएर बाच्न सक्षम हुन्छन अथवा हुदैनन भन्ने कुराको जानकारी प्राप्त गर्नका लागि सोधिएको प्रश्नको उत्तर स्वरूप प्राप्त विवरण लाई तलको तालिकामा यस प्रकार प्रस्तुत गरिन्छ।

### ६.१.१ जातजाति अनुसार महिला सशक्तिकरणमा पार्ने प्रभाव

महिला सशक्तिकरणमा फरक फरक जातजातिका महिलाको धारणा के-कस्तो रहेको छ र जातजाती अनुसार कस्तो धारणा प्राप्त हुन्छ भन्ने कुराको जानकारी प्राप्त गर्नका लागि सोधिएको प्रश्नको उत्तर द्वारा प्राप्त भएका नतिजा लाइ तलको तालिका द्वारा प्रस्तुत गरिएको छ ।

**तालिका नंबर ६.१ जातजाति अनुसार महिला सशक्तिकरणमा पार्ने प्रभाव**

| जातजाति | सहयोग पुर्याउछ | | सहयोग पुर्याउदैन | | थाहा छैन | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ब्राह्मण | ४ | ८० | | | १ | २० | ५ | १०० |
| क्षेत्री | ९ | ९० | १ | १० | | | १० | १०० |
| चौधरी | ३ | ६० | १ | २० | १ | २० | ५ | १०० |
| दलित | ५ | १०० | | | | | १ | १०० |
| जम्मा | २१ | ८४ | २ | ८ | २ | ८ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिकालाई हेर्दा, दलित समुदायका १०० प्रतिशत महिला समान सम्पत्तिको पहुचले सशक्तिकरणमा महिलालाइ सहयोग पुर्याउने कुरामा विश्वस्त रहेको पाइयो । यसका साथै ९० प्रतिशत क्षेत्री महिला पनि यो कुरामा सहमत रहेका छन भने क्षेत्री अन्तर्गत नै १० प्रतिशत महिला यो कुरामा असहमत रहेका छन । त्यसैगरी ८० प्रतिशत ब्राह्मण महिलाले सहयोग पुर्याउने कुरामा सहमती जनाएका छन । २० प्रतिशत महिलाले थाहा छैन भन्ने कुरामा आफ्नो मत व्यक्त गरेका छन । त्यसैगरी २० प्रतिशत चौधरी महिलाको धारणा अनुसार समान सम्पत्तिको पहुच भएमा महिला ससक्तीकरणमा सहयोग पुग्छ । २० प्रतिशत चौधरी महिला भने सहयोग पुर्याउदैन भन्ने कुरामा सहमत देखिए । तालिका अनुसार समान सम्पत्तिको पहुचले महिला सशक्तिकरणमा सहयोग पुग्ने कुरामा सबैभन्दा बढी दलित समुदायका महिला सहमत रहेको पाइयो भने सबैभन्दा कम चौधरी समुदायका महिला सहमत देखीए ।

### ६.१.२ शैक्षिक अवस्था अनुसार महिला सशक्तिकरणमा पार्ने प्रभाव

समाजका महिलालाई सम्पत्तिमा समान पहुच प्रदान गरिदा महिला सशक्तिकरणमा सहयोग पुर्याउछ अथवा पुर्याउदैन भनेर गरिएको अध्ययनमा फरक फरक शैक्षिक स्तर हासिल गरेका महिलाको धारणा लिइएको छ । जसलाई तलको तालिकामा यसप्रकार देखाइन्छ ।

**तालिका नंबर ६.२ शैक्षिक अवस्था अनुसार विवरण**

| शैक्षिक अवस्था | सहयोग पुर्याउछ | | सहयोग पुर्याउदैन | | थाहा छैन | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| अशिक्षित | ५ | ७१.४२ | १ | १४.२८ | १ | १४.२८ | ७ | १०० |
| सामान्य लेखपढ | ५ | ८३.३३ | १ | १६.६६ | | | ६ | १०० |
| एसएलसी | ६ | १०० | | | | | ६ | १०० |
| उच्च शिक्षा | ६ | १०० | | | | | ६ | १०० |
| जम्मा | २१ | ८४ | २ | ८ | २ | ८ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

एस.एल.सी र उच्च शिक्षा प्राप्त गरेका १०० प्रतिशत महिलाले सहयोग पुर्याउछ भन्ने कुरामा आफ्नो मत व्यक्त गरेका छन । सामान्य लेखपढ गरेका ८३.३३ प्रतिशत महिलाले सहयोग पुर्याउने कुरामा धारणा व्यक्त गरेका छन । त्यसैगरी अशिक्षित वर्ग अन्तर्गत ७१.४२ प्रतिशत महिलाले समान सम्पत्तिको पहुच हुदा महिला सशक्तिकरणमा सहयोग पुग्ने कुरामा मत व्यक्त गरेका छन । समान सम्पत्तिको पहुचले महिला सशक्तिकरणमा सहयोग पुर्याउदैन भन्नेमा १६.६६ प्रतिशत सामान्य लेखपढ गरेका महिला र १४.२८ प्रतिशत अशिक्षित वर्गका महिला रहेका छन ।

## ६.२ समान सम्पत्तिको पहुचले पारिवारिक सम्बन्धमा पार्ने प्रभाव

समाजमा विभिन्न नियमकानुनहरु निर्माण भएका हुन्छन । जसले मान्छेका हक अधिकार लाई सुनिश्चित गर्छ। तसर्थ सम्पुर्ण समाजका महिलाले सम्पत्तिमा पहुच पाए पाएनन भन्ने कुरा हेर्नका लागि परिवारगत सर्वेक्षण गर्नुपर्ने हुन्छ । यस अध्ययनको उदेश्य भनेको परिवारमा महिलालाई सम्पत्तिमा पुरुष सरह बराबर पहुच भयो अथवा भएन भनेर हेर्नु रहेको छ । साथै भयो भने त्यसले परिवारमा कस्तो खालको प्रभाव पार्छ भन्ने कुरा पत्ता लगाउनु

यसको उदेश्य रहेको छ। उत्तरदाता महिला लाई सोधिएको प्रश्नबाट प्राप्त भएको तथ्याङ्कलाई उत्तरदाताको शैक्षिक अवस्थाको आधारमा तालिकामा यसप्रकार प्रस्तुत गरिएको छ।

### ६.२.१ जातजाति अनुसार विवरण

समान सम्पत्तिको अधिकार हुदा परिवारमा के कस्तो प्रभाव पर्छ भन्ने कुराको जानकारी प्राप्त गर्नका लागि विभिन्न फरक-फरक जातजातिका महिलाको धारणा लाइ लिइएको छ। यस अध्ययनमा फरक फरक जातजातिका महिलाको धारणा समान खालको छ अथवा भिन्न रहेको छ भनेर हेर्न खोजिएको हो। उक्त प्रश्नको जवाफमा प्राप्त भएको नतीजा लाई तलको तालिका द्धारा जातजातिगत आधारमा वर्णन गरिन्छ।

**तालिका नंबर ६.३ जातजाति अनुसार विवरण**

| जातजाति | राम्रो प्रभाव पर्छ | | नराम्रो प्रभाव पार्छ | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ब्राह्मण | ५ | १०० | | | ५ | १०० |
| क्षत्री | ९ | ९० | १ | १० | १० | १०० |
| चौधरी | ५ | १०० | | | ५ | १०० |
| दलित | ४ | ८० | १ | २० | ५ | १०० |
| जम्मा | २३ | ९२ | २ | ८ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

ब्राह्मण र चौधरी जातजातिका १०० प्रतिशत महिला समान सम्पत्तिको पहुचले परिवारमा राम्रो प्रभाब पर्ने कुरामा सहमत देखिएका छन। त्यसैगरी क्षेत्रि र दलित महिलामा क्रमसः ९० र ८० प्रतिशत महिला समान सम्पत्तिको पहुचले परिवारमा राम्रो प्रभाब पार्छ भन्ने कुरामा सहमत रहेका छन। समान सम्पत्तिको पहुचले परिवारमा नराम्रो प्रभाव पार्ने कुरामा १० प्रतिशत क्षेत्रि महिला र २० प्रतिशत दलित महिला सहमत रहेको देख्न सकिन्छ। जस अन्तर्गत उत्तरदाताले समान सम्पत्तिको पहुचले परिवारमा राम्रो प्रभाब नपर्ने बताएका छन। नराम्रो प्रभाब पर्ने कुरामा सहमति जनाउने महिलाको भनाइ अनुसार, महिलाले सम्पत्ति त पाउछिन तर समान खालको व्यवहार पाउदिनन। सम्पत्तिमा पहुच हुदैमा मात्र उनीहरुको अवस्था नसुध्रिने र परिवारमा पनि नराम्रो प्रभाब पर्ने बताएका छन।

### ६.२.२ शैक्षिक अवस्था अनुसार विवरण

महिलालाई सम्पतिमा समान पहुच प्रदान गरिदा घरपरिवारमा कस्तो प्रभाव पर्छ भन्ने सन्दर्भमा विभिन्न शैक्षिक स्तर हासिल गरेका महिलालाई सोधिएको प्रश्नबाट प्राप्त भएको नतीजालाई यहा वर्णन गरिएको छ । उक्त सर्वेक्षण द्वारा प्राप्त भएका विवरणलाई तलको तालिकामा यस प्रकार प्रस्तुत गरी व्याख्या गरिन्छ ।

**तालिका नंबर ६.४ शैक्षिक अवस्था अनुसार विवरण**

| शैक्षिक अवस्था | राम्रो प्रभाव पर्छ | | नराम्रो प्रभाव पार्छ | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| निरक्षर | ७ | १०० | | | ७ | १०० |
| सामान्य लेखपढ | ६ | १०० | | | ६ | १०० |
| एसएलसी | ५ | ८३.३३ | १ | १६.६६ | ६ | १०० |
| उच्च शिक्षा | ५ | ८३.३३ | १ | १६.६६ | ६ | १०० |
| जम्मा | २३ | ९२ | २ | ८ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

सम्पत्तिमा समान पहुच प्रदान हुदा घरपरिवारको सम्बन्धमा कस्तो प्रभाव पर्छ भन्ने बारेमा सोधिएको प्रश्नमा शिक्षित वर्गले राम्रो र नराम्रो प्रभाव पर्ने कुरामा आ-आफ्नो धारणा व्यक्त गरेका छन । अशिक्षित वर्गले भने राम्रो प्रभाव पर्नेमा आफ्नो धारणा दिएका छन । माथिको तालिका हेर्दा निरक्षर र सामान्य लेखपढ गरेका १०० प्रतिशत महिलाका अनुसार, शैक्षिक अवस्थाले घरपरिवारको सम्बन्धमा राम्रो प्रभाव पर्ने धारणा व्यक्त गरेका छन । एस.एल.सी. सम्मको शैक्षिक स्तर हासिल गरेका ८३.३३ प्रतिशत महिलाले राम्रो प्रभाव पर्छ भनी आफ्नो धारणा व्यक्त गरेका छन । १६.६६ प्रतिशत महिलाले भने नराम्रो प्रभाव पर्ने कुरामा आफ्नो धारणा व्यक्त गरेका छन । उच्च शिक्षा हासिल गरेका पनि ८३.३३ प्रतिशत महिला राम्रो प्रभाव पर्छ भन्ने कुरामा सहमत भएका छन । भने १६.६६ प्रतिशतले नराम्रो प्रभाव पार्ने बताएका छन । समग्रमा हेर्दा अशिक्षित तथा सामान्य लेखपढ गरेका महिलाको धारणा अनुसार, घर परिवारमा सम्पत्ति महिलाको नाममा हुदा मान सम्मान बढने, आफुलाइ मन लागेको कार्य गर्न पाउने, स्वतन्त्र हुने तथा सकारात्मक प्रभाव पर्छ भन्ने कुरामा सहमत रहेका छन । शिक्षित वर्गका महिला सम्पत्तिमा पहुच हुदा परिवारमा राम्रो प्रभाव पर्ने कुरामा

सहमत रहेका छन । तर केही प्रतिशत महिलाका अनुसार सम्पत्तिमा अधिकार हुदा घरपरिवारमा श्रीमान दाजुभाइले राम्रो नमान्ने हुदा नराम्रो प्रभाव पर्ने भनेर मत व्यक्त गरेका छन ।

## ६.३ पैतृक सम्पत्तिको समान पहुचले दाजुभाइ-दिदीबहिनीको सम्बन्धमा पार्ने प्रभाव

दाजुभाइ र दिदीबहिनी एउटै पिताको सन्तान भएता पनि छोरालाई जन्मजात रुपमा पिताको सम्पत्ति प्राप्त हुने र छोरीलाई कुनै प्रकारको सम्पत्तिमा अधिकार नहुने नियम समाजमा रहेको छ । जसकारण छोरा मान्छेलाई पिताको सबै सम्पत्ति आफ्नै हो भन्ने लाग्छ । कतिपय अवस्थामा छोरीलाई माता-पिताले आफ्नो सम्पत्ति दिन खोज्दा आमा-बुवाको छोरा संग सम्बन्ध खराब हुने जस्ता कुरापनि यो अध्ययनमा पाइयो । यि कुरालाई मध्यनजर गर्दे पिताको सम्पत्तिमा छोरीलाई समान पहुच हुदा दाजु-भाई र दीदी-बहिनीको सम्बन्धमा कस्तो प्रभाब पर्छ भन्ने कुराको जानकारी प्राप्त गर्नका लागि प्रश्न सोधिएको थियो । उक्त प्रश्नको उत्तर स्वरूप प्राप्त भएका जानकारी लाई तलको तालिका द्वारा सबिस्तारमा प्रस्तुत गरिएको छ ।

### ६.३.१ उमेर समुह अनुसार धारणा

पिताको सम्पत्तिमा छोरीको पहुच हुने कुरामा उमेर समुह अनुसार कस्तो खालको धारणा प्राप्त हुन्छ भन्ने कुराको जानकारी प्राप्त गर्नका लागि गरिएको यस अध्ययनमा प्राप्त भएका तथ्याङ्क लाई तालिका द्वारा ब्याख्या गरिएको छ ।

**तालिका नंबर ६.५ उमेर समुह अनुसार धारणा**

| उमेर समुह | राम्रो | | नराम्रो | | केही फरक पर्दैन | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १५-३० | ५ | ४१.६६ | ४ | ३३.३३ | ३ | २५ | १२ | १०० |
| ३१-४५ | २ | २५ | ६ | ७५ | | | ८ | १०० |
| ४६ | | | ५ | १०० | | | ५ | १०० |
| जम्मा | ७ | २८ | १५ | ६० | ३ | १२ | २५ | १०० |

स्रोत: स्थलगत सर्वेक्षण, २०८०

उमेर समुहको विवरणलाई सरसर्ती हेर्दा, सबैभन्दा बढी मत ४६ बर्ष भन्दा माथि उमेर समुहको आएको छ । जहा १०० प्रतिशत महिलाले सम्बन्ध नराम्रो हुन्छ भनी धारणा व्यक्त गरेका छन । ३१-४५ वर्ष उमेरका २५ प्रतिशत महिलाले सम्बन्ध खराब हुन्छ भनेका छन भने ७५ प्रतिशत महिलाले सम्बन्ध राम्रो हुने बताएका छन । १५-३० वर्ष उमेर समुहका महिलाको कुरा गर्दा, ४१.६६ प्रतिशत महिलाले सम्बन्धमा राम्रो प्रभाव पर्ने धारणा व्यक्त गरेका छन । भने ३३.३३ प्रतिशतले नराम्रो र २५ प्रतिशतले केही फरक नपर्ने कुरामा मत व्यक्त गरेका छन । समग्रमा हेर्दा पिताको सम्पत्तिमा दाजु-भाई र दीदी-बहिनी लाई समान अधिकार प्रदान गर्दा दाजुभाइ र दिदीबहिनीको सम्बन्ध बिर्गिने नराम्रो हुने भन्नेमा सबै उमेर समुहका महिलाको बढी मत रहेको पाइयो ।

### ६.३.२ शैक्षिक अवस्था अनुसार धारणा

शिक्षाले मानवको चेतना लाई फराकिलो पारेर समाजका पुराना मान्यता लाई बदलेर नया मान्यता स्थापित गर्छ भन्ने कुरा हामीले सुन्दै आएका छौ । छोरीलाई सम्पत्तिको पहुच बाट टाढा राखिनु र पहुच हुनुमा शिक्षाले के कस्तो भुमिका निर्वाह गर्छ भन्ने कुरा हेर्न खोजिएको छ । साथै दाजु-भाई र दिदी-बहिनीको सम्बन्धमा समान सम्पत्तिको पहुचले कस्तो प्रभाव पार्छ भन्ने कुरालाई शैक्षिक अवस्थाका आधारमा तालिका द्वारा दर्शाइन्छ ।

**तालिका नंबर ६.६ शैक्षिक अवस्था अनुसार विवरण**

| शैक्षिक अवस्था | राम्रो हुन्छ | | नराम्रो हुन्छ | | केही फरक पर्दैन | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| अशिक्षित | १ | १४.२८ | ६ | ८५.७१ | | | ७ | १०० |
| सामान्य लेखपढ | १ | १६.६६ | ५ | ८३.३३ | | | ६ | १०० |
| एसएलसी | १ | १६.६६ | ४ | ६६.६६ | १ | १६.६ | ६ | १०० |
| उच्च शिक्षा | ४ | ६६.६६ | १ | १६.६६ | १ | १६.६६ | ६ | १०० |
| जम्मा | ७ | २८ | १६ | ६४ | २ | ८ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

सम्पत्तिमा समान अधिकार हुदा दाजु-भाई र दिदी-बहिनीको सम्बन्ध राम्रो हुन्छ भन्नेमा सबैभन्दा बढी मत उच्च शिक्षा हासिल गरेको समुहले दिएका छन । सम्बन्ध राम्रो हुदैन भन्नेमा ८५.७१ प्रतिशत अशिक्षित महिलाले आफ्नो धारणा व्यक्त गरेका छन । सामान्य लेखपढ गरेका ८३.३३ प्रतिशत र एस.एल.सी सम्म पढेका ६६.६६ प्रतिशत महिलाले समान सम्पत्तिको पहुच हुदा दाजुभाई र दिदी बहिनीको सम्बन्ध नराम्रो हुने बताएका छन । सम्बन्ध खराब हुनुको मुख्य कारण भनेको त्यहाको समाज र सदियौ बाट चल्दै आएको रीतिरिवाज रहेको छ । अध्ययन स्थलका केही प्रतिशत महिलाले मात्र सम्पत्तिमा अधिकार पाएका छन । सम्पत्ति पाएको महिलाको सम्बन्ध दाजु-भाई तथा भाउजु संग नराम्रो हुदै गएको कुरा उत्तरदाताले बताएका छन । यतिमात्र नभएर छोरीलाई सम्पत्तिमा अधिकार दिदा आमाबुवा लाई छोरा बुहारीले सुनाउने र दुःख दिने गरेको पनि पाइयो जसकारण छोरी मान्छेलाई अधिकार दिन बाबुआमा डराउने देखिएको छ ।

## ६.४ समान सम्पत्तिको अधिकारले लैंगिक भेदभावमा पार्ने प्रभाव

लैंगिक भेदभाव हाम्रो समाजको एक मुख्य समस्या हो । समाज तथा समाजका नियम कानुनहरुले महिला र पुरुषलाई छुट्टै भुमिका दिएको हुन्छ । जुन भुमिकाका आधारमा भेदभाव सृजना हुन्छ । समान अधिकारको पहुच भएको खण्डमा महिला र पुरुष बिच लैंगिक भेदभावमा पर्ने प्रभावको बारेमा शैक्षिक तथा उमेरगत आधारमा के कस्तो धारणा आउछ भनेर हेर्न खोजिएको छ ।

### ६.४.१ उमेर समुह अनुसार धारणा

समान सम्पत्तिको पहुचले समाजमा लैंगिक भेदभाव अन्त्य गर्ने तथा नगर्ने कुराको धारणा बुझ्नका लागि विभिन्न उमेर समुहका महिला लाई लिएर भेदभाव अन्त्य हुन्छ अथवा हुदैन भनी प्रश्न सोधिएको थियो । सोधिएको प्रश्नको उत्तर द्धारा प्राप्त भएका नतिजा लाई तलको तालिकामा यसप्रकार व्याख्या गरिएको छ ।

**तालिका नंबर ६.७ उमेर समुह अनुसार धारणा**

| उमेर समुह | अन्त्य हुन्छ | | अन्त्य हुदैन | | थाहा छैन | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १५-३० | ८ | ६६.६६ | ३ | २५ | १ | ८.३३ | १२ | १०० |
| ३१-४५ | ६ | ७५ | | | २ | | २५ | १०० |
| ४६ | ४ | ८० | | | १ | २० | ५ | १०० |
| जम्मा | १८ | ७२ | ३ | १२ | ४ | १६ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

४६ बर्ष भन्दा बढी उमेर समुहका ८० प्रतिशत महिलाले सम्पत्तिमा बराबर पहुच भयो भने लैंगिक भेदभाव अन्त्य हुन्छ भनेर धारणा व्यक्त गरेका छन । १५-३० उमेर समुहका ६६.६६ र ३१-४५ उमेर समुहका ७५ प्रतिशत महिलाले भेदभाव अन्त्य हुने कुरामा मत व्यक्त गरेका छन । यसैगरी १५-३० वर्ष उमेर समुहको महिलामा २५ प्रतिशत महिलाले समान सम्पत्तिको पहुच हुदैमा मात्र भेदभाव अन्त्य नहुने भन्ने कुरामा आफ्नो मत व्यक्त गरेका छन । उत्तरदाता अनुसार, केवल सम्पत्ति बराबर हुदैमा मात्र लैंगिक भेदभाव अन्त्य हुदैन । भेदभाव अन्त्य हुनका लागि समाजका हरेक व्यक्तिले गरिने व्यवहार परिवर्तन हुन जरुरी छ भनेर मत व्यक्त गरेका छन । त्यसैगरी कतिपय महिलाले यो विषयमा थाहा नभएको भनेर पनि आफ्नो धारणा व्यक्त गरेका छन ।

### ६.४.२ शैक्षिक अवस्था अनुसार धारणा

पुरुष सरह महिलाको पनि सम्पत्तिमा बराबर पहुच हुदा लैंगिक भेदभावमा कस्तो प्रभाव पर्छ भनी गरिएको अध्ययनमा विभिन्न शैक्षिक स्तर हासिल गरेका महिलाको धारणा लिइएको छ । जहा प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नंबर ६.८ शैक्षिक अवस्था अनुसार धारणा**

| शैक्षिक अवस्था | भेदभाव अन्त्य हुन्छ | | अन्त्य हुदैन | | थाहा छैन | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| अशिक्षित | ६ | ८५.७१ | | | १ | १४.२८ | ७ | १०० |
| सामान्य लेखपढ | ४ | ६६.६६ | | | २ | ३३.३३ | ६ | १०० |
| एसएलसी | ६ | १०० | | | | | ६ | १०० |
| उच्च शिक्षा | ३ | ५० | २ | ३३.३३ | १ | १६.६६ | ६ | १०० |
| जम्मा | १९ | ७६ | २ | ८ | ४ | १६ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

माथिको तालिकामा शैक्षिक अवस्था अनुसार समान सम्पत्तिको पहुचले लैंगिक भेदभाव अन्त्य हुन्छ वा हुदैन भनेर सोधिएको प्रश्नको उत्तरमा महिलाको धारणा लिइएको छ। जसमा अशिक्षित बर्गका ८५.७१ प्रतिशतले भेदभाव अन्त्य हुन्छ भन्नेमा धारणा व्यक्त गरेका छन। थाहा छैन भन्नेमा अशिक्षित बर्गकै १४.२८ प्रतिशत उत्तरदाता महिला रहेका छन। सामान्य लेखपढ गरेका ६६.६६ प्रतिशतले लैंगिक भेदभाव अन्त्य हुन्छ भनेका छन भने ३३.३३ प्रतिशतले थाहा छैन भन्नेमा धारणा व्यक्त गरेका छन। एस.एल.सी सम्म शिक्षा हासिल गरेका १०० प्रतिशत महिलाले भेदभाव अन्त्य हुन्छ भनेर धारणा व्यक्त गरेका छन। यसका साथै उच्च शिक्षा हासिल गरेका उत्तरदाता महिलाको धारणा अलि फरक खालको देखिएको छ। जहा ५० प्रतिशतले भेदभाव अन्त्य हुन्छ भनेका छन भने ३३.३३ प्रतिशतले भेदभाव अन्त्य हुदैन भनेका छन। सम्पत्तिको पहुच हुदैमा मात्र भेदभाव अन्त्य नहुने कुरामा उच्च शिक्षा हासिल गरेका महिलाहरुको धारणा रहेको थियो। उनका अनुसार समाजका रुढिवादि नियम र पितृसत्ता रहेसम्म लैंगिक भेदभावको अन्त्य हुन मुश्किल रहेको छ। साथै १६.६६ प्रतिशतले थाह छैन भन्नेमा आफ्नो मत दिएका छन। धेरैजसो महिलाहरु समान सम्पत्तिको पहुचले लैंगिक भेदभाव अन्त्य हुने कुरामा सहमत रहेका छन।

## ६.५ छोरा-छोरी लाइ सम्पत्तिको बराबर अधिकार दिन चाहने नचाहने बारे विवरण

हाम्रो समाजमा छोरा र छोरीको भुमिका छुट्टै रहेको हुन्छ । उनीहरुको हक अधिकार पनि फरक फरक रहेको पाइन्छ। यस अध्ययनमा उत्तरदाता महिलाले आफ्नो छोरा र छोरीलाई समान सम्पत्तिको अधिकार दिन चाहन्छन अथवा चाहन्नन भन्ने बारेमा बुझ्न खोजिएको छ । उत्तरदाता महिला द्वारा प्राप्त भएका विवरण लाई तलको तालिकामा यस प्रकार उल्लेख गरिन्छ ।

### ६.५.१ शैक्षिक अवस्था अनुसार विवरण

स्थलमा महिलाको अधिकारको अवस्था बुझिसके पछि, त्यहाको महिलाले आफ्नो सन्तान अर्थात छोरा-छोरी दुइटै लाई सम्पत्तिको बराबर अधिकार दिन चाहन्छन अथवा चाहन्नन भन्ने कुरा पत्ता लगाउनका लागि प्रश्न सोधिएको थियो । उक्त सोधिएको प्रश्नको उत्तर मार्फत प्राप्त भएको विवरणलाई यस तालिका अनुसार प्रष्ट पारिन्छ ।

**तालिका नंबर ६.९ शैक्षिक अवस्था अनुसार विवरण**

| शैक्षिक अवस्था | दिन चाहन्छु | | दिन चाहन्न | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| अशिक्षित | ६ | ८५.७१ | १ | १४.२८ | ७ | १०० |
| सामान्य लेखपढ | ५ | ८३.३३ | १ | १६.६६ | ६ | १०० |
| एस.एल.सी | ६ | १०० | | | ६ | १०० |
| उच्च शिक्षा | ६ | १०० | | | ६ | १०० |
| जम्मा | २३ | ९२ | २ | ८ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

अध्ययनमा सकारात्मक प्रतिक्रिया देखिएको छ । जहा एस.एल.सी र उच्च शिक्षा हासिल गरेका महिला मध्ये १०० प्रतिशत महिलाले सम्पत्ति दिन चाहने भनेर भनेका छन । सामान्य लेखपढ गरेका ८३.३३ प्रतिशत महिलाले छोरा-छोरि दुबैलाई बराबर सम्पत्ति दिन चाहने कुरामा सहमति जनाएका छन । १६.६६ प्रतिशत महिलाले भने दिन चाहन्न भन्नेमा मत व्यक्त गरेका छन । अशिक्षित महिला मध्य ८५.७१ प्रतिशत महिलाले सम्पत्तिमा अधिकार दिन चाहने कुरामा आफ्नो मत दिए भने १४.२८ प्रतिशत महिलाले दिन चाहन्न भन्नेमा मत

व्यक्त गरेको पाइयो । समग्रमा हेर्दा पढेलेखेको महिलाले सम्पत्तिमा छोरा र छोरीलाई सम्पत्तिको बराबर अधिकार दिनेकुरामा पुर्णतया सहमत देखिएका छन । निरक्षर र सामान्य लेखपढ गरेका केही प्रतिशत महिला असहमत देखिका छन । यहाका महिला छोरा-छोरी लाई सम्पत्तिमा बराबर अधिकार दिने कुरामा सहमत नै देखिएका छन । यस आधारमा हामी बुझ्न सक्छौ की शैक्षिक स्तरले महिलाको सम्पत्ति पाउने नपाउने कुरा निर्धारण तथा धारणामा प्रभाब पार्छ ।

### ६.६ महिलाका लागि सबैभन्दा महत्वपुर्ण कुरा

अध्ययनका लागि प्रश्न बनाउदै गर्दा महिलाका लागि सबैभन्दा महत्वपुर्ण कुरा के रहेको छ भन्ने कुरा जान्नका लागि शिक्षा सम्पत्ति दुवै तथा शिक्षा र सम्पत्ति मध्य कुनै एक महत्वपुर्ण छ भनी विकल्प छनौट गर्न दिइएको थियो । यसको मुख्य उदेश्य भनेको महिलाका लागि सबैभन्दा महत्वपुर्ण कुरा के रहेछ भन्ने कुराको जानकारी प्राप्त गर्नु रहेको छ । महिलाहरुले छनौट गरेको उत्तरको आधारमा प्राप्त भएको जानकारी लाई तलको तालिका द्वारा यसप्रकार व्याख्या गरिन्छ ।

**तालिका नंबर ६.१० महिलाका लागि सबैभन्दा महत्वपुर्ण कुरा**

| महत्वपुर्ण कुरा | संख्या | प्रतिशत |
|---|---|---|
| शिक्षा | ८ | ३२ |
| सम्पत्ति | १ | ४ |
| दुवै | १६ | ६४ |
| जम्मा | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका हेर्दा, शिक्षा र सम्पत्ति दुबै चाहिन्छ भन्नेमा सबैभन्दा बढी मत प्राप्त भएको छ । जहा ६४ प्रतिशत महिलाले शिक्षा र सम्पत्ति दुबै चाहिन्छ भन्नेमा आफ्नो मत व्यक्त गरेका छन । त्यसैगरि शिक्षा महत्वपुर्ण भन्नेमा ३२ प्रतिशत र सम्पत्ति महत्वपुर्ण भन्नेमा ४ प्रतिशत महिला रहेका छन । अध्ययन स्थलका महिला पहिले देखि नै सम्पत्ति र अधिकार बाट वञ्चित हुदै आएका छन । जसकारण नया पिढीका महिलामा समानताको हक चाहिन्छ भन्ने कुराको आक्रोस प्रष्ट देख्न सकिन्थ्यो । अधिकांश महिलाले सम्पत्ति र शिक्षा दुइटै चाहिन्छ भनी आफ्नो धारणा प्रष्ट रूपमा दर्शाएका छन । अबको समयमा महिला र पुरुष लाई

समानताको नजरले हेरिनु पर्ने तथा सम्पत्तिको पहुच बराबर रुपमा हुनुपर्छ भन्ने कुरामा अध्ययन स्थलका महिला एकमत देखिएका छन ।

## ६.७ सम्पत्तिमा पहुच नहुनुको प्रमुख बाधक तत्व

हाम्रो समाजमा महिलाले सम्पत्तिमा अधिकारको पहुच नपाउनुमा धेरै कारणहरू रहेका हुन्छन । तसर्थ यस अध्ययन स्थलमा के कारणले गर्दा सम्पत्तिमा महिलाको पहुच छैन । सम्पत्तिमा पहुच नहुनुमा प्रमुख रुपमा बाधक तत्व के रहेको छ, भन्ने कुरा जान्नका लागि गरिएको अध्ययनमा प्राप्त भएका जानकारी तथा विवरणलाई तलको तालिकामा प्रस्तुत गरिन्छ ।

**तालिका नंबर ६.११ सम्पत्तिमा पहुच नहुनुको बाधक तत्व**

| उमेर समुह | बाधक तत्व | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | हेपाई | | अशिक्षा | | समाज | | पितृसत्ता | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १५-३० | १ | ८.३३ | ७ | ५८.३३ | २ | १६.६६ | २ | १६.६६ | १२ | १०० |
| ३१-४५ | १ | १२.५ | ४ | ५० | ३ | ३७.५ | | | ८ | १०० |
| ४६ + | १ | २० | २ | ४० | १ | २० | १ | २० | ५ | १०० |
| जम्मा | ३ | १२ | १३ | ५२ | ६ | २४ | ३ | १२ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

तालिका अनुशार, अशिक्षा र समाजले गर्दा महिलाले सम्पत्तिको पहुच नपाएको भन्ने कुरामा सवैभन्दा बढी मत प्राप्त भएका छन । सम्पत्तिमा पहुच नहुनुमा बाधक तत्व अशिक्षा हो भन्नेमा १५-३० वर्ष उमेर समुहका ५८.३३ प्रतिशत महिलाको मत रहेको छ । १६.६६ प्रतिशत महिलाका अनुसार समाज र पितृसत्ताले गर्दा महिलाले अधिकार बाट वञ्चित हुनुपरेको छ । ३१-४५ उमेरका ५० प्रतिशत महिलाले अशिक्ष लाई बाधक तत्व मानेका छन र समाज

लाइ कारण मान्नेमा ३७.५ प्रतिशत रहेका छन । ४६ वर्षभन्दा माथिका महिलाले समाज लाई मुख्य कारक तत्व मानेका छन । यही उमेर समुहका ४० प्रतिशत महिलाले अशिक्षा लाई बाधक तत्वका रुपमा लिएका छन ।

### ६.८ जमीन किन्ने र बेच्ने अधिकार

घरमा जमीन किन्ने र बेच्ने अधिकार जसको हाथमा हुन्छ त्यो व्यक्ति घरको शक्तिशाली सदस्यको रूपमा चिनिन्छ । तसर्थ जमीन किन्ने र बेच्ने कुरा प्रत्यक्ष रूपमा शक्ति संग जोडिएको छ । यस अध्ययन स्थलमा यो अधिकार कसको हाथमा रहेको छ भनी हेर्न खोजिएको हो । जहा उत्तरदाता महिला द्वारा प्राप्त विवरण लाई यसप्रकार तालिका द्वारा दर्शाइन्छ ।

### ६.८.१ जातजाती अनुसार विवरण

जमीन किन्ने र बेच्ने कुरामा जातजातिगत आधारमा केही भिन्नता रहेको छ अथवा छैन भन्ने कुरा हेर्नका लागि जातिगत अध्ययन गरिएको छ । अध्ययन क्षेत्रमा रहेका जातजाति मध्ये कुन जातिमा बढी अधिकार रहेको छ भन्ने कुरा यहा हेर्न खोजिएको हो । जहा उत्तरदाता महिला द्वारा प्राप्त नतीजा लाई तलको तालिकामा यसप्रकार प्रस्तुत गरिन्छ ।

**तालिका नंबर ६.१२ जमीन किन्ने र बेच्ने अधिकार**

| जातजाति | जमीन किन्ने र बेच्ने अधिकार | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | महिला | प्रतिशत | पुरुष | प्रतिशत | | |
| ब्राह्मण | | | ५ | १०० | ५ | १०० |
| क्षत्रि | ३ | ३० | ७ | ७० | १० | १०० |
| चौधरी | | | ५ | १०० | ५ | १०० |
| दलित | | | ५ | १०० | ५ | १०० |
| जम्मा | ३ | १२ | २२ | ८८ | २५ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०८०

मथिको तालिका अनुसार, केवल ३० प्रतिशत क्षत्रि जातिका महिलालाइ घरपरिवारमा जमीन किन्ने र बेच्ने अधिकार रहेको पाइयो । अन्य जातिहरुमा जमीन किन्ने र बेच्ने कुराको

निर्णय तथा अधिकार पुर्णतया पुरुषमा रहेको छ । क्षत्रि जातजातिको महिलामा शिक्षाको पहुच र महिलाहरु बिभिन्न संघसंस्थामा आबद्ध भएका कारण परिवारको निर्णयमा सहभागी हुने गरेको पाइएको छ। तसर्थ जातिगत आधारमा हेर्दा, अन्य जातजातिको तुलनामा क्षत्रि महिलामा केही प्रतिशत भएनी जमीन किन्ने र बेच्ने अधिकार रहेको छ । यो कुरा अध्ययन क्षत्रका महिलाका लागि सकारात्मक रहेको छ ।

# अध्याय सात : सारांश, निष्कर्ष

## ७.१ सारांश

प्रस्तुत अध्ययन बेलौरी नगरपालिका वडा नम्वर १० मा बसोबास गर्ने ब्राह्मण, क्षेत्री, चौधरी तथा दलित जातिका महिलाका विषयमा अध्ययन गरिएको हो । अध्ययनमा खासगरी बेलौरी नगरपालिका वडा नं. १० का महिलामा सम्पत्तिको पहुचको अवस्था हेनु तथा महिलाहरुका समस्या लाई उजागर गर्ने लक्ष्य लिएको थियो । सोही अध्ययन पुर्ण गर्ने क्रममा बेलौरी नगरपालिका मा बस्ने ब्राह्मण, क्षेत्रि, चौधरी र दलित महिला मध्ये अध्ययनका लागी १५ देखी ६० वर्षका २५ जना महिलालाई नमुना छनौट विधि द्धारा उत्तरदाताका रुपमा छनौट गरि उनिहरुको उत्तर तथा सामुहिक छलफल द्धारा प्राप्त जानकारी तथा निष्कर्षका आधारमा यस अध्ययन लाई मुर्त रुप प्रदान गरिएको छ ।

अध्ययनमा सर्वप्रथम महिलाका सामाजिक तथा आर्थिक अवस्था लाई व्याख्या गरिएको छ । जसअर्न्तगत वैवाहिक अवस्था, धर्म, पेशाा, उमेर समुह, जातजाति, शैक्षिक अवस्था, परिवारको निर्णय आदी विषयमा चर्चा गरिएको छ । सामाजिक तथा आर्थिक अवस्थाको व्याख्या गर्ने क्रममा २० जना विवाहित, ४ जना अविवाहित र १ जना विधवा महिलाको उपस्थिति गराइएको थियो । अध्ययन स्थलमा हिन्दु धर्मावलम्बीको बढी बाहुल्यता रहेको हुदा २४ जना हिन्दु धर्म र १ जना क्रिश्चियन धर्म मान्ने व्यक्ति लाई समावेश गरिएको छ । यसका साथै यस अध्ययनमा सम्पुर्ण पेशामा आबद्ध महिलाको संलग्नता लाई मध्यनजर गर्दै १६ जना कृषक, २ जना व्यापारी, ३ जना जागिरे, र ४ जना विधार्थी महिलालाइ समावेश गरिएको थियो । उमेर समुहले जानकारिको प्रभावकारितामा फरक पार्ने भएकाले सबै उमेर समुहका महिलालाई अध्ययनमा उपस्थित गराइएको छ । जसअन्तर्गत १५ देखी ३० बर्षका १२ जना, ३१ देखी ४५ का ८ जना र ४६ भन्दा माथि उमेर समुहका ५ जना महीलाको संलग्नता गराइएको थियो । जातिगत आधारमा हेर्दा ब्राह्मण ५ जना, क्षत्री १० जना, चौधरी ५ जना र दलित ५ जना गरेर २५ जना महीलालाई समावेश गरिएको थियो । शैक्षिक अवस्थाका आधारमा २८ प्रतिशत निरक्षर महिलाको संलग्नता गराइएको छ भने सामान्य लेखपढ, एस.एल.सी र उच्च शिक्षा हासिल गरेका २४-२४ प्रतिशत महिलाहरु लाइ अध्ययनमा समावेश गरिएको छ ।

अध्ययन स्थलमा ६८ प्रतिशत महिलाको तुलनामा केवल १२ प्रतिशत पुरुष कृषिकार्यमा संलग्न रहेका छन । यस्तो हुनुमा त्यहाका पुरुषहरु गैरकृषि कार्य जस्तै रोजगारको सिलसिलामा विदेश तर्फ पलायन हुने कारण रहेको पाइयो । परिवारमा आम्दानी तथा खर्च राख्ने निर्णय गर्नेमा २८ प्रतिशत महिलाको तुलनामा ३२ प्रतिशत घरका पुरुष रहेका छन । जसले यो जनाउछ की उत्तरदाता महिलाको घरमा परिवारको आर्थिक आम्दानी राख्ने निर्णय घरको पुरुषले गर्छन ।

महिलाको सम्पत्तिमा पहुचको अवस्था हेर्न तथा अधिकार सम्बन्धि धारणा के कस्तो रहेको छ भनर बुझ्नका लागी उत्तरदाता लाई विभिन्न प्रश्न सोधिएका थिए जहा पहीलोमा सम्पत्तिको पहुच बढी पाउने महिला को रहेका छन भनेर सोधिएको थियो । जसअन्र्तगत जातिगत आधारमा सम्पत्तिको पहुच पाउनेमा ३० प्रतिशत क्षेत्रि महिला रहेका छन अन्य समुदायका महिलामा भने सम्पत्तिको पहुच नरहेको पाइयो । यसले अध्ययन स्थलका महिलाको सम्पत्तिमा पहुचको अवस्था एकदमै कम रहेको देखाउछ । केवल क्षेत्रि जातजातिका महिलाले मात्र सम्पत्तिको पहुच प्राप्त गर्नुका पछाडी मुख्य कारण वैदेशिक रोजगार रहेको छ । यस जातिका धेरैजसो पुरुषहरु वैदेशिक रोजगारका क्रममा विदेश जाने भएकाले भोलिका दिनमा आर्थिक समस्या पर्दा जग्गा सम्बन्धि कारोवार घरमा बस्ने महिलाले गनुपर्ने भएकाले क्षत्रि महिलामा सम्पत्ति को पहुच उनका पति द्धारा प्रदान गरिएको पाइयो । यसका अलावा केही महिलालाइ उनका श्रिमानले स्वइच्छाले सम्पत्ति प्रदान गरेका छन । यसका अलावा पिताको सम्पत्तिकमा अधिकार पाउनु पर्छ भन्नेमा सबै उमेर समुहका महिलाको बहुमत रहेको छ । सम्पत्तिमा कानुनी अधिकार बारेमा महिलालाई के कति मात्रामा जानकारी रहेको छ भनेर जातिगत तथा वैवाहिक आधारमा गरिएको अध्ययन अनुशार, अध्ययन स्थलका ८४ प्रतिशत महिला लाई थाहा नरहेको पाइयो । यो महिलाका लागी एकदमै कमजोर पक्ष रहेको छ ।

शैक्षिक अवस्था अनुशार, पति-पत्नी दुबैजना लाई सम्पत्तिको पहुच हुनुपर्छ भन्नेमा ९६ प्रतिशत महिला सहमत रहेका छन । ४ प्रतिशतले भने सम्पत्तिको पहुच केवल पतिमा मात्र रहनुपर्छ भन्ने धारणा व्यक्त गरेका छन । श्रीमान-श्रीमति लाई समान सम्पत्तिको पहुच भयोभने तिनिहरुको सम्बन्धमा कस्तो प्रभाब पर्ला भनेर सोधिएको प्रश्नमा उमेरको आधारमा गरिएको अध्ययनमा, समान सम्पत्तिको पहुचले श्रीमान र श्रीमतिको सम्बन्धमा राम्रो प्रभाव पार्छ भन्नेमा ९६ प्रतिशत महिलाले मत ब्यक्त गरेका छन तर ४ प्रतिशतले भने केही फरक

पर्दैन भन्नेमा आफ्नो मत व्यक्त गरेका छन । अध्ययन स्थलका महिला मध्ये ३७.५ प्रतिशत ले बुवाबाट पशुधन प्राप्त गरेका छन । त्यस्तै पतिबाट ६२.५ प्रतिशत महिलाले पशुधन, १ जना महिलाले जमीन र २ जनाले घर प्राप्त गरेका छन । ९.०९ प्रतिशत महिलाले भने आफ्नै कमाई बाट घर प्राप्त गरेका छन ।

सामाजिक प्रभाव अर्न्तगत पैतृक सम्पत्तिमा महिला पुरुषलाई समान पहुच भयो भने यसले पारिवारिक सम्बन्ध, सामाजिक संरचना, नातेदार जस्ता यावत पक्षमा कस्तो प्रभाव पार्छ भनेर विश्लेषण गरिएको थियो । महिलामा समान सम्पत्तिको पहुच हुदा सशक्तिकरणमा सहयोग पुर्याउछ अथवा पुर्याउदैन भन्ने सन्दर्भमा गरिएको जातजातिगत अध्ययनमा, ८४ प्रतिशत महिलाले सहयोग पुर्याउछ, ८ प्रतिशतले सहयोग पुर्याउदैन र ८ प्रतिशतले यो बारेमा थाहा नरहेको बताएका छन । समान सम्पत्तिको पहुचले पारिवारिक सम्बन्धमा राम्रो प्रभाव पार्छ भन्नेमा धेरै महिला सहमत रहेका छन भने ८ प्रतिशत असहमत रहेका छन । उमेरगत आधारमा, समान सम्पत्तिको पहुच हुदा दाजु-भाई र दीदी-बहिनीको सम्बन्धमा राम्रो प्रभाव पर्छ भन्नेमा २८ प्रतिशत सहमत रहेका छन । तर ६० प्रतिशतले सम्बन्ध बिग्रिने भन्नेमा मत व्यक्त गरेका छन ।

यस्तै उमेरगत आधारमा, समान सम्पत्तिको पहुचले लैंगिक भेदभाव अन्त्य हुन्छ भनेर ७२ प्रतिशत महिलाले सहमति जनाएका छन । छोराछोरी लाइ समान अधिकार दिन चाहनु हुन्छु भनेर उत्तरदाता लाई प्रश्न सोधिएका थियो । जहा, शैक्षीक अवस्था अनुसार गरिएको अध्ययनमा ९२ प्रतिशत महिलाले छोराछोरी लाइ समान अधिकार दिन चाहन्छु भन्ने प्रतिक्रिया दिएका छन । यहाका महिला छोरा-छोरी लाई सम्पत्तिमा बराबर अधिकार दिने कुरामा सहमत नै देखिएका छन । यस आधारमा हामी बुझ्न सक्छौ की शैक्षिक स्तरले महिलाको सम्पत्ति पाउने नपाउने कुरा निर्धारण गर्न तथा धारणामा प्रभाव पार्छ । अध्ययन अनुसार, महिलाका लागि शिक्षा र सम्पत्ति दुबैकुरा महत्वपुर्ण रहेको पाइएको छ । जहा ६४ प्रतिशत महिलाले शिक्षा र सम्पत्ति दुबै महत्वपुर्ण छ भनी मत ब्यक्त गरेका छन । अध्ययन स्थलका महिलाको लागि सम्पत्तिमा पहुच नहुनुमा बाधक तत्व अशिक्षा रहेको छ । जहो अशिक्षा ले गर्दा महिलाले सम्पत्तिमा अधिकार नपाएको हो भनेर ४४ प्रतिशत महिलाले धारणा व्यत्त गरेका छन । यसका अलावा समाज र पितृसत्ता लाइ पनि बाधक तत्वका रुपमा लिएका छन । अन्तत जमीन किन्ने

र बेच्ने अधिकार पनि यस अध्ययन स्थलका पुरुषको हाथमा मात्र रहेको अध्ययनले दर्शाउछ । जहा ८८ प्रतिशत पुरुषको हाथमा जमिन किन्ने र बेच्ने अधिकार रहेको पाईन्छ ।

## ७.२ निष्कर्ष

महिलाका सम्पत्ति सम्बन्धि कुराहरु जति उठाए पनि जर्जर अवस्थामा रहेको महिलाको अवस्था झन रहेको पाईन्छ । राज्य द्धारा व्यवस्थित भएका कानुनी व्यवस्थाका बारेमा ज्ञान नहुनु, चेतनाको कमी, स्रोत साधनमा पहुँच नहुनु, कानुनको अनविज्ञता आदी महीलाको सम्पत्तिमा पहुच नहुनुमा कारक तत्व रहेको देखिन्छ । यसका साथै आर्थिक अवस्था कमजोर हुनु, पितृसत्ताले हेपाई प्रवृतिले हेर्नु, समाजका कु-संस्कार महिलामाथि लादिनु, कृषिमा भर पर्नु महिलाको बाध्यता रहेका छन ।

अध्ययन क्षेत्रमा क्षेत्री महिला भन्दा चौधरी र दलित महिलामा सम्पत्तिको स्वामित्व बढी रहेको हुदा चौधरी र दलित महिलाको अवस्था कमजोर देखिन्छ । सार्वजनिक स्थान, भेला, भोज तथा समारोहमा महिलालाई विभेद गरिन्छ जसले गर्दा महिलाहरु पछी पर्न बाध्य छन । समुदायमा महिलाका अधिकारलाई महत्वका साथ हेरिदैन । समाजका मुल्य मान्यता, अन्धविश्वास जस्ता कुराले महिला र सम्पत्तिका मुद्धा लाई धमिलो पारेको छ ।

कानुनले महिला र पुरुषलाई समान अधिकार दिएको छ भन्ने कुराको ज्ञान अध्ययन स्थलका महिलालाई एकदमै कम मात्रामा रहेको पाइयो । ज्ञानको अभाव हुनुमा महिलाको अशिक्षा तथा जनचेतनाको अभाव मुख्य कारण रहेको छ । शिक्षाको अभाब र पितृसत्तात्मक समाज महिलाका लागि सम्पत्तिको पहुचमा मुख्य बाधक तत्व रहेको कुरा अध्ययनले प्रष्ट रूपमा देखाउछ । अध्ययन स्थलमा केही प्रतिशत महिलाले मात्र पिता र पतिको सम्पत्तिमा पहुच प्राप्त गरेकी छिन । पिता र पतिको सम्पत्तिमा पहुच प्राप्त गर्ने महिला मध्य पशुधन मुख्य सम्पत्ति रहेको छ । पशुधनमा बढी स्वामित्व हुने कुराले दर्शाउछ की अध्ययन स्थलमा सम्पत्तिमा पहुचको अवस्था न्युन रहेको छ ।

अध्ययन स्थलका महिला छोरा र छोरीमा सम्पत्तिको पहुच बराबर हुनुपर्छ भन्ने कुरामा सहमत रहेका छन । यसका साथै अध्ययन स्थलका महिला, महिला अधिकारका लागि एकजुट भएर अघि बढन तत्पर रहेका छन किनकी महिला अधिकारले महिलाको शसत्तिकरण बढाउछ

भन्ने बिस्वास रहेको छ । तर पितृसत्ता र शक्तिको अभावले गर्दा महिला पछि परेको पाइन्छ। यस स्थानका महिला सम्पत्तिमा बराबर अधिकार हुनुपर्ने कुरामा सहमत रहेका छन ।

पहिलेको महिलामा शिक्षाको अभाब देखिएता पनि अहिलेको युवा महिलामा भने शिक्षाको अवस्थामा सुधार आएको छ । शिक्षाका साथै छोरीलाई सम्पत्तिमा अधिकार दिनुपर्छ भन्ने धारणाको विकास पनि भएको पाइन्छ। अध्ययन लाइ सरसर्ति हेर्दा, शिद्धान्त र वास्तविक अभ्यासमा ठुलो अन्तर रहेको पाइयो । कानुनले महिला पुरुष लाई समान पैतृक सम्पत्तिको हक दिदापनि अध्ययन स्थलमा केवल ३० प्रतिसत महिलाले मात्र सम्पत्तिमा अधिकार प्राप्त गरेका छन भने केही प्रतिशत महिलाले पिता र पतिबाट पशुधन प्राप्त गरेका छन । जसअर्न्तगत पनि क्षत्रि समुदायको महिलाले मात्र अधिकार प्राप्त गरेका छन । अन्य जातजातिको महिलाले कुनै प्रकारको सम्पत्तिमा पहुच पाउन सकेको छैन । तसर्थ कानुनले दिएको अधिकार केवल शिद्धान्तमा मात्र सीमित रहयो वास्तबमा लागु हुन सकेको छैन ।

## REFERENCES


Agarwal. B. (1994). *Gender and Command over Property: A Critical Gap in Economic Analysis and Policy in South Asia*. https://binaagarwal.com (google)

Alano. M.L. (2015). *gendered Dynamics of Property Relations Within a Large-Scale Sugarcane Investment in Isabel, Philippines.* BRICA Initiative for critical agrarian studies (BICAS) Publication. https://www.microsoft.word.com

Armstrong. E. (2020). *Marxist and socialist feminism. Study of women and gender :* faculty publication, smith college, Northampton, M.A. https://scholarworks.smith.edu/swg-facpubs/15

Bhasin. K. (1993). *What is patriarchy*? New Delhi: Kali for Women. (Review in 2017 by dullbonline). https://dullbonline.wordpress.com

Chaudhary. M. (2012). *The Feminism in India: The Tale and Its Telling.* https://www.researchgate.net

Chhaterji. J. (1990). *Religion and the status of women.* C William Carey Study and Research Centre. Uppal Publishing House 3, Ansari Road, Daryagunj, New Delhi-110002.

Deo. S. (2021). *The Road to Resilience in a Post-COVID World: Stronger Land Rights for Women.* https://GivingCompass.com

Dhakal. S. (2016). *Barriers to women's Land Property Access ownership in Nepal.* (International organization For Migration, 768/12 Thrimbam Sadak Baluwatar) https://www.iom.int

Farha. L. (1998). *Women's Right to Land Property and Housing.* https://www.fmreview.org

Friedrich. Engels. (2075). *Origin of Family, Private Property and The State.* (Translation by: Maske, Rajendra. 2075). Pragari Pushtak Sadan.

नेपालको अन्तरिम संविधान २०६२ ।

Gandhi. M.K. (1942). *Women and Social Injustice.* Navajeevan Publishing House Ahemdabad.

https://censusnepal.cbs.gov.np / Census 2078

Landesa. (2012). *Women's Secure Right to Land: Benefits Barriers and Best Practices.* https://www.landesa.org

Liaw, H. R. (2008). *Women's Land Right in Rural China:* Transforming Existing Laws into a Source of Property Rights. https://digitalcommons.law.uw.edu

Luintel, Y. (2001). *Exclusion, The Politics of Location and Women's Property Rights Debates in Nepal:* A discussion Analysis of Political Activism. https://himalayan.socanth.cam.ac.uk

Malanie. J.J. (2022). *Property Right of women in India.* Published by Rachit garg. https://blog.ipleaders.in

Mcleod. S. (2023). *Radical feminism: Definition, Theory and Examples.* (Guy-evans, Olivia). https://Simplysociology.com

Mishra. K. & Sam G.A. 2015. *Does Women's Land Ownership Promote Their Empowerment? Empirical Evidence from Nepal.* http://dx.doi.org/10.1016/j.worlddev.2015.10.003

*Nearly 2.4 Billion Women Globally Don't Have Same Economic Rights as Men.* press release > March1,2022. https://www.worldbank.org

Pandey, B. (2002). *Women's Property Rights Movement in Nepal.* (Updated version of the published article in worker's news 32, March 2002). https://www.gefont.org

Pandeya. S. (2010). Rising Property ownership among women in Kathmandu. An exploration of cause and consequences. *International Journal of social welfare*. Volume 19. Blackwell Publishing Ltd https://www.researchgate.net

Pradhan, R. & Meinzein D. & Ruth. S. & Thesis. S. (2018). *Property rights, intersectionality and women's empowerment in Nepal*. https://www.ifpri.org

Sapru. R.K. (1989). *Women and Development*. Ashish publishing house 8/81, Punjabi Bagh New Delhi.

Tanwar. R. *Theory Feminism and feminist theory*. https://hrdc.uok.in

Thamilmaran. M. (2011). *Personal Law and Women's Right to Property in ShriLanka.* https://jstor.com

Thapar. R. (2012). *Women Treated Similarly Then and Now*. Published in the indian express. https://www.newindianexpress.com

*Women in Developing Agriculture. Food and Agriculture organizations of The United Nations*. (1985). Sofa Publication House1983.

# प्रश्नावली

## पारिवारिक तथा जानकारीमुलक प्रश्नावली

नाम.... लिंग.... उमेर.... धर्म.... जाति/जनजाति....

गाऊ... वडा.... गा.पा/न.पा.. जिल्ला....

१. तपाईको वैवाहिक अवस्था के हो ?

क) विवाहित ख) अविवाहित ग) अन्य (विधवा)

२. तपाईको परिवारमा कतिजना ब्यक्ति हुनुहुन्छ ?

३. तपाई कुन किसिमको परिवारमा बस्नु हुन्छ ?

क) एकल ख) संयुक्त

४. परिवार भित्र महिला र पुरुषको संख्या कति रहेको छ ?

५. तपाईको घरमा घरमुली को हुनुहुन्छ ?

क) बुवा ख) आमा ग) दाई/भाई घ) भाऊजु

ङ) श्रीमान च) अन्य

६. तपाईको घरमुली संगको नाता के रहेको छ ?

क) छोरी ख) बुहारी ग) श्रीमती घ) आमा ङ) अन्य

७. तपाइले कति सम्मको शिक्षा हासिल गर्नुभएको छ ?

क) सामान्य लेखपढ ख) एस.एल.सि ग) +२ सम्म घ) स्नातक

ङ) स्नाकोत्तर

८. तपाइले शिक्षा हासिल गर्नुभएको छैन भने के कारणले गर्नु भएन ?

९. तपाईको श्रीमान र पिता कति सम्म पढनु भएको छ ?

१०. तपाईको परिवारमा जीविकोपार्जनको श्रोत के हो ?

क) कृषि ख) जागीर ग) व्यापार घ) पशुपालन ङ) अन्य

११. तपाईको प्रमुख पेशा के हो ?

क) कृषि ख) जागीर ग) व्यापार घ) पशुपालन ङ) अन्य

१२. घरपरिवारको जमीन, घर अथवा अन्य कुनै सम्पत्ति तपाईको नाममा छ ? यदि छ भने उक्त सम्पत्ति प्राप्त गरेको श्रोत के हो ?

क) पिताबाट ख) पतिबाट ग) सासु-ससुराबाट घ) आफ्नै कमाईबाट ङ) अन्य

१३. तपाईको घरको जमीन कसको नाममा रहेको छ ?

क) महिलाको नाममा ख) पुरुषको नाममा

१४. तपाईको परिवारमा आर्थिक खर्चको हिसाब तथा आर्थिक कारोबार कसको हाथमा रहने गर्छ ?

१५. तपाईको घरपरिवारको जम्मा जमिन कति रहेको छ ?

१६. बर्षमा कतिपटक खेती गर्नुहुन्छ ? उत्पादन भएको अन्नबालीले बर्षभरी खान पुग्छ ?

१७. यदि पुग्दैन भने अपर्याप्त भएको समयमा अन्नको पुर्ति कसरी गर्नुहुन्छ ?

क) जागीर ख) ऋण ग) व्यवसाय घ) दैनिक मजदुरी

१८. तपाइले गाई-बस्तु पाल्नु भएको छ ? छ भने कति ?

१९. आफुले पालेको गाई-बस्तु आफै बेच्ने गर्नुहुन्छ कि परिवारको सहमति लिनुपर्छ ?

२०. गाई-बस्तु तथा जमीनबाट उत्पादन भएको अन्नबाली बेचेर भएको आम्दानीमा कस्को नियन्त्रण रहने गर्छ ?

क) महिला ख) पुरुष

## महिलाको सम्पत्तिमा पहुच बारे चेकलिस्ट

१. सम्पत्तिमा महिलालाई कानुनले समान अधिकार दिएको छ भन्ने बारेमा सुन्नु भएको छ ?

क) छ ख) छैन

२. के तपाईको नाममा पिता अथवा श्रीमानले कुनै सम्पत्ति दिनुभएको छ ? यदि छ भने कुन प्रकारको सम्पत्ति प्रदान गर्नुभएको छ ?

क) घर ख) जमीन ग) गरगहना घ) पशुधन ङ) अन्य

३. तपाईको समुदायमा जातजाती अनुसार सम्पत्तिमा पहुचको अवस्था फरक-फरक रहेको छ अथवा छैन ?

क) छ ख) छैन

४. यदि जातिगत आधारमा सम्पत्तिको पहुच फरक छ भने कुन समुदाय अथवा जातजातिका महिलाले सबैभन्दा बढ़ी सम्पत्तिमा पहुच पाउनु भएको छ ?

क) ब्राह्मण ख) क्षत्री ग) चौधरी घ) दलित ङ) अन्य

५. तपाईको परिवारमा कृषिकार्यमा महत्वपुर्ण भुमिका कसको रहन्छ ?

क) महिला ख) पुरुष

६. श्रीमान तथा पिताको मृत्यु पश्चात सम्पत्तिको उत्तराधिकारी को रहने प्रचलन रहेको छ ?

क) छोरा ख) छोरी ग) अन्य

७. तपाईको परिवारमा जमीनको स्वामित्व कसको नाममा रहेको छ ?

८. जमीन किन्ने र बेच्ने कुराको निर्णय तपाईको परिवारमा कसको हाथमा रहेको छ ?

क) महिला ख) पुरुष

९. घरपरिवारमा सम्पत्तिको पहुच कुन ब्यक्तिमा हुनुपर्छ जस्तो लाग्छ तपाईलाई र किन ?

क) पतिमा ख) पत्नीमा ग) दुबै जनामा

१०. तपाईको समुदायका महिलाले आफ्नै नाममा रहेको जमीन स्वइच्छाले बेच्न पाउनुहुन्छ की पाउनुहुन्न ?

क) पाउछिन ख) पाउदिनन

११. तपाइले आफ्नो नाममा रहेको जमीन स्वईच्छाले बेच्न पाउनु हुन्छ ?

क) पाउछु ख) पाउदिन

१२. पिता अथवा श्रीमानको सम्पत्तिमा महिलाको अधिकार हुनुपर्छ भन्ने कुरामा तपाई सहमत हुनुहुन्छ ?

क) सहमत छु ख) सहमत छैन

१३. सम्पत्तिको पहुच महिला लाई प्रदान गरिदा यसले महिला शसक्तीकरणमा सहयोग पुर्याउछ जस्तो लाग्छ तपाईलाई ?

क)सहयोग पुर्याउछ ख) सहयोग पुर्याउदैन

१४. पिताले छोरीलाई छोरा सरह समान सम्पत्तिको अधिकार दिएभने दाजु-भाई र दीदी-बहिनी को सम्बन्धमा कस्तो प्रभाव पर्छ ?

क) राम्रो हुन्छ ख) सम्बन्ध बिग्रिन्छ ग) केही फरक पर्दैन

१५. विवाहित तथा अविवाहित महिला र प्रदान गर्दा परिवारको सम्बन्धमा कस्तो प्रभाव पर्छ जस्तो लाग्छ तपाईलाई ?

क) राम्रो ख) नराम्रो ग) केही फरक पर्दैन

१६. महिलालाई सम्पत्तिको पहुच भयोभने लैंगिक भेदभाव अन्त्य हुन्छ ?

क) अन्त्य हुन्छ ख) हुदैन

१७. समान सम्पत्तिको पहुच श्रीमान श्रीमती लाई बराबर प्रदान गरियो भने सम्बन्धमा कस्तो प्रभाव पर्छ ?

क) राम्रो प्रभाव पर्छ ख) नराम्रो प्रभाव पर्छ

१८. घर भित्रका घरायसी कार्य बाहेक अन्य कुनै आर्थिक क्रियाकलापमा संलग्न हुनुहुन्छ तपाई ?

क) संलग्न छु ख) संलग्न छैन

१९. तपाईको नाम मा परिवारले शेयर अथवा कुनै समुहमा पैसा जम्मा गरिदिनु भएको छ ?

क) छ ख) छैन

२०. यदि परिवारले तपाईको नाममा समुहमा पैसा जम्मा गरिदिनु भएको छ भने उक्त जम्मा भएको पैसा कसले प्रयोग गर्छ ?

क) आफै ख) परिवार

२१. कानुनमा महिलाको  हकअधिकार सम्बन्धी अहिले सम्म धेरै नीतिनियमहरु बने साथै विभिन्न संघसंस्थाले महिलाको हकअधिकारको लागि विभिन्न समयमा नारा जुलुस गरेको हामी देख्दै आएका छौं होला । यति सबै प्रयास भईरहदा पनि महिलाले अधिकार नपाउनुको मुख्य कारण के हो जस्तो लाग्छ तपाईंलाई ?

क) समाज  ख) पितृसत्ता  ग) अन्य

२२. सम्पतिमा अधिकार पाउन महिलाको लागि सबैभन्दा ठुलो समस्या अथवा बाधक तत्व के हो जस्तो लाग्छ तपाईंलाई ?

२३. तपाईको विचारमा महिलालाई निम्न मध्ये के प्रदान गरिनु पर्छ ?

क) शिक्षा  ख) सम्पती  दुवै  घ) थाहा छैन

२४ सम्पतिको अधिकार पाएको महिलाहरु अधिकार नपाएको महिला भन्दा समाजमा भिन्न देखिन्छन जस्तो लाग्छ तपाईलाई ? लाग्छ भने कुन कुन कुरामा भिन्न हुन्छिन जस्तो लाग्छ ?

२५. तपाईले कहिल्यै परिवारका सदस्य संग सम्पतिको बराबर हक अधिकार चाहियो भनी पहल गर्नुभएको छ ? गर्नुभएको छैन भने किन पहल गर्नुभएन ?

क) छ  ख) छैन

२६. तपाईले आफ्नो छोरी अथवा आउने भावी सन्तान लाइ सम्पतिको अधिकार बराबर दिन चाहनुहुन्छ कि चाहनुहुन्न ?

क) चाहन्छु  ख) चाहन्न

**समाप्त**